कुलपूजा संस्कृति र परम्परा

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

बद्रीप्रसाद ढकाल

ड्.ग्र. ५४६

कुलपूजा संस्कृति
र
परम्परा

NEPAL SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ
Acc. 32448 / 32448

✍ बद्रीप्रसाद ढकाल

कुलपूजा संस्कृति र परम्परा

लेखकः बद्रीप्रसाद ढकाल (९८५११९६४८६)

प्रकाशक : **ओरिएन्टल प्रकाशन गृह, बागबजार**
काठमाडौं, ०१-४२४२०७२
E-mail: oriental . publi@gmail . com

वितरक : ढकाल बन्धु समाज
चन्द्रागिरी-२, काठमाडौं

संस्करणः पहिलो, २०७८

©: लेखकमा

लेआउटः सुमन कार्की

मूल्यः ३०० । -

मुद्रक : सहारा प्रिन्ट कनेक्सन प्रा.लि.
फोन : ९८५१०७४१३३

ISBN No . : 978-9937-722-56-8

(नोट : यस पुस्तकको बिक्रीबाट प्राप्त रमक ढकाल वंश उत्थान हित कोषमा जम्मा गरिनेछ)

ड.प. ५४६

बद्रीजीको कुलपूजा परम्परा

डा. तुलसी भट्टराई

कुलपूजा संस्कृति र परम्परा नामबाट स्रष्टा बद्रीप्रसाद ढकालद्वारा तयार गरिएको एउटा पुस्तकको तयारी प्रति प्राप्त गरें । करिब एकदर्जन कृतिका स्रष्टा विद्वान् भ्रातामित्र बद्रीलाई ज्यादै अध्ययनशील र परिश्रमी व्यक्तिका रूपमा चिने-बुझेको हुँ । विभिन्न अनुसन्धान, लोकवार्ता, लोकसाहित्य, मिथक तथा दर्शनका अध्येता ढकालजीबाट यसपटक कुलपूजा र परम्पराबारे खोजमूलक कृति तयार भएको छ ।

मानव समाजको मूलाधार भनेकै कुल हो । कुल अर्थात्–पुर्खा । नेपालका प्रायः सबै जातजातिमा कुल मान्ने, कुल पुज्ने परम्परा छ । कुल पूर्खा शब्दबाटै गुरुङ, चेपाङ, तामाङ, नेवार, थारु, मैथिल आदि समुदायले आफ्नो कुल मान्ने गरेको पाइन्छ । लिम्बू समुदायमा मूइदाङ र राईहरू डिवापा नामबाट कुल मान्दै आएका छन् । विशेषगरी हाम्रो पूर्वीय सनातनी परम्परामा कुलको ज्यादै महत्त्व रही आएको छ । कुलअनुसार मानिसको विकास हुने कुराको व्याख्या पाइन्छ जस्तो कुल त्यस्तै मानिसको सभ्यता, कुल र मूलको कुरा । पुर्खाले राम्रो काम गरे मात्र पछिका पुस्ता पनि राम्रो बन्दै जान्छन् । कुलसँग जोडिएको र कुलको विशेषता अनि कुलमा नै क्षय भयो र

कुल नै दोषी भयो भने के कस्तो हुन्छ त्यसको भविष्य भन्ने बारे गीताका केही पंक्ति उद्धृत गरिएको छ । यी पंक्ति कुलको महत्त्वसँग जोडिएका छन् ।

कूलक्षेये प्रणश्यन्ति कुलधर्मा सनातना :
धर्मे नष्टे कुलं कृत्स्नामधर्मोभिभवत्युत
अधर्माभिभवात् कृष्ण प्रदुष्यन्ति कुलस्त्रिय
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्कर : ।
सङ्करो नरकाये कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रिया :

(गीता १/४०-४३)

महाभारत युद्धको पूर्वसन्ध्यामा अर्जुन-कृष्ण संवाद हुँदा युद्धबाट उत्पन्न हुने घटनाको प्रमुख प्रमुख कारक नै कुलको क्षयलाई बताइएको थियो । कुलक्षय भएपछि कुलको सनातन धर्म नष्ट हुन्छ । अधर्मद्वारा सम्पूर्ण वर्ण, धर्म समाप्त भएर पितृहरूसमेत तर्पण पिण्ड पाउँदैनन् । यसकारण सम्पूर्ण समाज र राष्ट्र नै समाप्त हुन्छ भन्ने अभिप्राय छ, यस कथनमा ।

देवताको भन्दापनि कुलपरम्परामा पितृको महत्त्व बढी हुन्छ । देवता रिसाउँदा सम्बन्धित व्यक्तिलाई मात्र हानी हुन्छ तर पितृ रिसाए भने आफूभन्दा माथि तीन पिँढी र तल तीन पिँढीसमेत सात पिँढीलाई हानी हुन्छ । पितृको क्रोधबाट देवतासमेत डराउँछन् भनिन्छ । देउता दिने पितृ हर्ने भन्ने त उखानै छ ।

नेपाली समाजमा कुल पितृको स्मृतिमा र कुलधर्म रक्षामा नै कुलपूजा गर्ने परम्परा रहेको छ । श्राद्धहरू गरिन्छन्-पितृ-पितामहादिका

नाममा । श्राद्धका पनि विभिन्न प्रकारहरू छन् । एकोदिष्ट, पार्वण प्रमुख छन् । यसबाहेक तीर्थ श्राद्ध, दर्श श्राद्ध औंसीमा गरिने गरिने औंसी श्राद्ध, मातृ नवमीमा गरिने श्राद्ध शुभसाइतको पूर्वाङ्गमा गरिने मातामहादिको आव्योदकी नाम नन्दीमुखी श्राद्ध आदि गरी अहिलेको व्यावहारिक जीवनमा मुख्य सात प्रकारका श्राद्ध गरिन्छन् । पितृका नाममा दैनिक नित्यकर्म क्रियाकै रूपमा तर्पण गर्ने विधानसँगै तर्पण दिनेहरू पनि छन् । यस्ता श्राद्धहरू गर्नुको प्रमुख लक्ष्य भनेकै कुलधर्म रक्षा गर्नु हो ।

प्रत्येक जाति समुदायको घरमा कुल देउता, कुलायन स्थान भनेर छुट्टै छोइछिटो नहुने गरी छुट्ट्याइएको हुन्छ । प्रत्येकदिन कुल सम्झिएर दियो बालिन्छ । कुलपूजा एक प्रकारको दिनचर्या वा दैनिक पूजाकै अङ्ग हुने गर्छ प्रत्येक गृहस्थहरूमा ।

समयमा छोराछोरी जन्मिएनन्, जन्मिएर पनि अल्पायुमै वा अकालमै मृत्यु भए बालकको बोली फुटेन असाधारण भए...आदि कुरामा कुल बिग्रिएको, कुल रिसाएको भनेर कुल भाकल गर्ने र त्यसैअनुसार पूजा गर्ने चलन पनि छ ।

स्थानभेद, जाति, वर्णभेदका आधारमा कुलपूजा परम्परामा केही भिन्नता, कुलदेवताका नाम, वर्ण आकार, स्वरूपमा फरक देखिए पनि मूल तत्त्व एउटै हो, सृष्टिको प्रारम्भमा महामाया, जगदम्बा, भुवनेश्वरीसंगै त्रिदेव-ब्रह्मा, विष्णु, शिव र विभिन्न गणसंगै गणेश आदि देवताहरूसमेत कुलसँग जोडिएका हुन्छन् । कालान्तरमा कुल पूर्खाका रूपमा मष्टो नामबाट स्थापित कुल मूर्तिहरू पनि सयौंका संख्यामा छन् । कुलदेवता र मष्टो स्थान, भाषा र प्रचलनका

आधारमा रूपान्तरण हुँदै आएका हुन् । यी कुल पूर्खाहरूका नाम र संख्या समग्रमा एउटै हुन् ।

कुल देवदेवी, कुलायनका आधारमा नाममा नेपाली समाजले प्रकृतिकै पूजा आराधना गर्ने गरेको छ । मूल वा मुख्य पञ्चतत्त्व जल, पृथ्वी, तेज, वायु र आकाशसँगै वृक्ष, वनस्पति, पाषाण, माटो, नदी, तलाउ आदि सबै पूज्य प्रकृतिकै आराध्य मानिन्छन् । त्यसैले सनातन धर्म प्रकृति पुज्ने एक विशिष्ट समूह पनि हो । जसलाई विभिन्न सम्प्रदायले निरन्तर गर्दै आएका छन् । त्यसकारण कुललाई माध्यम बनाएर समग्र सृष्टिकै आराधना गर्नु नेपाली समुदायको विशेषता हो ।

कुल, वंश र खानदान कुलधर्मकै कारण पछिका अनेकौं पिंढीको रक्षा हुन्छ भन्ने विश्वासकै कारण कुलपूजाको महत्त्व प्रस्टिन्छ । कुलको आधार भनेको कुलधर्म नै हो । कुलधर्मद्वारा कुल फैलिन्छ भन्ने जनविश्वास छ । असल कुलधर्म परम्पराले कुलकुटुम्ब विकसित हुन्छ । व्यक्तिको कुलप्रतिको विश्वास र कुलधर्म मान्ने प्रवृत्तिकै कारण कुलवान्, कुलीन र कुलपुरुष जन्मिने गर्छन् । कुलसंस्कार मासिएपछि कुल पनि समूल नष्ट हुन्छ ।

यसै महत्त्व बुझेर हाम्रा भ्रातास्रष्टा मित्र बद्रीप्रसाद ढकालले यो 'कुलपूजा र परम्परा' नामक कृति तयार पारेका हुन् । यस कृतिमा कुलदेवताको परिचयसँगै कुलपूजाको परम्परा, कुलदेवता वा कुल पितृका रूपमा स्थापित मस्टो र यिनीहरूका प्रकार, कुलपूजासम्बन्धी विधिविधान, कुल पुज्नेभित्रको गोठपूजा र कुलपूजा र परम्परासम्बन्धी अन्य प्रमुख तत्त्वहरू बारे व्याख्यासहित जानकारी दिइएको छ, यस कृतिमा ।

आजको एक्काइसौं शताब्दी विज्ञानको चामत्कारिक शताब्दी हो । विज्ञान भौतिकताले गर्दा रनभुल्ल र विशृङ्खलित भएको आजको पुस्तामा कुल, पितृ र कुलपूजाको महत्त्व लुप्तप्रायः हुने स्थिति छ र आधुनिक विकसित तथा विज्ञानवादी मान्निने नवपुस्ताहरू तिमी जहाँ जाउ, जहाँ बस, जस्तो भोग जे गर तिम्रो यो सबै भोग र समुन्नति कुलका अधिल्तिर केही पनि होइन । कुल भनेको जरा हो, जग हो । तिमी त हाँगा पात मात्रै हौ । झ्याल र ढोका मात्र हौ । जुन दिन जरा सुक्दछ, जुन दिन जग हल्लिन्छ त्यसै दिन तिमी समाप्त हुनेछौ । बेलैमा सचेत भएर आफ्नो कुलधर्म र कुलपरम्पराको मर्मबोध गरेर तिमी पनि यथाशक्ति, यथायोग्य देश, काल, परिस्थितिअनुसार कुलपूजाको महत्त्व बुझ र पूज भनेर लेखक बद्रीजीले सचेत गराएका छन् । यस कृतिको सन्देश भनेकै कुलधर्म र कुल पूजनको महत्त्व दर्शाउनु हो । नेपालभित्र र विश्वका जुनसुकै मुलुकमा छरिएर बसेका हाम्रा नेपाली सनातनी हिन्दू बन्धुवान्धवहरूले निश्चय नै आफ्ना कुलका बारे थाहा पाएर कुलको आराधना अथवा स्मरण गरेर कुलको सम्मान गर्नेछन् । त्यसका निम्ति यो कृति सहयोगी बन्नेछ । कुलधर्म र परम्परा नेपाली समाजमा संस्कृतिको एउटा प्रमुख अङ्ग बनेको छ । कुलधर्मको परम्परालाई जगेर्ना गर्नु भनेको एउटा प्रमुख संस्कृतिको रक्षा गर्नु पनि हो ।

स्रष्टा बद्रीप्रसाद ढकालले यस्तो महत्त्वपूर्ण कृतिको रचना गरेर नेपाली समाजलाई राम्रो गुन लगाएका छन् । ढकाल वंशको मात्र

होइन सम्पूर्ण नेपाली कुलकै निम्ति यो कृति उदाहरणीय र उल्लेख्य हुनेछ भन्ने कुरामा विश्वस्त छु ।

बद्री भाइप्रति प्रस्तुत 'कुलपूजा संस्कृति र परम्परा' कृतिका निम्ति विशेष धन्यवाद जयजयकार गर्दछु, आगामी समयमा पनि यसप्रकारका महत्त्वपूर्ण आध्यात्मिक, सामाजिक र परम्पराबोधक र सबैका लागि उपयोगी हुने कृतिहरू रचना गर्ने जोश र जाँगर शक्ति, बुद्धि सबल बनिरहोस् भन्ने सदिच्छाका साथ यी केही शब्द, वाक्य टुङ्ग्याउछु ।

जय कुल, जय कुलदेव ।

कुल/वंशका बारेमा केही कुरा

कुलदेवाय नमः।।

हामीले अनुसरण गर्दै आएको धर्म सनातन हो हाम्रा पूर्वजले यही परम्परालाई निरन्तरता दिई आएको पाइन्छ । वेद वेदाङ्ग तथा अन्य शास्त्रहरूमा हिमालयलाई पौराणिक राजाहरूको विचरण र आश्रयस्थान मानिएको छ । सनातन धर्ममा हिमालयलाई जीवनयापनको सोच र आस्थाको आधार, भगवान् शिवको वासस्थान र ऋषिमुनिहरूको तपोभूमि मानिएको छ । यो पूण्यभूमि सत्‌कर्मको विचरण र क्रीडास्थलको रूपमा मानिएको छ । यस हिमालय पर्वत क्षेत्रका वन जंगलभित्र विभिन्न किसिमका फलफूल, कन्दमूल, प्रचुर मात्रामा पाइन्छन् । सम्भवतः यिनै कुराहरूले गर्दा आदिम कालदेखिनै हिमालयका यी डाँडा पखेराहरू मानव बसोवासका लागि आकर्षणीय क्षेत्र बनेकाले विभिन्न कालखण्डमा विभिन्न जातजाति यस ठाउँमा आएर बस्न थाले र यो क्षेत्र सबै जातजातिको धार्मिक संगमस्थल बन्न पुग्यो ।

नेपाल स्वतन्त्र, सर्वभौम राष्ट्रको रूपमा स्थापित भएर एक्काईसौं शताब्दीमा आइपुग्दा अनेकन जातजाति र समुदायको जनसंख्या

अत्यधिक रूपमा वृद्धि हुँदै गएको छ । सिन्धुभूमि, गंगा, यमुना र सरस्वतीबाट धेरै मानिस पहाडतिर हिमालय पर्वतको फेदीतिर बसाइँ सरे । यस्तो पवित्रस्थलमा विभिन्न धर्मावलम्वीहरू बस्न थाले । सबभन्दा बढी जातजातिहरू अलगअलग भाषा संस्कृतिमा रूमलिएर पनि एकैठाउँमा बसिरहे त्यसैबाट समाजमा विविधिकरणको विकास भयो । उन्नत र दार्शनिक विचारहरू प्रवाहित हुन थाले । अत्याधुनिक शिक्षाको प्रभाव, औद्योगिकीकरण र विश्वव्यापीकरणले गर्दा अनेकतामा एकता आउन थाल्यो । यसका साथसाथै प्रत्येक जातजातिको आआफ्ना मातृभाषा, वेशभूषा, संस्कृति र जातीय पहिचानको खोजीले गर्दा एकतामा अनेकताको पनि विकास हुन पुग्यो । प्रत्येक जातजाति, उपजाति, थर, गोत्रका समुदायको आ-आफ्ना पुर्खाहरू कहाँबाट आए ? कसरी बसाइँ सर्दै आए ? कहाँ आफ्नो स्थायी थातथलो बनाएर आफ्नो समुदायको धर्म, संस्कृति र परम्पराको जगेर्ना गरे ? सबै जातजाति मिलेर कसरी यसभूमिमा संस्कृतिको जग निर्माण गरे ? शासक र सरकारसँग केकस्तो सम्बन्ध थियो ? स्वाधीन र पराधीनका कालखण्डहरू कस्ता थिए ? राष्ट्र निर्माणमा के कसरी योगदान पुऱ्याएका थिए ? सामाजिक, प्राज्ञिक र आर्थिक विकासमा उनीहरूको योगदान कस्तो रह्यो ? जस्ता यावत् कुराहरूको खोजी प्रत्येक जातजातिले गर्न थाले । राष्ट्रको विकास निर्माण र सामाजिक विकासको दृष्टिकोणले यी खोज, अध्ययन, अनुसन्धानहरूको सुरुवात भयो । यसैको विशद् रूपनै वंशपरम्पराको खोजी हो र वंशावली लेखन तथा खोजको अध्यायको सुरुवात भएको मान्न सकिन्छ । आजको समयमा अविच्छिन्न इतिहासलाई मूल कुरा मानेर अध्ययन गर्ने परिपाटीले शोध परम्परालाई अघि बढायो ।

विभिन्न जातजातिले आआफ्ना वंशको खोजी गरी पुस्तक प्रकाशन गर्ने चलनले व्यापकता पाएको हो ।

समाज सबै जातजातिको संगमस्थल हो र फूलबारी हो । यहाँ विभिन्न जातजाति मिलेर समन्वयात्मक समाज निर्माण भएको छ । धार्मिक तथा जातीय सहिष्णुताका कारण नेपालमा विविध संस्कृतिको जन्म भएको छ । त्यसैले अर्काको संस्कृति, सामाजिक मूल्य मान्यतालाई असर नपारी प्रत्येक जात वा जातिले आफ्नो वंशपरम्परा अनुसारको सांस्कृतिक र सामाजिक चालचलनलाई अवलम्बन गरेको पाइन्छ । आधुनिक शिक्षाको प्रभाव र नवीन सोचको विकासले गर्दा आजकल हरेक जात, थर, जाति, उपजातिले आफ्नो छुट्टै पहिचान खोजेका छन् । यसक्रममा वंशको इतिहास, आदिम थलो, सामाजिक आर्थिक विकासका आधारहरू र त्यसमा प्रभाव पार्ने तत्त्वहरू, मान्यता र निषेधका कुराहरू, बसाइँसराई र विस्तार, पूर्वजले आर्जन गरेको प्रतिष्ठा निर्माण गरेको सत्कार्य आदिको खोजी गर्ने कार्य सुरू भएको छ । यस्तो खोजीलाई साम्प्रदायिकताको नामले साँघुरो घेरामा पारेर सोच्नुभन्दा नृवंश (मानवका वंशपरम्परा) वा नृतत्त्व (मानव विज्ञान) को खोजीको दृष्टिकोणले हेर्नु उपयुक्त हुन्छ ।

यस पृष्ठभूमिमा नेपालमा सदियौंदेखि बसोबास गर्दै आएका ढकाल थरका बन्धुहरू पनि सङ्गठित हुन पुगेका छन् । आफ्नो वंशको खोजी, पूर्वजहरूको महिमा, बन्धुवान्धवहरूको फैलावट, सामूहिक गठबन्धनका सूत्र तथा आधारहरू, राष्ट्रनिर्माणमा पुऱ्याएको योगदानका विविध पक्षको अन्वेषण तथा विश्लेषणमा लागेका छन् । यो प्रयासले विभिन्न ठाउँमा छरिएर बसेकालाई एकताबद्ध बनाएको

छ, अझै मजबुतका साथ अघि लानेछ । यो समय विज्ञान तथा प्रविधिको समय हो । यसका लागि विभिन्न सामाजिक सञ्जालमा पहुँच बढाएर लानुपर्ने देखिन्छ, जसद्वारा समन्वय र सहयोगको भावना अवश्य जागृत हुनेछ र आफू, आफ्नो परिवार, कुल र परम्परालाई चिन्ने अवसर प्राप्त हुनेछ । अन्धविश्वास, कुरीति र अज्ञानतालाई हटाउन मद्दत गर्नेछ । समष्टिमा यस्तो अध्ययनले मुलुकको यथार्थपरक सामाजिक इतिहास निर्माण गर्न मद्दत गर्छ भन्ने कुरामा हामी विश्वस्त रहनुपर्छ ।

नेपाल र नेपाल बाहिर बस्दै आएका ढकालहरू उपमन्यु परिवारमा हामी संलग्न हुनका लागि अबको वंश अध्ययन वा विवरण तयार पार्नु भनेको समाजशास्त्रीय/मानवशास्त्रीय चिन्तन र विधिबाट गरेमात्र सबैलाई स्वीकार्य हुनेछ । त्यसैले, अब गरिने खोज तथा अनुसन्धानको पुस्तक प्रकाशन गर्नुका तीन मुख्य उद्देश्य रहनेछन्:- १) ढकाल समाजलाई पुरानो अवधारणाको वंश खोज गर्ने परम्पराबाट आधुनिक मानवशास्त्रीय विधिअनुरूप अध्ययन गर्ने केन्द्रको रूपमा परिवर्तन गर्नु र सक्रिय बनाउनु, २) आफ्नो वंशको खोज र अध्ययनबाट सङ्क्षिप्त विश्लेषण प्रस्तुत गरेर वैज्ञानिक विधिउन्मुख अध्ययनको जग हाल्नु, र ३) नेपाल र विदेशमा बसेका ढकाल थरका बन्धुवान्धवलाई आआफ्ना ठाउँका ढकाल परिवारको अध्ययन, अनुसन्धान गरेर प्रकाशन गर्न तर्फ उत्प्रेरित र आकर्षण गर्नु ।

यसै पृष्ठभूमिमा अबको अध्ययन नेपालभर र विदेशमा छरिएर बसेका ढकाल थरका बन्धुवान्धवको खोजी गरी ढकाल थरका महिलापुरूषको यकिन तथ्याङ्क सङ्कलन गरेर 'उपमन्यु परिवार'

नामक पुस्तक प्रकाशनमा गर्नुपर्ने देखिन्छ । पितृसत्तात्मक समाजमा परिवारको मूली पुरूष हुने र वंशलाई अक्षुण्ण राख्न पुरूष सन्ततिबाट मात्र खोजिने विश्वासले गर्दा छोरा भए सन्तान र छोरी भए निसन्तान मानिन थाल्यो । वंश हुन महिला र पुरूष दुवै चाहिने यथार्थतालाई बिर्सेर छोरी पाए निसन्तान लेख्नु महिला माथिको अन्याय मात्र होइन, वंश खोजप्रतिको प्रश्न चिन्ह पनि हो । अहिले वंशको डोरो पहिल्याउन वैज्ञानिक आधार डिएनए परीक्षणलाई मानिएको छ । डिएनए परीक्षणबाट वंशका धेरै लक्षणहरू आमाबाट सन्ततिमा सर्दै जाने कुरा वैज्ञानिकहरूले स्थापित गरिसकेका छन् । मानव व्यवहारका लक्षणहरू, मानसिक सोचका आधारहरू, आक्रान्त रोगका लक्षणहरू पनि बाबुआमाबाट आफ्ना सन्ततिलाई सर्दै जाने कुरा डिएनए परीक्षणबाट पत्ता लागेका नयाँ आयामहरू हुन् । परिवारका नृवंश र नृतत्त्व विश्लेषणले परिवारभित्रका धेरै कुरा बाहिर ल्याउँछ । यस्ता कुराहरूले त्यो परिवारको सरदर आय, बौद्धिक स्तर, आर्थिक योगदान, पेसागत परिवर्तन, वर्णसङ्कर, शारीरिक बनोट, प्रवृत्ति, समताउन्मुख गति, सांस्कृतिक चालचलन, आस्था र विश्वासका आधारहरूजस्ता धेरै कुराहरू पत्ता लाग्छ । जुन जुन ठाउँमा बसेका छन्, त्यस ठाउँमा बसेका अन्य जातजातिसँग सांस्कृतिक, वैवाहिक, सामाजिक घुलमिल भएर नयाँ संस्कृति जन्माएको कुरासमेत यस्तो अध्ययनबाट थाहा हुनसक्छ । त्यसैले यस्ता अध्ययन समाजशास्त्रीय विधिअनुरूप परिवारको अध्ययन हुनुपर्ने आजको आवश्यकता हो, यसैको आधारभूमि वा जग निर्माण गरेर वंशावलीका लागि काम गर्नुपर्ने देखिन्छ ।

ढकालवंशको 'कुलपूजापरम्परा र पद्धति' खोज्ने क्रममा कुलपूजा के हो, विभिन्न गोत्र र थरका परिवारले कसरी कुलपूजा गर्छन भन्ने

कुरा खोज्दै जाँदा यो **कूलपुजा परम्परा र संस्कृति** पुस्तकको लेखनकार्य सम्पन्न भइ प्रकाशन भएको छ ।

कुलपूजा परम्परा एक अभिन्न संस्कृतिका रूपमा नेपाली समाजमा प्रारम्भदेखि नै रहिआएको छ । विभिन्न जातजाति, थर, गोत्र तथा प्रवरले निश्चित समयमा पुज्दै आएको कुललाई प्राचीन परम्पराअनुसार भिन्दाभिन्दै तिथि र मितिमा गर्दै आइरहेका छन् । कुलपूजा गरिएन भने कुलको उन्नति हुँदैन भन्ने मान्यता र विश्वास पनि छ । कुल क्षय हुँदा कुलधर्म नष्ट हुन्छ । अधर्ममा कुल नासिन्छ, धर्म भ्रष्ट हुन्छ । त्यसैले कर्म जरुरी छ भन्ने धारणा कर्मदर्शनले दिएको छ । निष्काम भावले सत्त्व गुणको प्रत्यक्ष अनुभवमा वैदिक मन्त्र ऋचाद्वारा कुलदेवताको पूजा गर्ने परम्पराअनुसार कुलका दाजुभाइहरू एकै ठाउँमा जम्मा भई मानिआएका देवी, देवता, मष्ट, रूद्र र गैड़ु तथा वायुदेवताका पूजाआजा गरिन्छ । कुलपूजा यज्ञयज्ञादि गरी वैदिक मन्त्रोच्चारणद्वारा प्रसाद चढाउने कार्य गरी पूजा सम्पन्न गर्ने परम्परा छ । रूद्रको पूजाआजामा शुक्ल यजुर्वेदका ६४ ऋचाको पूर्णपाठ र अटुट जलधाराबाट शिवको पूजाअर्चना गरिन्छ । कुलाचार आफ्नो संस्कार र संस्कृतिको जगेर्ना गरिरहेको अवस्थामा कुलदेव र वंशवृक्षलाई जगेर्ना गर्न सबैले हातेमालो गर्नुपर्ने आजको आवश्यकता पनि हो ।

ज्ञात्वाज्ञात्वा च कर्माणि जनोयमनुतिष्ठति ।
विदुष कर्मसिद्धिः स्यात्तथा नाविदूषे भवेत् ।

(श्रीमद्भागवत १०: २४)

मानिस जाने, बुझेर वा नबुझेर अनेक कर्म वा अनुष्ठान गर्दछन् । सबै बुझेर गरेको कर्मबाट मात्र सिद्धि वा फल प्राप्त हुन्छ नत्र निरर्थक हुन्छ । जुन यज्ञ शास्त्रसम्मत छ अथवा परम्परा हो भन्ने सबैकुरा बुझेर गर्नुपर्दछ ।

य एवं विसृजेद् धर्म पारम्पर्यागतं नर
कामोल्लोभाद् भयाद् द्वेषात् स वै नाप्नोति शोभनम् ।

(श्रीमद्भागवत १०: २४)

यज्ञ, अनुष्ठान वा पूजा आदि हाम्रो कुलपरम्पराबाट निरन्तर चल्दै आएको परम्परा हो । मानिसले काम, लोभ, भय वा द्वेषका कारणले यस्ता परम्परा र मर्यादालाई छाड्यो भने उसको कहिल्यै कल्याण हुँदैन भनिन्छ।

कुलपूजा गर्ने क्रममा ढकालहरूले मार्गशुक्ल चतुर्दशीका दिन कुलपूजा गर्ने गर्दछन् । वैदिक कालदेखि नै सत्वगुणी ऋषि उपमन्युका वंशजका रूपमा रही शिवको उपासनाबाट सिद्धिप्राप्त (उपमन्यु गोत्र- त्रिप्रवर उपमन्यु, कपिल, विरूज) ढकालहरूले शिवको पूजा उपासना गर्दै आएका छन् । **चतुर्दशी** तिथिका स्वामी शिवलाई आराध्यदेव मानेर पूजा गर्ने ढकाल वंशजको कुलदेवताको पूजा प्रायशः ठाउँमा मार्गशुक्ल चतुर्दशीका दिन गर्ने परम्परा छ ।

प्राचीनकालीन समयको एक कालखण्डमा गोरखाको बोर्लाङबाट नेपालको आधुनिक एकीकरणको महाअभियानमा महत्त्वपूर्ण भूमिका पूरा गर्दै विभिन्न स्थानमा बसोबास गर्ने क्रमसंगै एक पुस्ता दहचोक आइपुगेको हो । वंशका बारेमा खोज्दै जाँदा आफूले जानेका र

जानकारी रहेका कुरालाई टिपोट गरी छोडिदिनु भएकोमा पिताजी शम्भुप्रसाद ढकालप्रति कृतज्ञ छु ।

अन्त्यमा यस पुस्तकको राखिएका सङ्क्षिप्त विवरण तथा विवेचना विभिन्न ठाउँमा बसोबास गर्ने ढकाल बन्धु र उनीहरूले मानेका कुल देवताहरूलाई चिनाउने सानो प्रयास हो भन्दै आगामी दिनमा ढकाल वंशकै अध्ययन अनुसन्धानका लागि कार्य गरिरहने प्रतिबद्धता सबै बन्धुवान्धवमा वाचा गर्दछु । त्यस्तै आफूले जानेका, सुनेका कुरा बताएर तथ्य नजिक पुऱ्याउनु हुने अग्रज, बन्धुबान्धव, समाजशास्त्री, इतिहासविद् तथा संस्कृतिका धरोहरलाई आभार व्यक्त गर्दै अझै खोज र अनुसन्धान गर्ने कार्यमा निरन्तर लाग्दै वंशको कुल उद्धारका निमित्त केही कार्य गर्न सकौं भन्ने प्रणका साथ धन्यवादसहित साधुवाद टक्र्याउँछु ।

लेखक तथा अनुसन्धाता
बद्रीप्रसाद ढकाल
प्रतिक्रियाका लागिः bbiibash@gmail.com

विषयसूची

१. कुलवंश/कुलदेवता	१९
२. के हुन कुल देवता ?	३१
३. कुल के हो ?	३५
४. कुलपूजा परम्परा	३६
५. कुलपूजा किन गरिन्छ ?	३८
६. कुलदेवता/इष्टदेवता	४०
७. शिव/रूद्र/महारूद्र/क्षेत्रपाल/महापाल/कस्यपाल	४१
८. देवी /शक्ति /नवदुर्गा	४२
९. ब्रह्मा/कांड ब्रह्मा	४४
१०. गैहु	४४
११. मष्टो	४५
१२.इष्टदेव र मष्टो	५८
१३. मष्टोको परिचय	५९
१४.मष्टोको प्रकार	६३
१५. मष्टो संस्कृति	७१

१६. प्रकृति पुज्ने/स्थानीय (रैथाने) देवी देउता ७९
१७. कुलपूजा – गोठधूप ८८
१८. गोठधूपको पूजा विधि ९१
१९. प्रक्रियागत विधि ९२
२०.गोठधूपका विशेषता ९६
२१. वायुपूजा ९९
२२.कुल पुज्ने प्रक्रिया र पद्धति १००
परिशिष्ट
दहचोकको नालीबेली १०३
ढकालको पृष्ठभूमि १०६
जुठो-सूतकसम्बन्धी जानकारी १२५

श्री गणेशाय नम :

श्री शारदायै नम :

कुल वंश/कुलदेवता

आफ्ना सगोत्री बन्धुहरूको उत्पत्ति र विकासको खोज गरिने कार्य नै वंशावलीको खोज तथा लेखन हो । वंशावली, शब्दकोश, विश्वकोश, अभिनन्दन ग्रन्थ, विरुदावली, स्मृतिग्रन्थ, शताब्दीग्रन्थ सहश्राब्दीग्रन्थ जस्ता बृहत् र बृहत्तर ग्रन्थहरू सधै निस्किरहँदैनन् । यस्ता ग्रन्थहरू खासखास समयमा खासखास व्यक्ति, संस्था वा समूहका विशेष प्रयत्नस्वरूप वाङ्मयिक जगत्ले प्राप्त गर्दछ । यस्ता ग्रन्थको मूल आलेखबाट वाङ्मयिक तत्विधा मात्र नभई सिङ्गो समाज र युग लाभान्वित हुने अपेक्षा गरिन्छ ।

वंशावली शब्द वंश' र 'आवली' पदहरू जोडिएर बनेको शब्द हो। सुरुमा 'वंश' भनेको बास र 'आवली' भनेको पंक्ति भन्ने अर्थमा यस शब्दको प्रयोग गरिएको र पछि गएर बाँसजस्तै फैलिने भएको हुँदा कुलको परम्परा भन्ने अर्थमा विस्तारित भएको छ । आह्निक सूत्रावलीमा भने वंशावलीको सट्टा 'वंशोक्त' भनेर उल्लेख गरिएको पाइन्छ । नेपाली भाषामा कूल परम्पराको र तिनका विशेषताको चर्चा भएको नामावलीलाई वंशावली, पुस्तावली वा वंशवृक्ष/लता पनि भनिन्छ । वस्तुतः वंशावली भनेको वंशको इतिहास हो । वंशका हाँगाबिँगाका साथै तिनको क्रमबद्ध सङ्क्षिप्त विवरण पनि दिई तिनलाई सजीव रूपमा उतारिएको अभिलेख नै वंशावली हो । जसमा

वंशवृक्ष, तिनले मान्ने गरेका धर्म, संस्कार, संस्कृति जस्ता कुरा समेटिएको छ ।

वंश भनेको मूल नाम हो । एक नाममा एक मात्र व्यक्ति हुन्छ भने एक वंशमा अनेक नाम हुन्छन् । एउटा वृक्षमा अनेक नाम हुन्छन् हाँगा, पात, फूल, कोपिला, फल, जरा, काण्ड यी सबैको मूल नाम वृक्ष नै हो र यी अन्य नाम त्यसका अङ्ग, अवयव वा संरचक घटक हुन् । यस्तै एक वंशमा पनि व्यक्तिका नाम अलगअलग हुन्छन् । परिवारका नाम अलगअलग हुन्छन् । शाखा अलगअलग हुन्छन् । यद्यपि यी सबैको साझा मूल नाम वंश हो ।

वंशावली कुनै खास वंशका सन्तानको आवली अर्थात् वंशको वृत्तान्त वा पुख्यौली इतिहास हो । कुनै वंशमा जन्मेका व्यक्तिहरूको सुरुदेखि हालसम्मका शाखा सन्तानको क्रमअनुसार तयार पारिएको विवरणलाई वंशावली भनिन्छ । यसमा प्रत्येक क्षण नयाँ, हरेक क्षण इतिहास बनिरहेको हुन्छ । यस्तो जटिल, संवेदनशील निर्माण कार्य लागि सबै बन्धुवान्धवको मेलजोल चाहिन्छ । सरसहयोग, सल्लाह र हातेमालो हुनुपर्दछ ।

वंशका बारेमा यसरी गरिएको अध्ययनलाई प्रस्तावली वा वंशलता भनिन्छ । वस्तुतः वंशावली वंशको इतिहास नै वंशावली हो । पुर्वज र तिनको योगदानलाई क्रमबद्ध सङ्क्षिप्त विवरण पनि दिई तिनलाई सजीव रूपमा उतारिएको हुन्छ । यो एक विशिष्ट अभिलेख विशेष हो । यद्यपि आफू र आफ्ना पुर्खाको ऐनाका रूपमा वंशावलीलाई पुस्ता दरपुस्ताले जोगाउँदै आएका छन् । तिनै हाम्रा पुस्ताले जोगाएको इतिहासलाई एकत्रित गर्दै छुटफुटका पक्षहरूमा खोज अन्वेषण गर्दै वंशावली तयार पारिएको हुन्छ ।

वंशावली भन्नाले वंशलता, वंशसमूह वा वंशलहर भन्ने बुझिन्छ । जसरी लताको जरा कहाँ छ र त्यस अङ्कुरबाट हजारौं शाखा-प्रशाखा, पत्रफलादि हुँदै क्रमशः अगि बढ्दै गई विस्तृत स्थान ओगट्छ त्यसैगरी कुनै खास व्यक्तिबाट विस्तार हुँदै कालान्तरमा एउटा वंशवृक्ष निर्माण हुन्छ । वंशावली भन्ने विषय मानव सृष्टिको प्रारम्भ कालसँगै आउने कुरा हो तापनि यसलाई कसैले जोडेर ल्याउन सकेको भेटिंदैन । आफ्नो वंशको परम्परा यस वंशमा उत्पत्ति भएका स्त्रीपुरुषहरूको ऐतिहासिक तथ्य उनीहरूले गरेको विशेष वा सामान्य कृत्य कुलपरम्परा बासस्थान आदिसमेत लेखेर राखिएको नपाइने हुँदा यसलाई अनुसन्धान वा खोज गरेर पत्ता लगाउनु पर्दछ ।

कुलदेवाय नमः ।। कुलदेवताभ्यो नमः ।

कुल वंशपरम्परामा आआफ्ना सगोत्री मिलेर पूजा गर्ने चलन रहिआएको छ । सनातनकालदेखि मानिँदै आएको आराध्यदेव, देवी, शिव, शक्ति, मष्ट, प्रकृति र स्थानिक/स्थानीय देवी देवताको पुज्ने परम्परा सनातन धर्ममा छ, त्यसैलाई कुलपूजा मानिन्छ । जुन देवताले कुलको उद्धार गरे तिनै देव वा देवीलाई कुलदेवता मानिन्छ । कुल कै देवता वा कुलका आराध्य देवता वा कुलले वंशले मानी आएका इष्टदेवता नै कुलदेवता हुन् । कुलदेवताका सन्दर्भमा अथर्ववेदमा कुलायन, शुक्ल यजुर्वेदमा कुलायनी शब्दको प्रयोगले गोत्र सम्प्रदाय र वंश प्रवृत्तिलाई प्रतिनिधित्व गरेको छ । त्यस्तै वराहपुराण र देवीभागवत्मा पनि कुलदेवताको प्रसङ्ग उल्लेख गर्दै कृष्णले गोवर्द्धन पर्वत धारण गरेको कुराको वर्णन गरिएको छ । कुलदेवता नै इष्टदेवता वा मष्टोदेव मानिँदै पितृपूजा वा पूर्वजका

स्मृतिमा गरिने कुलायन पूजा वा देवाली नेपालका प्रायः जातजातिमा सनातन परम्पराका रूपमा प्रचलित छ ।

कुलदेवतालाई कुल वंशपरम्पराका इष्टदेवता मानिन्छ त्यसैले कुलदेवताप्रतिको श्रद्धा र आस्थामा विस्तार हुँदै गएको हो । आफ्ना सगोत्र वंशहरूको सुख, शान्ति, कल्याण, उन्नति र वृद्धिका लागि सनातन निरन्तर कूलपूजा गरिन्छ ।

स जातो यन जातेन याति वंश समुन्नतिम् ।

जसले जन्मेर आफ्नो कुलवंशको उन्नति तथा श्रीवृद्धिमा साथ सहयोग गर्छ, त्यसको जन्म सार्थक हुन्छ भन्ने कुरा शास्त्रमा लेखिएको छ । आर्य, खस, किरात, तामाङ, नेवार, थारु तथा अन्य जातजातिमा कुलपूजा गर्ने प्रचलन पाइन्छ । शिव, शक्ति, मष्टो, प्रकृति र स्थानीय देव/देवीलाई आराध्य मानी कुलदेवताको पूजा गरिन्छ । अदृश्य शक्ति र आस्थालाई केन्द्रमा राखेर गरिने कुलपूजाको निकै महत्त्व छ । कुलदेवतालाई सुख, समृद्धि पितृ तथा सन्ततिका देवता मानिन्छ । कुलपूजा नै पितृपूजा पनि हो । कुलपूजाद्वारा अगतिमा परेका पितृ मुक्त हुन्छन् भन्ने धार्मिक जनविश्वास छ।

कुल क्षय हुंदा कुलधर्म नष्ट हुन्छ । अधर्ममा कुल नासिन्छ जब धर्म भ्रष्ट हुन्छ । त्यसैले धार्मिक कृत्य जरुरी छ । सनातन धर्म मान्नेहरूले आफूलाई ऋषिका सन्तान मान्दछन् । आफ्ना पुर्खा ऋषिका गोत्र र प्रवरका हाँगा मान्दछन् । थर चाहिं बसोबास गर्दै आएको स्थलको अपभ्रंस हो । गोष्ट वा गोठ वा समूहको विस्तारित रूप नै गोत्र हो । गोत्र भन्नाले एउटै रक्तसम्बन्धका गोष्ठ वा समूह बुझिन्छ । थर पुर्ख्यौली वंशपरम्पराको पहिचान हो, उपनाम हो । यो

पूर्व परम्पराबाट क्रमशः पुस्तान्तरण वा पुस्ता हस्तान्तरण हुँदै आएको प्रचलन हो भन्न सकिन्छ । पुर्ख्यौली थलोलाई सम्झाउने अर्थमा समेत थरको सुरूवात भई त्यसको निरन्तरता पनि हो भन्न सकिने विभिन्न आधारहरू छन्। जस्तै :

प्रयोगात्मक नेपाली शब्दकोशमा पुख्यौली स्थान, पद आदिको आधारमा मान्छेको नामसँग जोडिएर आउने चलेको वंशपरम्परागत उपनामलाई थर मानिएको छ ।

संस्कृतको आदिस्थलबाट थल हुँदै थर भएको हो । ढकालहरूको थरको आदिस्थल अछामको ढाकु भन्ने ठाउँबाट ढकाल भएको हो भन्ने मान्यता भएजस्तै दहबाट दाहाल, पराजुलबाट पराजुली, पोखरबाट पोखरेल, नेपालदहबाट नेपाल आदिको थर रहन गएको मानिन्छ । कतिपय थर मानपदवीको निरन्तरतालाई मान्न सकिन्छ त कतिपयको प्रकारगत चिनारी जे होस् पुरानो वा प्राचीन वासस्थानको पहिचान बोकेको वंशपरम्पराले थर कुनै निश्चित थलो वा थललाई बोकेको छ भन्नु उपयुक्त हुन्छ ।

खस जातिको इतिहासमा प्रा. बालकृष्ण पोखरेलले कुनै पनि व्यक्तिले वंश अथवा परिवारबाट प्राप्त गरेको कुलमानलाई थर भन्ने गरिएको छ भन्दै उदाहरणमा भण्डारी, पन्त र भट्टका बारेमा लेखेका छन् । तर ती प्राचीनकालमा कार्यका पदवी हुन् भन्न सकिन्छ । थरको व्युत्पन्न स्थल नै हो भन्ने पुष्टि दैलेख दुल्लुमा अवस्थित प्राचीनस्थल र त्यसबाट बनेको थरबाट ज्ञात हुन्छ ।

नेपाली बृहत् शब्दकोशमा थरका बारेमा यसो भनिएको छ– मूल कुलपरम्पराबाट सन्तान दर सन्तान हुँदै आएको उपनाम, वंशानुगत रूप नै थर हो ।

प्रयोगात्मक नेपाली शब्दकोशमा-पुर्ख्यौली स्थान, पद आदिको आधारमा मान्छेको नामसँग जोडिएर आउने चलेको वंशपरम्परागत उपनाम थर भनिएको छ ।

सनातन धर्ममा गोष्ठ वा एगोष्ठ वा एउटै समूह भन्ने अर्थ पहिचानमा गोत्र र त्यसको प्रकारका रूपमा प्रवर आएको छ । ऋषिका सन्तानका रूपमा रहेका मनु अथवा मान्छेको खलकका रूपमा विकसित परम्पराले कुन ऋषिका सन्तान वा दरसन्तान हुन् भनेर बुझ्न गोत्र र प्रवरको प्रचलन चलेको हो । गोत्र र प्रवरको चर्चा गर्दा ऋषिकै नाम वा प्रवरबाट वंशपरम्परा अगि बढेको छ । गोत्र सहस्र (अनगिन्ती) हुनसक्ने भएपनि उनन्चास ऋषिमध्ये नै (गण वा महागणका रूपमा) ७ भृगु, ४ अत्रि, १० विश्वामित्र, ३ कश्यप, ४ वशिष्ठ, ४ अगस्ति र १७ अंगिरालाई मिलाई ४९ ऋषिगणको चर्चा भएको पाइन्छ । हुन त विभिन्न पुराणहरूमा शौनक आदि नाम रहेका ८८ हजार ऋषि भनिएको छ मुख्य यिनै कश्यप, वशिष्ठ भारद्वाज अत्रि/आत्रेय, विश्वामित्र, गौतम, जमदग्नि र अगस्त्य र ऋषि जुन गोत्राकार र तिनका उनन्चास प्रवर गोत्रर्षिगण-गोत्रगण, सन्तति नै गोत्र र प्रवरका रूपमा प्रचलित भएका हुन्, जसलाई यसप्रकार व्याख्या गरिएको छ :

विश्वामित्रो जमदग्निभरद्वाजोऽथ गौतम :
अत्रिर्वासिष्ठ : कश्यप इप्यते सप्तर्षिय : ।।
सप्तानमृषीणामअगस्त्याष्टमानां यदपत्यं तद्गोत्रम ।

-प्रवरमञ्जरी

तत्र गोत्रलक्षणमाह प्रवरपञ्जर्या बौधायनः विश्वामित्रो जमदग्निर्भरद्वाजोथ गौतमः। अत्रिर्वशिष्ठः कश्यप इत्येते सप्तर्षय ः। सप्तानामृषीणामगस्त्याष्ठमानां यदपत्यं तद्गोत्रम ।

–निर्णयसिन्धु

गोत्रबारेमा यस्तो अर्थ बताइएको छ : ना. (संस्कृत) १. वंश प्रवर्तक ऋषि-मुनिहरूका नामबाट चलिआएको पुख्यौलीलाई चिन्न कौडिन्य, कश्यप, वशिष्ठ, भारद्वाज इत्यादि) । २. वंश, कुल, पुख्यौली । ३. जाति, वर्ग । ४. सन्त संज्ञा । ६. गाईलाई रक्षा गर्ने व्यक्ति, गोरक्षक । ७. पृथ्वी/गोत्रपट- ना. वंशावली । गोत्र प्रवर्तक चलाउने, वंशका आदिपुरुष मानिने (वशिष्ठ, भारद्वाज, काश्यप, अत्रि, विश्वामित्र, गर्ग इत्यादि गोत्रसँग सम्बन्धित, गोत्रमिल्दो, एकै गोत्रको, सगोत्री/गोत्री/गोत्रीय- वि. एउटै गोत्रको, सगोत्री, गोती, गोतीयार । ठाउँ विशेषका आधारमा तागाधारी नारी-पुरुष र गैह्रतागाधारी नारी-पुरुषहरूका थर-गोत्रप्रवर्तक हाम्रा प्राचीन ऋषि-मुनिहरूका नामसँग परिचित हुन आवश्यक छ ।

गोत्रको बारेमा अझ स्पष्ट पार्नु पर्दा गाई पाल्नु, गौंडा-गल्छेडा, भीर-पहरामा अड्केर जोखिम अवस्थामा परेका गाईलाई बचाउनु, गाईको माया गरी स्याहार-सुसार गर्ने, गाईको सन्तान (गोवंश) लाई वंशका रूपमा जगाई राख्नु र गोकुलको माया गर्नु हो । अर्थात् "गां त्रायते इति गोत्रः" । यहाँ गोको अर्थ गाई र कुल (वंश) परम्परा भन्ने हो गोत्रको अर्थ गोष्ठ अथवा गोठ (गौशाला) पनि हो । गोत्रलाई अङ्ग्रेजीमा क्लान (Clan) भनिन्छ । अक्सफोर्ड विश्वविद्यालयद्वारा प्रकाशित शब्दकोशमा यस क्ल्यान (गोत्र) को अर्थ सम्बन्धित परिवारहरूको एउटा समूह भनिएको छ ।

वैदिक र पौराणिक कालका ऋषि-मुनिहरूले आ-आफ्ना कुटी, पर्णशाला र आश्रममा धेर-थोर गाई पाल्थे । महर्षि यमदग्निले पालेकी कामधेनु गाईको कथा हाम्रो लागि प्रेरणादायी छदैछ । उनीहरू गाईको दूध नित्य पिउँथे भगवान्लाई दूध, दही चढाउँथे भने गाईको घिउले नित्य हवन गर्दथे । गाई पाल्नु कुलको वृद्धि गर्नु, संरक्षण गर्नु त्यसबेलामा उनीहरूको लागि ठूलो कर्तव्य ठानिन्थ्यो । गोत्रको माया गर्नेले गोवंश र आफ्नो वंशको उन्नति र प्रगतितर्फ लाग्नैपर्ने हुन्छ । सन्तान (छोरा-छोरी) नजन्मेसम्म कुलपरम्परा अघि नबढ्ने हुँदा छोरा र नातिलाई विशेष महत्त्व दिएर हेरिन्थ्यो । यसैले नीति-शास्त्रमा भनिएको छ :

पुत्रेण लोकाञ्जयति, पौत्रेणानन्त्यमश्नुते ।।
अथ पुत्रस्य पौत्रेण, ब्रह्मणानेति विष्टपम्।।

कुल भनेको सगोत्रीहरूको वंश हो । कुलायन भनेको आफ्नो कुलका उन्नायक महापुरुष हुन् । कुलको उन्नतिका लागि कुलवासीहरूमा सदाचार, विनय, विद्या, प्रतिष्ठा, तीर्थदर्शन, निष्ठा, वृत्ति, तप र दान समेत नौ ओटा लक्षण हुन आवश्यक छ भनी नीति-शास्त्रमा यस्तो लेखिएको छ ।

आचारो विनयो विद्या, प्रतिष्ठा तीर्थदर्शनम् ।
निष्ठा वृत्तिस्तपोदानं, नवधा कुललक्षणम् ।।

यसैगरी आफ्नो जात, धर्म र परम्पराअनुसार विवाह नगर्नु, सदाचारमा नरहनु, सत्कर्म नगर्नु, पढाई र खानपिन आदिमा बेवास्ता गर्नु, सगोत्रीहरूमा विवाह गर्नु, गोत्रहत्या गर्नु जस्ता काम-कुरा हुन गए भने वंशनाश हुने मात्र होइन समाजदेखि त्यो कुल अपहेलित भई

मर्यादा र प्रतिष्ठामा समेत ठूलो धक्का पुग्न जान्छ भनेर नीति-शास्त्रले हामीलाई बाटो देखाएको छ ।

प्रवर शब्दभित्र प्र+वृ+अप् (अ) यी तीन ओटा अक्षरको सङ्गम भएको छ । प्रवरको अर्थ मुख्य, श्रेष्ठ, सर्वश्रेष्ठ, प्रधान, पूज्य, सर्वोत्तम, ज्येष्ठ, पूर्वज, वंश, परम्परा, कुल, परिवार, मूलीमान्छे, प्रख्यातपुरुष आदि हुन्छ । प्र-अति, वर श्रेष्ठ अर्थात् अति श्रेष्ठ, अति सम्मानित, अति सुविख्यात ऋषिहरूको नामलाई प्रवर भनिएको छ । प्रवर भन्नाले गोत्रप्रवर्तक ऋषिहरूमध्येका मुख्य-मुख्य ऋषि, सम्बन्धित गोत्र चलाउने ऋषिपछिका नाम चलेका ऋषि र गोत्रको नामलाई विशेष रूपमा चलाउने वा चम्काउने ऋषि भन्ने अर्थ लाग्दछ । धर्मसिन्धुमा गोत्र र वंशहरूलाई प्रवृत्त गर्ने गोत्र र वंशलाई भिन्न शैलीमा अघि बढाउने ऋषिहरूलाई प्रवर भनी उल्लेख भएको छ ।

गोत्र र प्रवर व्यक्ति पनि हुन् एवं गोत्र र प्रवर व्यक्तिको अतिरिक्त वंशपरम्परा पनि हो अर्थात् गोत्र र प्रवर गोत्रप्रवर्तक, गोत्रसञ्चालक र गोत्रसंरक्षक पनि हुन् । गोत्रको परिचायक भाव पनि हो । कुलको उच्च मर्यादित पुरुष नै प्रवर हो भनिएको छ । कुलपरम्परा र गुरू परम्पराभित्रका श्रेष्ठ पुरुषहरू प्रवरमा पर्दछन् । कुनै गोत्रका त्रिप्रवर र कुनै गोत्रका पञ्चप्रवर पनि हुन्छन् ।

प्रवरको अर्थ सूचना र प्रसिद्ध पनि हो । प्रवरसँग सम्बन्धित एउटा प्रसङ्ग यस्तो छ- यज्ञ प्रारम्भ गर्दा अग्निदेवलाई सम्बोधन गरेर आह्वान गर्ने चलन थियो र आह्वान गरिंदा सोझै नाम नलिई पुरोहितका पितृका नाममा गरिन्थ्यो । यसकारण प्रवरको तात्पर्य पितृको संज्ञासूचक शब्द हो र यसैलाई प्रवर भन्ने गरिएको हो भनेर लेखेको पाइन्छ ।

देवकर्म, पितृकर्म आदि कर्मकाण्ड गर्नु/गराउनु पर्दा गोत्र र प्रवरको उल्लेख गर्नै पर्ने परम्परा रहँदै आएको छ । विवाहमा कन्या र वरको एउटै गोत्र परेमा उनीहरूको बिचमा विवाह गरिँदैन । थर बेग्लै भए तापनि एउटै गोत्रका त्यस्ता व्यक्तिलाई सगोत्री भनिन्छ । सगोत्रीहरूका बिचमा कुनै हालतमा पनि विवाह गर्नु हुँदैन भने झन् दानदक्षिणा लिने-दिने कुरै भएन । सात पुस्तासम्ममा बिहाबारी गर्न हुँदैन भनेर मुलुकी ऐनमा व्यवस्था भए पनि सगोत्री भएमा जतिसुकै पुस्ताका भए पनि बिहाबारी गर्न हुँदैन । यदि भई हालेछ भने पनि ठूलो पातक मात्र लाग्ने होइन उनीहरूबाट जन्मेका शिशुहरू अपाङ्ग, लुला-लङ्गडा, सुस्त मनःस्थितिका हुने गर्दछन् भन्ने विज्ञहरूको भनाइ छ ।

सात पुस्तेसम्ममा विवाह गर्न नहुने, सपिण्डमा विवाह गर्न नहुने, आमातर्फ तेस्रो पुस्तासम्ममा विवाह गर्न नहुने, गोत्र र प्रवर एकै भएमा विवाह गर्न नहुने आदि निषेधात्मक परिपाटी हाम्रो समाजमा प्रचलित छ । 'मावलीको थर नपार्नु बुढामावलीको घर नपार्नु' भन्ने लोकोक्ति अझै प्रचलनमै छ । रक्तादि शुद्धिका हिसाबले नै सगोत्रीहरू बिचको विवाहमाथि निषेधात्मक व्यवस्था चलाइएको हो । सगोत्री कन्यासँग विवाह भएमा त्यसबाट जन्मेको बालक चाण्डाल सरह हुन्छ भन्ने मान्यता छ ।

गोत्र र प्रवरभित्र आफूलाई आबद्ध गराएर चल्नु आर्यसंस्कृतिको संस्कार हो । यही विशेष दृष्टिले गोत्र परम्परा चलेको पाइन्छ । आर्यसंस्कृतिका आधार किल्ला, दुर्ग वा सीमाको रूपमा चार विषयलाई लिइएको पाइन्छ । ती यसप्रकार छन् :

पहिलो- गोत्र र प्रवरको व्यवस्था वा प्रणाली ।

दोस्रो- वीर्यशुद्धिमूलक वर्णव्यवस्था ।

तेस्रो- आश्रमधर्मको व्यवस्था ।

चौथो- सतीत्वमूलक नारीधर्म ।

गोत्र र प्रवरको परम्परा कति पुरानो हो भन्ने कुरामा अघि बढ्दै जाँदा चार युगको सृष्टिसम्म मात्र होइन कल्पादि र महाकल्पादिको आदि सृष्टिकालसम्म पुग्न सकिन्छ । ब्रह्माजीको उत्पत्ति ऋषिहरूसित गोत्र र प्रवरहरूको सम्बन्ध रहेको छ । सृष्टिको आदिकालदेखि आजसम्म यस पृथ्वीमा कैयौं जात, जाति, वर्ग र समूह देखा परे ती सबै बँच्न सकेनन् तर आर्यजातिका गोत्र र प्रवरहरूको वैज्ञानिक र गौरवशाली विशेषताका कारणले यो आर्य जाति अझैसम्म जीवन्त रहन सकेको हो भन्ने धारणा आर्य संस्कृति विद्हरूको छ ।

पहिले पहिले आफ्नो परिचय दिंदा गोत्र र प्रवरको परिचय दिनु पर्दथ्यो । अहिले पनि समाजमा अपरिचित व्यक्तिको बाटामा वा घरमा भेट हुने बित्तिकै एकआपसमा परिचय लिंदा र दिँदा नाम, थर, गोत्र, प्रवर वा जात के हो ? भनी सोधिन्छ । पहिले पहिले नामलाई महत्त्व नदिएर सम्बन्धित व्यक्तिको थर, गोत्र, वर्ग, समूह, जात र जातिलाई महत्त्व दिइएको बुझिन्छ । नाम सम्बन्धित व्यक्तिको वैयक्तिक कुरा हो । त्यस्तै नामका व्यक्ति धेरै हुन्छन् । तर थर, गोत्र, प्रवर र जाति सामूहिक परिचय हो । व्यक्तिभन्दा समूहलाई महत्त्व दिनु राम्रो कुरा हो । जसले वंशलाई शोधखोज गर्दछ ।

अहिले पनि कसैले कसैको परिचय माग्दा नाम र थरले मात्र पुग्दैन परन्तु गोत्र र प्रवर समेतको कीटानी गर्नुपर्ने हुन्छ । आफ्नो गोत्रको निश्चित ज्ञान नभएको वा थाहा नपाएको व्यक्तिले पनि झट्ट कश्यप

गोत्र भनी बताउँछ । गोत्र र प्रवरको व्यवस्था हुनुभन्दा अघिका आद्यसृष्टिकर्ता ब्रह्माजीभन्दा पछिका आदिपिता महर्षि कश्यप भएकाले 'कश्यप' गोत्र भनिएको हो भनिन्छ । कश्यप गोत्र कसैको निश्चित पनि हुन्छ । कश्यप सबैका साझा पुरुष हुन् । हाम्रो समाजमा गोत्र र प्रवरले बलियो जग हालेर बसेको छ ।

प्रवर लक्षणका बारेमा यसो भनिएको छ ।

प्रवरास्तु प्रवरणाति प्रवरा :। कल्पकारा हि वासिष्ठेति होता
वाशिष्ठवदिति अध्वर्यु :। इत्यादिना येषां प्रवरणमामनन्ति ते प्रवरा :।

-निर्णयसिन्धु ।

के हुन् कुलदेवता ?

सगोत्री वंश बन्धुहरूको वृत्तलाई कुल भनिन्छ । एउटै कुलभित्र रहेको गोत्र समूहको रक्तसम्बन्धबाट बनेका परिवारहरू विभिन्न थरका हुन सक्छन् । एउटा कुल वा सगोत्र परिवार विभिन्न देश, काल, परिस्थितिले छुट्टिइएको हुन्छ तर तिनीहरूको धार्मिक आस्था, कुलाचार संस्कार, संस्कृति विधा व्यवसाय भने समान हुन सक्छन् । जाति वा निष्ठाको हिसावले कुलका प्रसङ्ग सदैव जोडिन्छ । यही पितापुर्खाले सनातन परम्परामा आधारित भएर रितपूर्वक पुज्दै आएका देवतालाई इष्टदेवता अथवा कुलदेवताका रूपमा पूजेको पाइन्छ । विभिन्न भौगोलिक विविधतामा पूजाआजा गर्ने पद्धतिमा केही असमानता देखिएता पनि मान्ने पुज्ने देवी, देवता आस्थाका धरोहरका रूपमा रहेकाले कुलपूजा गर्ने र बन्धुवान्धवहरू मिली कुलउत्सव मनाउने परम्परा जीवित रहेको छ ।

आफ्ना पैत्तृक वंश वा कुलदेवताका रूपमा स्थापित देवी/देवता नै अलौकिक शक्ति, पितृशक्ति, इष्टदेव सनातन परम्परामा मानिँदै र पूजिँदै आएका अन्य देवी देवता र मष्टलाई कुलदेवताका रूपमा पूजा गरिन्छ । कुलदेवताका रूपमा त्रिदेव, देवी, प्रकृति तथा अन्य स्थानीय

शक्तिको पूजा आराधना गरिने प्रचलन छ । कुल वा वंशका प्रमुख देवता आदिदेवता वा आद्यशक्ति जोडेर कुलदेव वा कुलदेवीको पूजाआजा गर्ने परम्परा नेपाली समाजको अभिन्न संस्कृति हो । देवी देवताका आद्यबिम्ब मानेर गरिने तान्त्रिक पूजा, यज्ञयज्ञादी, चक्र चिह्न पूजा, योनिपूजा, लिङ्गपूजा वा कुनै अमूर्त बिम्बको पूजाआजा कुलधर्म परम्पराले निर्माण गरेको हुन्छ । कुलाचार नियमलाई शास्त्र वा विधिमा टेकेर व्यवहारद्वारा संस्कार र संस्कृतिका रूपमा मान्दै आएको इतिहास छ ।

वास्तवमा कुलपूजाको प्रारम्भ गोत्र तथा प्रवर व्यवस्थाको प्रभावमा सुरू गरिएको हो भन्न सकिन्छ । वंश बन्धुबिच आपसी सद्भाव र सत्कर्मसाथ उत्सवका रूपमा गरिने कुलपूजा गर्ने चलन सजातीय मात्र नभइ आफ्नै थर, गोत्र, प्रवरभित्र पनि पुस्तान्तरण भिन्नभिन्न रूपमा देखापरेको पाइन्छ । यसको प्रमुख कारण सांस्कृतिक रूपान्तरण, भौगोलिक परिवेशगत भिन्नता र अन्य जातजातिसँगको सहसम्बन्ध नै हो । कुलदेवी वा कुलदेवतालाई निर्धारण गरी इष्टदेवको छुट्टाछुट्टै वा सामूहिक रूपमा कुलकुटुम्बको कल्याणको कामना गर्ने परम्परालाई नै कुलदेवता पुज्ने परम्परा र संस्कृति मानिन्छ ।

नेपाली समाजमा प्रायः सबै जातजाति, भाषाभाषी वा धर्मावलम्बीले पूर्खा, पिता तथा अग्रजहरूका सम्मान र सम्झनामा गर्ने देवाली वा कुलायन पूजालाई नै कुलपूजा मान्दछन् । कुलपूजामा सगोत्री बन्धुवान्धवले सामूहिक रूपमा सनातन र वैदिक कालदेखि मान्दै आएका देवी देवताको सामूहिक पूजा गर्दछन् । जसभित्र एक इष्ट देवी, इष्टदेवता, मष्ट, गैडु तथा अन्य स्थानीय देवी देवतालाई मानेर

पूजाआजा गरिन्छ । प्रत्येक जाति वंश वा घरानाले आफ्ना आफ्ना वंशज पितृलाई सम्झेर गरिने पूजा अर्चना नै कुलपूजा हो । बाह्र मष्टो, नौदुर्गा, बद्रीकेदार तथा विन्ध्यवासिनी तथा अन्य दैवी शक्ति, भञ्ज्याङ, देउराली, नदी, जलाशय र गुफाजस्ता प्राकृतिक स्रोतलाई पनि देवालीमा देवता मानेर पूजा गरिन्छ । मष्टो उपसनामा प्रकृति पूजाको झलक पाइन्छ, त्यसैले कूल प्रकृति धर्म हो, यसमा पाँच तत्त्व अथवा पञ्चतत्त्वका रूपमा मानिएका, पृथ्वी, जल, वायु, आगो र आकाशको पूजा गरिन्छ । यो सनातन धर्मको सर्वप्राचीन रूप हो ।

कुलपूजामा पितृ सम्झेर अन्य देवी, देवता इष्टदेवतालाई प्रसन्न पर्ने कार्य गरिन्छ । नेपाली संस्कृतिमा कुलपूजाको विशेष महत्त्व छ । यस अवसरमा देवी, मष्टो, वायु, रूद्र गैडु, प्रकृति, ब्रह्मा, विष्णु, देवी, सूर्य, चन्द्र आदि पुज्ने गरिन्छ । कुलपूजाको परम्परा र संस्कृतिलाई हेर्दा भिन्न थर वा जातले अर्धवार्षिक, वार्षिक, द्वैवार्षिक, त्रिवार्षिक, पञ्चवार्षिक वा कसै-कसैले १२ वर्षमा पनि कुलपूजाआजा गर्ने गरेको पाइन्छ । वास्तवमै कुलपूजाले आफ्ना प्राचीन वंशका पितृहरूको सम्झनामा गरिने वंशगत पूजालाई सम्बोधन गर्दछ । आफ्ना थर, गोत्रका पूर्ख्यौली घरानाले मानी आएका देवी देवतालाई आदिपूर्खाको उपासनाका रूपमा आयोजना गरिने उत्सव नै हो । यसलाई कुलायन पूजा पनि भन्ने गरिन्छ । कुलायन पूजा प्रत्येक जाति र वंशले आफ्नो रीतिस्थिति र परम्पराअनुसार गर्ने गर्दछन् ।

किरातहरू पनि कुलपूजा गर्दछन् तर उनीहरूको पुज्ने शैली भिन्न छ । किरातको कुलपूजापरम्परा खस, आर्यको भन्दा पृथक छ । किराती मुन्धुमले ईश्वरमा विश्वास गर्दैन, त्यसैले कुलपूजामा किरातीहरू कुनै भगवान्को पूजा गर्दैनन् । उनीहरू केवल पितृ र

प्रकृतिलाई आफ्नो आराध्यदेव मान्छन् । पारुहाङ र सुम्निमालाई भगवान्को रूपमा नभई केवल आफ्नो आदिपुरुष र आदिनारीका रूप, सृष्टिकर्ता वा पितृको रूपमा मात्र मान्ने गर्दछन् । किरातीहरूले जीवन र मृत्युलाई सहज रूपमा लिन्छन् । यिनीहरू पुनर्जन्ममा विश्वास गर्दछन् । यसैगरी किरातीहरू राक्षसलाई स्वीकार गर्दैनन् तर आत्मालाई स्वीकार गर्दछन् । मृतात्मा अर्थात् आत्मालाई विश्वास गरेकै कारण यिनीहरूका पितृहरू मरेर गए पनि उनीहरूको आत्मा कहिल्यै मर्दैन भनेर किरातीहरू पितृहरूको मृतआत्मालाई पूजा गर्ने गर्दछन् । किराती मुन्धुमले भूत-प्रेतमा विश्वास गर्दैन तर किराती जातिको मृत्युसंस्कारअनुसार फरक-फरक तरिकाले मृतआत्मालाई राख्ने र पुज्ने गर्दछन् । सहज मृत्यु (कालगतिले) भएमा आफ्नै कुलदेवता ठानी चुल्होमा (सम्खामा) राख्ने र असहज मृत्यु (दुर्घटना) या नाबालक अवस्थामै मृत्यु भएमा उनीहरूलाई चुल्हो (साम्खा) बाहिर राख्ने र त्यहीँ पूजा गर्ने गर्दछन् । यसरी दुई प्रकारको मृतआत्माको श्रद्धापूर्वक पूजा गर्ने गर्दछन् तर पितृको रूपमा भूत, प्रेत, ईश्वर, राक्षसका रूपमा भने पूजा गर्दैनन् । अन्य जातजातिका पनि आफ्नै रितिस्थिति र कुलपूजा गर्ने चालचलन रहेको छ ।

कुलदेवता, इष्टदेवता वा ग्रामीण देवताहरूमध्येका निश्चित देवीदेवताको परम्परागत चलन बमोजिम खास तिथि वा विशेष दिनमा कुलपूजा वा देवाली गरिन्छ ।

कुल के हो ?

एकै रक्त समूहबाट विकसित भइ विभिन्न स्थलमा बसोवास गर्दै आएका समूह नै कुल हो । कुल, गोत्र, वंशपरम्पराको प्राचीन रूप हो । सगोत्रहरूको मूल जरोलाई स्मरण गर्दै र त्यसबाट विकसित र विस्तारित परिवारको समूह हो ।

कुलपूजा परम्परा

कुनै ऋषिका सन्तान दरसन्तानका रूपमा विकसित विस्तारित वंशपरम्परामा आधारित मन्त्र र तन्त्रद्वारा पूजाआजाको परम्परा सुरु भएको मानिन्छ । मानिसको आत्मसन्तुष्टि र सुरक्षाका निमित्त देवी देवताका उपासना त्रिताप मोचनका लागि गरिएको प्रयत्नबाट नै कुल वा सगोत्र परिवार जम्मा भएर आद्यशक्ति, पितृ र प्रकृतिको पूजा गर्न थालियो जुन कालान्तरमा कुलपूजा, कुलायन पूजा वा देवालीको विकसित रूप हो । आय, खसलगायत अन्य जातजातिमा शिव र शक्तिको उपासना गर्ने परम्परा छ । आजको समाजमा मन्त्र वा तन्त्र शक्तिको विश्वास नभएपनि विभिन्न देवी देवताका मूर्त स्वरूप मानेर त्यहीअनुसार पूजा गर्ने परम्परा भने कायम नै छ । धर्म आस्था तथा विश्वासका केन्द्रविन्दु मानिएका देवी देवतालाई आराध्य देवता मानेर सुख, शान्ति र समृद्धिको कामना गर्दै कामभावद्वारा व्रत, उपासना र पूजाआजा गरिन्छ । वास्तवमै सृष्टि परम्परादेखि नै आराध्यदेवको व्रत, उपासना अथवा तपस्याद्वारा खुशी बनाउने कार्य हुने गरेको हामी पुराण, स्मृति, श्रुति तथा वेदको अध्ययनबाट थाहा पाउँछौं । मानिसले दैवी शक्तिको आराधना वा पूजाआजा कायिक, वाचिक र मानसिक पद्धतिद्वारा गर्ने गर्दछन् भने पूजाआजाको उद्देश्य कामभाव र निष्काम भाव दुवैबाट गरिन्छ । निश्चित शक्ति वा भौतिक रूप

मानेर भौतिक वस्तु चढाएर देवी देवताको पूजाको विशिष्ट वा महत्त्वपूर्ण परम्पराको रूपमा चलिआएको एउटा संस्कृति कूलपूजा परम्परालाई मान्न सकिन्छ ।

सनातन धर्म परम्पराअनुसार विभिन्न थर गोत्र सम्प्रदायले पूर्वजले मानेका कुलपरम्परालाई आधार मानी कुलपूजा गर्दछन् । स्थान र पद्धतिअनुसार एकै गोत्र सम्प्रदायमा पनि कुलपूजाको गर्ने तरिका भिन्न हुन सक्छ वा देखिन्छ । प्रचलित कुलपूजा परम्परालाई विभिन्न गोत्र सम्प्रदायका पद्धतिलाई हेर्ने हो भने सत्व, रज र तमो गुणलाई आधार मानेर गरेको बुझिन्छ । आर्य, खसलगायत अन्य जानजातिका कुलदेवता मष्टोका ९/१२ भेद ८४ वा १०९ मष्टोका चर्चा गर्दै ती मध्ये बलि खाने र नखानेका रूपमा विभक्त गरिएको छ । स्थानान्तरण, अन्य जातजातिसँगै सहसम्बन्ध, पुस्तान्तरण तथा अन्य कारणबाट भिन्नभिन्न स्थानमा बसोबास गरेका एउटै गोत्र वा एकै थरका समूहमा पनि कुलपूजा गर्ने प्रक्रिया र पद्धतिमा भिन्नता पाइएको छ ।

कुलपूजामा शिव, शक्ति, प्रकृतिसँगै स्थानिक/स्थानीय देवी देवताको पूजाआजा गरिन्छ । आफ्ना कुलदेवता परम्परामा रक्तसम्बन्धका सगोत्र मिलेर सनातन कालदेखि मान्दै आएका इष्टदेवको पूजा परम्परा नै कुलपूजा परम्परा हो ।

नेपाली समाज देवालीको पूजा गरिने देवीदेवताहरू पनि अनेक किसिमका छन् । अनेक नामले पुकारिन्छ । कहीं शिव, कहीं देवी, कहीं मष्टा, कस्यपाल, क्षेत्रपाल, मसानी, भैरव, प्रेतशक्ति, पिशाचशक्ति तथा सहायक गणका साथ अग्नि, जल, सूर्य तथा वनस्पति तत्त्वको पूजा गरिन्छ ।

कुलपूजा किन गरिन्छ ?

कुलपूजा वंश स्मरणको प्रचलित र प्राचीन संस्कार हो । आफ्ना सगोत्रीय वंशका उन्नति, प्रगति, विकास, शान्ति, समृद्धि तथा कल्याणका लागि सनातन परम्पराबाट चल्दै आएको आराध्यदेवको स्तवन नै कुलपूजाको मुख्य उद्देश्य हो । कुलदेवतालाई सन्तान सुख र समृद्धिका देवता मानिन्छ । त्यसैले कुलपूजा वा देवाली पितृवंशज स्मरण परम्परामा आधारित हाम्रो संस्कार र संस्कृतिको निरन्तरता महत्त्वपूर्ण हुन्छ त्यसैले जीवन्त राख्न पनि कुल जम्मा भएर गरिने कुलपूजा वा देवाली महत्त्वपूर्ण छ । वंश विस्तारसँगै टाढिँदै गएको नाता सम्बन्धलाई एकिकृत गर्नपनि कुलपूजाको विशिष्ट महत्त्व छ । पूजाआजा संस्कारजन्य पद्धति तथा प्रथा हो । अदृश्य शक्तिप्रतिको आस्थाका रूपमा कुलपूजा परम्परा रहेकोले बन्धुवान्धव सगोत्र भेला भएर कुलपूजा गरिन्छ ।

वंशविस्तार र विकेन्द्रिकरणसँगै विभिन्न स्थानमा बसोबास गर्ने गरेका वंश वा सगोत्रहरूमा पनि कुलपूजा गर्ने पद्धति र प्रक्रियामा समानता पाइन्न । पुस्तान्तरणसँगै कुलपूजा गर्ने पद्धति र प्रक्रिया रूपान्तरित हुन्छ -बसाइँसराइबाट विभिन्न स्थानमा पुगेका बन्धुवान्धव

नभेटिएका एकल वा संयुक्त परिवारमा कुलपूजा गर्ने पद्धति, प्रक्रिया वा विधि विधानमा फेरबदल भएको अझ पुस्तान्तरणमा त झन कुलपूजा नै बिर्सिएको अवस्था देखिएको छ । परम्परागत पद्धतिलाई अवलम्बन गरी पूर्खाले जस्तै गरिआएको कुलपूजा, कुलायन पूजा, देवालीको कुनै निश्चित विधिविधान नभएकाले पुस्तान्तरणमा ज्ञान, सीप र पद्धति हस्तान्तरण नहुँदा कुलपूजामा भिन्नता देखिएको हो, देखिंदै आएको हो त्यसैले एकै परिवारभित्र पनि एकरूपता नभएको हो भन्न सकिन्छ । अर्को कारण बसाइँसराई पनि हो । विभिन्न भौगोलिक परिवेशगत पुज्ने पद्धतिको प्रभाव कुलपूजामा परेको देखिन्छ । एकै गोत्रका एकै परिवारका बन्धुवान्धवमा पनि भिन्न भिन्न तरिका कुलपूजा गर्ने गरेका कारण अन्य समुदायसँगको हेलमेल, गोत्र परिवर्तन, धार्मिक मिश्रण तथा सहिष्णुता र उनीहरूका जस्तै जीवनपद्धतिको अवलम्बन पनि हुन सक्छ ।

यसरी वंश विस्तारसंगै पश्चिमबाट पूर्वतर्फको यात्रामा तथा देश विदेश पुगेका सगोत्र वंशहरूले समय र परिवेशअनुसार रूपान्तरित भएका देखिन्छन् भने अर्कोतर्फ कुलका बारेमा ज्ञान नभएको र पुस्ता परिवर्तनसँगै विधिविधान हस्तान्तरण नभएकाले कुल र कुलपूजाप्रति जानकार नभएकाले वंश पहिचान नै लोप हुने अवस्थामा पुगेको देखिन्छ । भाषागत, परिवेशगत, संस्कार र संस्कृतिगत भेद तथा अन्य जातजाति वा गोत्रको क्रियाकलापको अनुकरणमा पनि कुलपूजा गर्ने तरिका पद्धतिमा भिन्नता आएको मान्न सकिन्छ । त्यसैले सगोत्र वंशको कुल पुज्ने विधिमा एकरूपता ल्याउन वंशावली र कुल पुज्ने पद्धतिको अभिलेखीकरण आजको मूल आवश्यकता हो ।

कुलदेवता/इष्टदेवता

कुलदेवतालाई इष्टदेवता पनि भनिन्छ । इष्ट अथवा आराध्यदेवताका रूपमा पुजिने देवताका विभिन्न स्वरूप र नाम हुन्छन् । कुलकै देवता भएकाले कुलको वंश वृद्धिविस्तार, सुख र समृद्धिका लागि वंशज जम्मा भएर कुलपूजा गरिन्छ । विशेषतः कुलपूजामा (१) शिव (२) शक्ति (३) गैडु (४) मष्टो (५) स्थानिक/स्थानीय देवीदेवता, ताल, कुण्ड, नदी, देउराली, वनस्पति, रुख, पोखरीजस्ता प्रकृतिको पूजाआजा गरिन्छ । मुख्यतः पाञ्चायन तथा पाँच देवता कसैको त्योभन्दा धेरै वा कसैको तीन मात्र देवता मानेर वा स्थापना गरेर कुलका रूपमा पूजाआजा हुन्छ । कुलदेवताका रूपमा पाञ्चायन अथवा पञ्चभौतिक स्वरूप मानेर पुज्ने गरेको पनि पाइन्छ । यीबाहेक सगोत्र वंशले मान्दै आएको वायुदेवता र अन्य देवी/देवता जोडेर स्थापना गरी अन्य देवीदेवताका गण वा असुरको पनि पूजाआजा गरिन्छ । प्रायश : कुलका रूपमा यी देवताको पूजा गर्ने गरिएको छ जसको सङ्क्षिप्त परिचय यहाँ दिइएको छः

१. शिव/रूद्र/महारूद्र/क्षेत्रपाल/महापाल/कस्यपाल

सनातन धर्म संस्कृतिमा शिवलाई वैदिक तथा प्राचीन देवताका रूपमा मानिन्छ । रूद्रको वर्णन ऋग्वेदमा गरिएको छ । मानव सभ्यताको विकाससँगै धार्मिक आस्था र संस्कृतिको अवलम्बन गर्दा अथवा देवादिदेव महादेवलाई मानिएको छ । सिन्धु घाँटीको सभ्यताको विकास र त्यसबेलाका पुरातात्विक वस्तुको खोज अध्ययन अवलोकनबाट शिवलिङ्गको मूर्तिजस्ता वस्तु पाइएकाले पनि शिवलाई प्राचीनकालदेखि पुजिँदै आएको धार्मिक मान्यता पाइन्छ । शिव र लिङ्गको पूजाको संस्कृति त्यतिबेलाबाटै सुरू भएको हो मान्न सकिन्छ ।

वैदिक साहित्य र पद्धतिमा पनि शिवलाई रूद्र तथा महारूद्रका रूपमा पूजा गरिएको प्रमाण छ । शिवलाई त्रिदेवमध्ये महान्देव, देवाधिदेव मानिनुको कारण शिवको शक्तिका रूपमा जटाजूटधारी वायुमा विचरण गर्ने अग्नि, जल, तेज तथा मेघका अधिपति भएकाले हो । कृषि कर्ममा पनि पशुका पतिका रूपमा मानिने शिवको दयारूप कोमल तथा संहाररूप भयङ्कर देखिन्छ । वैदिक मानवले रूद्रलाई कल्याणको स्वरूपमा भनिएकाले एकादश वा एघार नाम भएका रूद्र तथा महारूद्रका विभिन्न नामले पूजा गर्दछन् ।

एकादश रूद्रका नाम यसप्रकार छन् :- (१) अजैकपाद (२) अहिब्रघ्न (३) त्वष्टा (४) विश्वरूपहर (५) बहुरूप (६) त्र्यम्बक (७) अपराजित (८) बृषाकपि (९) शम्भु (१०) कपर्दी (११) रैवत हुन् । यिनै कुनै नाम वा महारूद्रका रूपमा शिवको स्थापना गरी कुलपूजामा गरिन्छ ।

२. देवी /शक्ति /नवदुर्गा /काली/विन्ध्यवासिनी

शिव र शक्ति दुवै प्रकृतिका स्वरूप हुन् । शक्तिबिना कुनै पनि कार्य सफल हुँदैन । त्यसैले शक्तिका रूपमा देवीको पूजा गर्ने प्रचलन सनातन धर्म, हिन्दू तथा बौद्ध धार्मिक सम्प्रदायमा पाइन्छ । पुराण वा वेदलाई आधार मान्ने हो भनेपनि दुर्गा, शक्ति उपासना प्राचीनकालदेखि नै रहिआएको थियो भन्न सकिन्छ । ऋग्वेदमा उषा, सविता, शची, लक्ष्मी, सरस्वती, दुर्गा, काली, चण्डी, उग्रचण्डी, भद्रकाली आदि देवीको नाम उल्लेख गरिएको छ । शक्तिको पुज्ने परम्परा प्राचीनकालदेखि नै चलिआएको हो जुन अहिले पनि छ । शाक्त सम्प्रदायले यसको छुट्टै विधिविधानले गर्दछन् भने सनातन धर्मावलम्बीले निश्चित विधिविधानमा विशेषगरी नवरात्रीमा विशेष पूजाआजा गर्दछन् । वेद र उपनिषद्मा पनि शिवसँगै शक्ति र लिङ्गसँगै योनिलाई पुजिँदै आएको छ ।

काली, तारा, देवीका शक्ति कथासँगै देवीभागवत, देवीसूक्त, उषासूक्तजस्ता प्राचीन ग्रन्थले देवी उपासनाको महिमालाई उजागर गरेको छ । यज्ञमा स्वाहा र स्वधाका रूपमा पुजिने देवीको कुलपूजामा उपासना गरिन्छ । यसलाई विशेषगरी शक्ति प्राप्तिका लागि गरिएको प्रक्रिया पनि मान्न सकिन्छ :

यो न पूजयते नित्यं चण्डिकां भक्तवत्सलाम्
भस्मीकृत्वास्य पुण्यानि निदेहक्षमणीश्वरी ।

(देवी माहत्म्य)

देवताहरूले समेत सङ्कटका बेलामा गर्ने गरेको देवी उपासना तथा पूजा गरेको प्रक्रिया कै निरन्तरता नै हो, कुलपूजामा देवी वा शक्ति

पूजा । शक्तिका रूपमा मानिएका देवी, दुर्गा, काली, महिषासुरमर्दिनी, भगवती, चण्डी, उग्रचण्डी, महाकाली, मनकामना, विन्ध्यवासिनी आदि शक्तिका आराध्य देवी हुन् । पौराणिककालमा शक्तिलाई प्रमुख देवताकी प्रमुख शक्तिका रूपमा मानिएको छ । त्यतिबेलादेखि नै नवदुर्गाका रूप र अन्य नाममा शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, चामुण्डा, स्कन्दमाता, कात्यायानी, कालरात्री, महागौरी, सिद्धिदात्री, ब्राह्मी, वैष्णवी, महेश्वरी, कौमारी, ऐन्द्री, इन्द्राणी, वाराही आदि नामले स्तवन गरिन्थ्यो, पूजा गरिन्थ्यो । देवीलाई विभिन्न रूप वा गुणका आधारमा पुज्ने पद्धति त्यतिबेला देखि नै सुरू भएको हो । सौम्य रूप, प्रचण्ड रूप र कामप्रधान रूपमा देवी वा दुर्गा उपासना गर्ने प्रचलन यद्यपि छदैछ ।

ऐतिहासिक कालदेखि नै शिव र शक्तिको घनिष्ठ सम्बन्ध रहेको बुझिन्छ । शिव र पार्वतीका कथा, सुम्निमा र पारुहाङका कथा र रूप तथा शक्तिका महिमा बनेर आजका समयमा समेत प्रचलित छ । शिव र पार्वती, कुमार र गणेशको व्याख्यान आज पनि स्वस्थानी कथामार्फत् जनमानसमा सुनिंदै छ, पढिंदै आएको छ । शिव र शक्तिको उपासना कैलाश पर्वत, मानसरोवर हिमालय क्षेत्रमा बस्नेहरूले सुरु गरेका हुन् । शिवलाई आराध्यदेव माने र सँगसँगै शक्तिको पूजा गर्न थालियो भन्ने अनुमान गर्न कठिन छैन् । शिव र पार्वती वा दुर्गा, कालीका भयानक वा विभत्स नरमुण्डमालाधारी रूपलाई पहाडी आदिम जातिका मानिसद्वारा इष्टदेव मानिन थाल्यो र त्यसको निरन्तरतामा मातृशक्तिको रूपमा मानिएको देवीको उपासनाबाट शक्ति वृद्धि र पराक्रम हुने विश्वास भएकाले कुलपूजामा देवीको उपासना तथा पूजा गरिन्छ । देवीकै विभिन्न रूप स्वरूपमध्ये

नौ दुर्गा र अन्य स्थानीय नाम विन्ध्यवासिनी, मनकामना, वाराही, त्रिपुरासुन्दरी, भैरवी, मसानी, उग्रचण्डी, वागेश्वरी, कालिकामा यस्तै अन्य नामबाट देवीको उपासना कुलपूजामा गरिन्छ ।

३. ब्रह्म/काँडब्रह्म

कुलपूजामा देवताका रूपमा अमूर्त मूर्तिको स्थापना गरी सृष्टिकर्ताको स्वरूप ब्रह्म या काँडब्रह्मको पूजा गरिन्छ । सृष्टिकर्ताको आद्यरूप मानेर ब्रह्म वा काँडब्रह्मको पूजाआजा गरिन्छ ।

४. गैडु

गोठका प्रमुख देवतालाई गैडु भन्ने गरेको पाइन्छ । धनसम्पत्तिका मालिकका रूपमा पुजिने गैडुलाई, गोसाइँ, गोष्ठका देवता, पशुधनका रखवाला भनेर पूजा गरिन्छ । मानवसभ्यताको विकासक्रमसँगै मानवको सहयोगी जनावर र त्यसका रक्षक मानेर गैडु मानेर पूजा गरिन्छ । पशुपालक वा पशुपालनमा त्यो धनलाई रक्षा गरी वृद्धि होस् भनेर कुलपूजाको दिन गैडु, कुलदेव/देवीको पूजा गरिन्छ ।

कुलपूजापरम्परामा जम्माजम्मी दुई वटा गैडुलाई मृत्यु गैडु मानेर पूजा गरिन्छ ।

क) लक्ष्मी गैडु

शाकाहारीले लक्ष्मी गैडुको पूजाआजा गर्दछन् । दूग्धजन्य पदार्थ प्रसादका रूपमा चढाउँछन् । यो पूजामा बलि निषेध गरिएको छ ।

ख) शिकारी गैडु

मासांहारीले शिकारी गैडुको पूजाआजा गर्दछन् । विभिन्न रङका (निख्खर कालो सेतो वा खैरो) बोका, कुखरा, हाँस, परेवा, भेडा, राँगो आदिको बलि दिने गरिन्छ । शिकारी गैडुको पूजाआजा गर्दा बलि अनिवार्य मानिन्छ ।

आर्य संस्कृति अनुयायी हिन्दू धर्मावलम्बीहरूले गाईलाई गौमाता वा लक्ष्मीका रूपमा समेत पूजा गर्दछन् । धार्मिक अनुष्ठानमा समेत लक्ष्मीको उपासना र लक्ष्मीको रूपको पूजा गरिन्छ । कुलदेवताको पूजा गर्दा गैडु वा गोसाइँ देवताका रूपमा मानेर पूजा गरिन्छ । जसलाई गोठको रखवाला, गोठधनका रक्षकका रूपमा गैडुपूजा वा गोठपूजा महत्त्वपूर्ण छ । पशुधनको रक्षाका लागि शत्रू जनावरबाट बचाउन शिकारी देवता वा शिकारी गैडुको पूजा गरिन्छ । अकाल मृत्यु नहोस्, गोठ बढ्दै जाओस्, पशुधनको रक्षा होस् भनी लक्ष्मी तथा शिकारी गैडुको पूजा गरिन्छ । गैडु भनेकै गोठका देवता हुन् यिनको पूजाआजा गर्दा पशुधनको रक्षा हुने विश्वास छ । त्यसैले शिकार हुन बाट जोगिन शिकारी गैडु र अथवा पशुधनको वृद्धिका लागि लक्ष्मी गैडुका रूपमा लक्ष्मीको पूजा कुलपूजामा गर्ने गरिन्छ ।

४. मष्टो /मस्ट

मष्टो खस आर्यको मुख्य कुलदेवताका रूपमा मानिने देवता हुन् । नेपालमा बसोबास गरेका विभिन्न जातजातिहरूका विभिन्न संस्कार र संस्कृतिमध्ये एक प्राचीन र महत्त्वपूर्ण संस्कृतिका रूपमा चिनिने मष्टो पुज्ने संस्कृति पनि महत्त्वपूर्ण संस्कृति हो । आर्य खसले नेपालको भूभागभित्र तथा बाहिर रहेका विभिन्न जातीय समूहको एक

विशिष्ट परम्पराका रूपमा मान्दै आएका मष्टोलाई खस आर्य, किरात तथा अन्य जातजातिले कुल वा मूलदेवता मानी पूजा गर्दछन् अथवा मष्टो पुज्ने परम्परा अबलम्बन गर्दै आएका छन् । मष्टो के हो ? र किन मानिन्छ भन्ने कुरालाई धेरैले खोज र अनुसन्धान गरिसकेका छन् । मष्टोपरम्परा पहाडी सवंर्ण समुदाय ब्राह्मण, क्षत्री, किरात, राउटे, कुसुन्डा, तामाङ आदि जातिले मानवसभ्यताको विकाससँगै मान्दै आएका आधारलाई अध्ययन गर्नुपर्ने देखिन्छ । मष्टोको सामाजिक अवस्था, त्यसले पारेको जनजीवनमा प्रभावका लागि यसको सुरुमा गरिने प्रार्थनाको पद्धति, पहाडी तथा हिमालयका फेदीमा बसोबास गर्ने सबै जातजातिले आदिम परम्पराका रूपमा मान्दै आएका मष्टोलाई पूर्वज वा पुर्खाकै संस्मरण परम्परामा आधारित भएर मान्छन् । खासगरी कुलपूजा वा देवालीमा इष्ट देवताका साथमा मष्टो पूजा गर्ने प्रचलन छ । मष्टो पूजाको सुरुवात कहिले भयो ? यसको उत्पत्ति, परम्परा, संस्कार र संस्कृति बुझ्नका निमित्त आत्मा, परमात्मा र दुष्टात्माको बारेमा बुझ्नु जरुरी छ । इष्ट र मष्ट देवताकै रूपमा भएता पनि छुट्टाछुट्टै प्रकारले पुजिन्छ । खासगरी इष्ट देवता वा कुलदेवतालाई कुलको संरक्षक, कल्याणकर्ताका रूपमा पुजिन्छ भने मष्टलाई वंशपरम्परामा अकालमृत्यु भएका पुर्वजका वायु, प्रेतात्मा (अतृप्तआत्मा) वा वायु देवताको रूपमा पुजिन्छ । मष्टोको चर्चा गर्नुपूर्व आत्माको बारेमा बुझ्नु जरुरी छ । एकै थर, गोत्र तथा परिवारमा पनि भिन्न भिन्न मष्ट मानेर पूजाआजा गर्ने गरेको पाइन्छ यसको मूल कारण स्थानीय भेद र पुज्ने पद्धति नै हो भन्न सकिन्छ ।

मानिसको स्थूल शरीरभित्र रहेको ईश्वर तत्त्वलाई आत्मा भनिन्छ, आत्मा मानिन्छ । यो द्रष्टा हो, सबैको अन्तर्यामी भएर शरीरभित्र रहन्छ ।

येष आत्मेति होवाचैतदमृतमभयमेतद्ब्रम्हेति ।

(छान्दोग्योपीषद्)

यो जो स्वयं प्रकाशका रूपमा सबै प्राणीको शरीरमा स्फुरित भइरहन्छ । यो निर्विकार भएर कर्ता भोक्ता बन्दछ । त्यसैले मानिसको शरीर भित्रको सूक्ष्म जीवतत्त्व आत्मा हो । यो जन्म र मृत्युको चक्रबाट परिचालित छ ।

मृत्योःस मृत्युमाप्नोति य इह नानेव पश्यति (कठोपनिषद्)

ज़ीवित शरीरभित्र ईश्वर छ, जब शरीर वा देह ढल्दछ आत्मा सूक्ष्म रूपमा निस्केर र पुनःजीवको शरीर प्रवेश गर्दछ । आत्माको शरीरभित्र पस्ने र निस्कने एउटा निश्चित प्रक्रिया र गति छ त्यसलाई सामयिक वा कालगति भनिन्छ । कालगति वा सामयिक प्रक्रियाबाट देह ढल्नु वा मृत्युमा प्राप्त हुँदा आत्मा सजिलै उन्मुक्ति हुन्छ वा मोक्षको मार्गमा जान्छ भन्ने विश्वास छ ।

अकाल वा असामयिक मृत्यु भएकाहरू प्रेतात्मा भएर विभिन्न रूप लिएर अदृश्य स्वरूपमा भड्किरहन्छन् भन्ने प्राचीन मान्यता अझै समाजमा विद्यमान छ । जसलाई गरुडपुराणमा यसरी बताइएको छ :

उत्कचं मलिनं कुब्जं निर्मांसिं भीमदर्शनम्
अथ प्रेतं ददर्शासौक्षुत्तृड्म्या व्याकुलेन्द्रियम । २८।।

(गरुड पुराण ७/२०)

भोक र प्यासले व्याकुल इन्द्रिय भएको जीर्ण दुर्गन्धित कुब्ज अस्थिपञ्जर मात्र भएको प्रेतरूप राजाको सामुन्ने देखियो । त्यसैले मृत्युलाई सहज र असहज गरी दुई प्रकारमा बाँडिन्छ । मृत्युको प्रक्रिया सहज हुँदा कुनै समस्या हुँदैन् तर असहज मृत्यु हुँदा त्यसबाट उत्पन्न परिस्थिति फरक हुन्छ ।

जीवनलाई बोध गर्न वा बुझ्न मृत्युलाई बुझ्नुपर्छ, जान्नुपर्छ । मृत्यु स्वतः प्राप्त हुने प्रक्रिया हो, मृत्युका बारेमा हाम्रा धर्मशास्त्र तथा वैदिक साहित्यमा चर्चा परिचर्चा भएका छन् । महाभारत उद्योगपर्वमा सनतकुमारले मृत्युसम्बन्धी यस्तो दर्शन प्रस्तुत गरेका छन् :- त्यो ज्ञानले मृत्यु भयबाट मुक्ति प्रदान गर्दछ । अतः मृत्युसम्बन्धी समग्र ज्ञानको अन्वेषण आवश्यक छ, अर्थात् मृत्यु के हो भन्नेबारे वैज्ञानिक र दार्शनिक ज्ञानको स्थापना हुनुपर्छ । मानिसमा सबैभन्दा ठुलो डर नै मृत्युको हुन्छ । मरुँला भन्ने चिन्ताले मानिस सदैव छटपटाई रहन्छ । त्यसैले मृत्युबारे छलफल गर्न मानिस डराउँछन्, यद्यपि यो भूमण्डलमा जन्मेका जति प्राणी छन् तिनको जीवनको अन्त्य अनिवार्य छ, निश्चित छ, अकाट्य छ । मानव शरीरमा हुने पाटपुर्जा अथवा अङ्गप्रत्यङ्गले, काम नगर्नु (भौतिक पक्ष) एक किसिमको चेतना र जीवतत्त्वको (चेतन पक्ष) अन्त्यलाई मृत्यु भनिन्छ तर कतिपयको चेतनाले काम गर्दागर्दै जीवतत्त्वमा रोगव्याधीले नाश पारेपछि मृत्यु स्वतः स्वीकार्नु पर्छ । धेरैजसो मृत्युमा शरीररूपी पदार्थ र चेतनाको अन्त्य समान किसिमले मानिए पनि मानवमा भएको चेतना कसरी उड्छ भन्नेबारे विज्ञान तथा वैज्ञानिक खोज तथा अनुसन्धानले पनि निश्चित उत्तर दिन सकेको छैन् । त्यसैले हरेक धर्म जात, सम्प्रदाय वर्णमा अन्तिम अवस्थामा ईश्वरप्रतिको चिन्तन पाइन्छ ।

यो संसारको सृष्टि, जीवनजगत्‌को बारेमा सबैको व्याख्या विश्लेषण गर्न सक्ने शास्त्र वेद नै हो । वेद धर्मको मूल हो, आत्मा विश्वको मूल हो, शरीर धर्म साधना गर्ने मूल आधार हो । शरीर भए मात्र धर्म साधना हुन्छ । भौतिकवादीले शरीरलाई मुख्य आधार मानेका छन् भने अझ शरीरको उपयोगिता नै मूल विषय सम्झेका छन् । जब शरीर उपयोगविहीन हुन्छ त्यसको कुनै महत्त्व रहदैन । त्यसैले होला अहिले भौतिकवादको विकासले चरमोत्कर्षमा पुगेका मुलुकले वस्तुको उपयोगजस्तै आफ्ना आफन्तको देहलाई मात्र सम्झेका हुन्छन् । देहसँग आत्माको सम्बन्ध भनेको चेतना र पदार्थ भने जस्तै हो भनिन्छ ।

शरीरको उपयोगिता सकिएपछि विसर्जनको बाटोमा लाग्नु त प्राकृतिक नियम हो । जुनसुकै वस्तु होस् वा शरीरको समाप्ति वा विसर्जन हुन्छ, त्यो निश्चित छ । तर आध्यात्मवादीका धारणामा देहको विसर्जनमा केही फरक छ । पशुप्राणी र मानवको निधन एकै होइन भनेर नै संस्कारको चलन चलेको हो । भौतिक शरीरको अन्त्यका हिसाबले उस्तै हो तर आत्मिक सम्बन्धका हिसाबले फरक छ । भौतिकवादीहरू वस्तुको उपयोगमा विश्वास राख्छन् जसरी वस्तुको उपयोगिता सकिन्छ त्यसरी नै पितामाताको उपयोग सकिएपछि उनलाई आफूभन्दा अलग राख्न वृद्धाश्रम बनाउने वा आफू टाढा हुने चलन सम्पन्न देशको संस्कृतिले देखाएको छ । अझ कतिपय भौतिक सम्पन्न मुलुकमा त छोराछोरी अठार वर्ष पुगेपछि बाबुआमाबाट अनिवार्य रूपमा छुट्ट्याएर राख्नुपर्ने नियममै छ भने अर्कातिर बाबुआमा पनि लामो समयसम्म सँगै बस्ने अवस्थामा हुँदैन । (उनीहरू बिचको सम्बन्धविच्छेद गरी छोराछोरी र प्रौढ बाबुआमाका बिचको नाता नै विलीन हुने सम्भावना हुन्छ ।) यसरी

भौतिकवादी जीवन दर्शनमा आमाबाबुप्रति श्रद्धाञ्जली, स्मृति र शोक बार्ने चलन कमै छ । भौतिकवादमा शरीर नै मुख्य भएपछि आत्माको अमरत्वलाई प्रधानता दिंदैनन् । यही नै हो, आध्यात्मवादी र भौतिकवादी जीवनदर्शन बिचको फरक र संस्कारगत भिन्नता पनि यही हो।

समग्र पूर्वीय दर्शन र उपनिषद्मा मृत्युबारे प्रशस्त चर्चा भएका छन् । परलोक र पुनर्जन्मको अवधारणा त्यो छलफलबाट निस्केको निष्कर्ष नै जीवनको अमरत्व प्राप्ति हो । जीवनमुक्तिको वेदान्ती अवधारणा त्यस्तै अर्को निष्कर्ष हो । आत्माको अमरत्व पनि मृत्यु चिन्तनबाट निस्केको निष्कर्ष हो । शरीरको अन्त्य हुनु शरीरको मृत्यु हो आत्मा त अमर तत्त्व हो । शरीरको जीर्णता र वृद्धत्वसंगै भएको मृत्युलाई नै मृत्यु भनी स्वीकार गर्न हिन्दू विज्ञानले चाहेको छैन र मान्दैन् ।

देह र आत्माको स्वरूपको चर्चासँगै आत्मा र प्रेतात्माको चर्चा पनि गरिएको छ । सहज मृत्यु र असहज मृत्यु, मोक्ष र प्रेतयोनी जस्ता प्रसङ्गको उदाहरण पुराणहरूमा पाइन्छ । आत्महत्याको चर्चा पनि विभिन्न शास्त्रहरूमा लेखिएका छन् । अतृप्तआत्मा प्रेतात्मा, किचकन्नी, भूत, प्रेत, पिशाच, काँचो वायुजस्ता असहज मृत्युबाट भएका प्रेतात्माको कुरा गरिएको हुन्छ । मृत्युका बारेमा श्रीमद्भगवत्गीतामा श्रीकृष्णले अर्जुनलाई जन्म हुनेको मृत्यु र मृत्यु हुनेको पुनर्जन्म निश्चित छ भनी सम्झाएका छन् । वास्तवमा मृत्यु भनेको पनि यस्तै रहेछ ।

न जायते म्रियते वा कदाचिन्नायंभूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने
शरीरे ।। २। २०।।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोपराणि ।
तथा शरीराणि विहाय जीर्णा न्यन्यानि संयाति नवानि
देही ।।२.२२।।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवजन्म मृतस्य च ।
तस्मादपरिहार्ये र्थे न त्वं शोचितुमर्हसि ।। २.२७ । गीता ।

जीवविज्ञानलाई विश्वास गर्ने हो भने मानव शरीरको अन्त्य हुन्छ, त्यसका वंशाणुगत अंशहरू उनका छोरा-छोरी र तिनका पनि सन्तान दरसन्तानमा जीवित हुन्छन् । पूर्वीय समाजमा उसको कर्म र सन्ततिको चर्चा गरिन्छ । पश्चिमी संस्कारमा जब कुनै व्यक्तिको मृत्यु हुन्छ, त्यसबेला तिनका छोरा-छोरीको संख्या गनेर सबैका माध्यममा ती दिवङ्गत व्यक्ति जीवित छन् भन्ने धारणा प्रकट गरिन्छ ।

संसारमा पुनर्जन्मका बारेमा निकै खोज र चासो देखिन्छ । समय-समयमा पत्र-पत्रिका र अन्य सञ्चार माध्यमद्वारा पूर्वजन्म र पुनर्जन्मका बारे चर्चा गरिएको हुन्छ । के मृत्युपछि पुनर्जन्म हुन्छ त ? पूर्वीय धर्मशास्त्रले त वनस्पति र हरेक जीवजन्तुको पनि पुनर्जन्म हुन्छ भन्छ । के यी कुरा सत्य हुन् ? प्रमाणित हुन सक्लान् ? हरेक जीवजन्तुको पुनर्जन्म हुन्छ, यसबारे स्पष्ट खोज अनुसन्धान गरिनुपर्छ ।

बौद्ध दर्शनमा मृत्यु चिन्तनलाई यसरी प्रस्तुत गरिएको छ : जीवन अनित्य छ । यस विषयमा बुद्धका चार आर्य सत्यमा भन्दछन्: हे भिक्षुहरू दुख प्रथम आर्य सत्य हो, जन्म पनि दुख हो, वृद्धावस्था, मृत्यु, शोक वेदना यी सबै दुख हुन् । तर मृत्यु आफैंमा खराब होइन, यो अनिवार्य शर्त हो । चार्वाकले आत्मा मान्दैनन् नाशवान्, शरीर हो

समय आएपछि जान्छ भन्छन् । जैन दर्शनले मृत्युका विषयमा वैज्ञानिक धारणा राखेको छ । हामीले मृत्युका बारे दुख मान्नुपर्ने कुनै कारण छैन्, यो शाश्वत नियम हो । यसलाई नकारात्मक धारणाले हेर्नुको औचित्य पनि छैन । त्यसैले हामी जसरी जन्मलाई मङ्गलका रूपमा लिन्छौं मृत्युलाई पनि त्यसरी नै लिनुपर्दछ । गरुडपुराणमा मृत्युका बारे मनुष्यको अन्त्येष्टि विधान र पुनर्जन्मको प्रक्रियाको उल्लेख गरिएको छ । सुकरातले परलोक र पुनर्जन्मलाई विश्वास गरेका छन् ।

यसरी हेर्दा विभिन्न धर्म, दर्शन तथा विचारले आत्माको अमरत्वलाई स्वीकारेको छ । मृत्यु दर्शनले सभ्य मानिसलाई अनादिकालदेखि घच्घच्याउँदै ल्याएको छ । **कृष्णयजुर्वेद** र **कठोपनिषद्**का मूल विषयवस्तु आफ्नै प्रकारले र चिन्तनका आधारमा मृत्युबारे गरिएको मानव इतिहासको पहिलो अभिलिखित ग्रन्थ हो । नचिकेता र यमराजबिच मृत्युबारे लामो छलफल चल्दा विद्या र अविद्या, विज्ञान र ज्ञान, सम्भूति र असम्भूति, अस्तित्व र अनस्तित्व, कल्याण र करुणा तथा इहलोक र परलोक आदिको कुराकानी भएको थियो ।

त्यसैगरी अन्य विद्वान्ले मृत्युका बारेमा आआफ्ना दृष्टिकोण राखेका छन् । किर्केगार्डले अस्तित्व र वरणअन्तर्गत मृत्यु सम्बन्धमा चर्चा गरेका छन् । उनले धर्म र दर्शनको उद्भव नै मृत्युको (भय) बाट भएको हो भनेका छन् । किर्केगार्डले आफ्नो दर्शनलाई विषयनिष्ठ (objective) र विषयीनिष्ठ (subjective) चिन्तनबाट विश्लेषण गरेका छन् । त्यसमा पनि उनको चिन्तन मूलतः विषयनिष्ठ अथवा आत्मपरक दृष्टिकोणलाई उनले बढी रूचाएका छन् । त्यसैले उनी भन्छन् मृत्युको अर्थ आत्मपरक सत्य हो । त्यसकारण यसलाई

आत्मपरक रूपले मात्र राम्रोसँग बुझ्न सकिन्छ । तर धेरै मानिसले मृत्युलाई वस्तुगत रूपले मात्र बुझ्दछन् । उनका विचारमा हाम्रो शारीरिक जीवन केवल मृत्युको सततः स्थगन (postponement) मात्र हो । औसत व्यक्तिमा मृत्युचेतना (Death awareness) रहेको पाइँदैन तर मृत्यु चिन्तन भने रहेको पाइन्छ । किर्केगार्डका विचारमा युवा अवस्थामा हामीमा मृत्युसम्बन्धी कुनै ज्ञान हुँदैन, यद्यपि मृत्यु हामीसँगै साथ रहेको हुन्छ । उनले आफ्नो मृत्युसम्बन्धी विचारमा आत्माको अमर अवधारणालाई स्वीकार गरेका छन् । उनले अमरतामा विश्वास मानवजातिको डरलाग्दो मृत्यु भयको प्रतीक हो भनेका छन् । किर्केगार्डको विश्वास छ कि मृत्युको आत्मपरक सत्यलाई बुझ्नका लागि आन्तरिकता (inwardness) को आवश्यकता हुन्छ ।

हाइडेगरले मृत्युको अनुमति प्रायः सबै अस्तित्ववादी चिन्तकले जीवनको मृत्यु विषयलाई अस्तित्वपरक आधारमा व्याख्या र विश्लेषण गर्ने प्रयत्न गरेका छन् । तिनमा पनि हाइडेगरको मृत्युचिन्तन बढी गहन, व्यापक र अस्तित्वपरक छ । उनले आफूलाई अस्तित्ववादी चिन्तकका रूपमा चिनाउन चाहेका छैनन् । तर पनि उनको दर्शन अस्तित्ववादी विचारबाट अभिप्रेरित छ । अस्तित्ववादी दर्शनमा मृत्युचिन्तनका विषयमा चर्चा गर्दा हाइडेगरले मृत्युको अनुभूतिलाई बढी महत्त्व दिएका छन् । उनका अनुसार मृत्यु निश्चित भविष्य हो । उनका विचारमा मानव अस्तित्वको भविष्यका सम्बन्धमा यदि कुनै पूर्णता छ भने त्यो केवल मृत्यु नै अनिवार्य शर्त हो । जीवनको क्रम यसरी नै चलेको छ ।

जन्म, यौवन, जरा वा वृद्धवस्था जीवनको नियमित प्रक्रिया हो । यसलाई बुझ्ने एउटै उपाय ज्ञान हो ।

निवृत्त रागस्य गृहं तपोवनम्

निवृत्त भएपछि वैराग्य आउँछ त्यसपछि घर पनि वनजस्तै हुन्छ ।

तृष्णा नजीर्णा वयमेव जीर्णा

प्राकृतिक स्वभाव नै हो; बूढो भएपछि संसार छाड्नैपर्छ, सम्पूर्ण तृष्णालाई त्यागेर जानुपर्ने रहेछ । मृत्युको यो अनुभूति सृष्टिको प्रारम्भदेखि अनादिकालसम्म रहिरहन्छ । सामान्यतया मानिसका विचारमा मृत्यु एउटा निराशाजनक विषय हो र भरसक यसलाई पन्छाउन चाहन्छ । तर कुनै शर्तमा पनि काल पन्छिदैन, निशर्त यसलाई स्वीकार्नु पर्छ अर्को विकल्प छैन र हुँदैन पनि । मृत्युलाई विभिन्न शब्दले यसरी भनिन्छः निधन हुनु, देहावसान हुनु, मर्नु, स्वर्गे हुनु, परलोक जानु, चोला बदल्नु, देह त्याग्नु, मुक्त हुनु, आँखा चिम्लनु, जिब्रो टोक्नु, खुत्रुक्क हुनु, मास छर्न जानु, खस्नु, खुट्टा तान्नु, चोला बदल्नु, सिलटिम्बुर खानु, दिन सकिनु, लम्पसार पर्नु, भोगभाग सकिनु, कालले लैजानु, दैवले लैजानु, प्राण त्याग्नु, हावा खानु, ज्यान जानु, सास फेर्न बिर्सनु, माथि जानु, परमधाम जानु, बैकुण्ठवास हुनु, दिवङ्गत हुनु, ब्रह्मलीन हुनु, चीरनिद्रामा जानुजस्ता शब्द नेपाली जनजीवनमा बोलिने मृत्युसम्बन्धी लोकबोली हुन् । नेपाली जनजीवनमा मृत्यु भनेको ठुलो त्रासदीभित्र लुकेको विषय हो । यो कालले जसरी भोकले खरिएको सर्पले मुसालाई भेट्दा एक गाँस पार्छ त्यसैगरी प्राणीजतिलाई पनि कालले समाप्त पार्छ । काल भनेको समय हो । दिन र रातजस्तै त्यसैले जन्म र मृत्यु भनेका सिक्काका

Acc. 3८५८ 3८५८

दुई पाटा हुन् । यो सामान्य प्रक्रिया नै हो सामयिक मान्दा शरीरबाट विधिगत प्रक्रियामा मृत्यु हुन्छ तर असामान्य प्रक्रिया, आत्महत्या, दुर्घटना तथा भवितव्यबाट मृत्यु हुँदा भने त्यो मोक्षका लागि भड्किरहन्छ, प्रेत बन्छ भन्ने लोकविश्वास पनि छ । यसरी असामयिक वा भवितव्यबाट भवितव्यबाट मृत्युवरण गरेकाहरू प्रेतात्मा बन्दछन् ।

तर प्रेतात्माका बारेमा भन्नुपर्दा असामयिक मृत्यु वा दुर्घटनाबाट मृत्यु हुँदा प्रक्रियामा त्रुटि हुन्छ र आत्माले आफ्नो सहि मार्ग समात्न सक्दैन एउटा जीवको शरीरबाट त निस्कन्छ तर त्यसको गतिमा रुकावट हुने हुनाले त्यो प्रेतात्मा वा दुष्टात्मा भएर अदृश्य वायुरूपमा यत्रतत्र घुम्दछ भन्ने मान्यता छ ।

जबसम्म त्यसले प्रक्रियागत गति वा बाटो समात्दैन्, तिनीहरू अतृप्त भएर भड्किरहन्छन् । त्यसलाई हाम्रो परम्परामा प्रेत वा काँचो वायु भन्दछौ । कालगतिले मरेका पूर्वज वा पुर्खाहरू पितृ बन्दछन् भने अकाल वा असामयिक मृत्यु भोगेकाहरू प्रेतात्मा वा काँचो वायु वा प्रेतात्मा/अतृप्तआत्मा बन्दछन् । त्यो काँचो वायु वा प्रेतात्मालाई विधिपूर्वक पूजाआजा गरी मनाएर निश्चित स्थानमा लगेर राखिन्छ जसलाई वायुका रूपमा पूजिने भएकाले यसलाई नै वायुदेवता पनि भनिएको पाइन्छ । मृत्युपछि परलोक वा स्वर्ग जाने मान्यता हिन्दू धर्मको छ भने मृत्युपछिको निर्वाण वा मोक्ष पुनर्जन्मका कुरा अन्य धर्ममा पनि पाइन्छ । यो सामयिक वा समय, कालगतिअनुसार प्रक्रियासम्मत भएको मृत्यु हो तर असामयिक, अकाल, दुर्घटना वा भवितव्यबाट मृत्युवरण गरेकाहरू मृत्युपछिको मोक्षका लागि तड्पिइरहने जनविश्वास तथा धार्मिक विश्वास रहेको छ । त्यस्ता

मानिसमा आत्मा मोक्ष प्राप्त नभएसम्म तिनीहरू यतै आफ्ना कुल वंश तथा परिवारका वरिपरि घुमिरहेका हुन्छन् । तिनीहरूकै एउटै मात्रा आशा मोक्षका निमित्त परिवारले गरिदिने धार्मिक कार्य वा सहज प्रक्रिया हो । मोक्ष प्राप्त गर्न नसकेका वा पितृका रूपमा नमानिएकाहरू वायुका रूपमा रहन्छन् र विभिन्न स्वरूपमा देखिन्छन् । यसरी विभिन्न समयमा विभिन्न स्वरूपमा आएर वंश वा परिवारभित्र समस्या उत्पन्न गराउने ती प्रेतात्मालाई काँचो वायु मानिन्छ र उचित प्रक्रिया पुऱ्याई बोलाएर थन्को लगाउने चलन वा परम्परा अद्यपि हाम्रो समाजमा प्रचलित छ, जसलाई वायु उतार्ने पनि भनिन्छ । वायु उतार्ने र चाहेको कर्म गरिदिएर निश्चित स्थानमा लगेर पितृदेवताकै स्थानमा लगेर पूजा गर्ने भएकाले वायुदेवताका रूपमा मानिन्छ । यसरी कालचक्रको अनियमित प्रक्रियाबाट मृत्युवरण गरेका आत्मा, वा प्रेतात्माका रूपमा घुम्दछन् र कमजोर व्यक्तिका शरीरमा प्रवेश गरी तृप्तिका निमित्त अनेकन् दुःख दिन थाल्दछन् । एकाध वंशी वा सगोत्रीका शरीरमा प्रवेश गरेका ती दुष्टात्मा वा प्रेतात्मालाई धामी झाँक्रीद्वारा बकाइन्छ बोल्न लगाइन्छ र उसको ईच्छा मुताविक निश्चित स्थानमा लगेर राखिन्छ । जुन प्रक्रियालाई नेपाली संस्कृति वा परम्परामा वायु उतार्ने प्रक्रिया वा तरिका भनिन्छ र पछि अग्निद्वारा चोख्याइ (खलि खाने वा ख्वाउने) पितृस्वरूप बनाएर वायुदेवताका स्थानमा लगेर देवताका रूपमा पुजिन्छ त्यो नै प्राचीनकालदेखि मानिएको मष्टो कै प्रारूप हो भन्ने गरेको पाइन्छ ।

त्यसैले वायुदेवताको स्वरूप नै आज आएर मष्टो भएको हो भन्न सकिने आधार निर्माण भएको छ । मष्टोको कुनै स्वरूप नभएको र स्थान विशेषका रूपमा चिनिएकोले मष्टोको प्राचीन रूप वायु नै हो

भन्ने विभिन्न आधारहरू छन् । जसलाई विभिन्न स्थानमा लगेर राखियो त्यही स्थानको नामबाट चिनिएको छ । स्थानीय चलनचल्तीका भाषाकै नामबाट नामकरण गरिएको मष्टो, मस्ट, मरुत वा वायुकै अवशेष हो भनेर अनुमान गर्न सकिन्छ तर यसको विशद् अध्ययन हुन अझै बाँकी नै छ । मष्टो पुज्ने पद्धति र प्रक्रिया र धामीको शक्ति तथा उसका विभिन्न क्रियाकलाप हेर्ने हो भने (मरुत) असुरकै रूपमा मष्टोको अवशेष मान्नुमा दुईमत छैन् । खस आर्यले मष्टोको रूपमा पूज्दै आएका वायुलाई विभिन्न जातजातिले आ-आफ्ना भाषा र संस्कारअनुसार विभिन्न रूपमा पुज्दै आएकाले पनि यो प्रेतात्माकै अवशेषका रूपमा मान्न सकिन्छ । कुलायन पूजा, कुलदेवतासँगै मष्टो वा वायुदेवतालाई पूजाआजा र प्रसाद चढाइने परम्परा नै मष्टो पुज्ने संस्कृति र परम्पराका रूपमा मान्न सकिने स्पष्ट आधारहरू समाजमा विद्यमान रहेका छन् ।

इष्टदेव र मष्टो

कुलवंशपरम्परामा अग्रज, आफन्तले पितृलाई सम्झदै सनातन कालदेखि मानिआएका आराध्य वा उपासना गरिआएका देवीदेवतालाई इष्टदेव भनिन्छ । कुलको संरक्षक र कल्याणकर्ताका रूपमा पूजिने इष्टदेव वा देवीलाई सुख, शान्ति, आरोग्य, ऐश्वर्य र कल्याणका निमित्त पुजिन्छ । आफ्ना पितापुर्खा वा पितृलाई गरिने पूजा इष्ट, देवपूजा कुलपूजा वा कुलायन पूजा हो । पितृलाई वसु, रुद्र, आदित्य स्वरूप मानेर पूजा गर्ने परम्परा सबै जातजातिमा पाइन्छ । 'पितृ पुज्ने उँभो हुँदैन्, देउता पुज्ने उँधो हुँदैन्' भन्ने मान्यता छ । पहिले पितृ पछि देउता पनि भनिन्छ त्यसैले श्राद्धको दिनमा नित्यपूजा रोकेर पितृपूजा गरिन्छ र श्राद्ध नसकिएरसम्म योगी, भिक्षुक वा पथिकलाई केही पनि नदिने प्रचलन हालसम्म पनि हाम्रो समाजमा विद्यमान छ । विभिन्न पूजाआजा वा विशेषकर्ममा पितृ र कुलदेवता तथा मानि आएका अन्य देवी देउतालाई पहिले नै छुट्याइ दिने गरिन्छ । देवता र पितृको स्थान भिन्दै भएकाले यसो गरिएको हो । देवताले खुशी भएर दिएका पनि 'पितृ खुशी नहुँदा हरिन्छ' भनेर देउताले दिने पितृले हर्ने भन्ने लोकोक्ति प्रचलित छ ।

मष्टो/मस्टको परिचय

कुलदेवता वा कुलायन पूजामा इष्टदेव, गैडु, क्षेत्रपाल, आद्यशक्ति, प्रकृति पुज्ने तथा पितृपुज्ने परम्परामा देवताका रूपमा मष्टोको पूजा गरिन्छ । प्राचीन समयदेखि खस आर्य, किरात तथा अन्य जातजातिमा समेत परम्परा मानिएको मष्टो उपासना निकै महत्त्वपूर्ण मानिन्छ । मष्टो शब्दको व्युत्पत्तिमा समेत विभिन्न विद्वान्हरूले भिन्न भिन्न मत राखेका छन् । जसलाई यहाँ प्रस्तुत गरिएको छः–

आर्यखसले प्रयोग गरेका 'मरुत्तस' शब्द जसले वायुदेवता मान्दथे, त्यसैको अपभ्रंशबाट मरुत्तस– मउत्त–मउट्ट–मष्ट/मष्टो भयो भन्ने तर्क रामबहादुर बानियाँले राखेका छन् ।

संस्कृतिविद सत्यमोहन जोशीका अनुसार "कर्णाली अञ्चलको सिंजा खोला, सिंजा भाषामा मान्छेलाई मन्ठा/मन्ठ/मान्ठा भन्दछन् अनि मर्त्यलोकलाई मन्ठालोक/ मन्ठालोक, यसैबाट मष्टा/मष्टोको व्युत्पत्ति भएको हो भन्ने तर्क राख्दछन् ।

कस्साइट वा खसहरूको देवता जनाउने पारिवारिक वा कुलको शब्द मशुबाट विस्तारै अपभ्रंश भई मशु–मष्ट /मष्टो बनेको हुनसक्ने विचार टि.जी. पिन्चेजको रहेको छ ।

मष्टो संस्कृत शब्दको मस्तबाट विकसित भएको हो भन्ने तर्क प्रा.डा.पेशल दाहालको रहेको छ ।

मस्टोका बारेमा अध्ययन गरेका श्यामबहादुर खड्काका भनाइमा वेदमा उल्लेख भएअनुसार स्वर्गका राजा र बाह्र आदित्यमध्ये एक ईन्द्रलाई मौसम र सहकालका देवताका रूपमा पूजिन्छ र त्यही इन्द्रपुत्रका रूपमा वैदिक विधिअनुरूप पूजा गरिने जयन्तको अर्को रूप नै मष्टो वैदिक देवता हुन् (खड्का, २०७६ : १२५)

बालकृष्ण पोखरेलका अनुसार मरुत दैत्य भएर पनि आदित्यका स्नेहभाजन बने किनभने ती असुरका विरोधी थिए । मदि (माधव) हरू असुर विरोधी भएकै कारण पुजनीय भए परन्तु असुरका एकै गोत्रका पारसीकहरू भने आफ्नो जेन्द आवेस्ता (सिन्ध आपुस्त्य) नामक पवित्र ग्रन्थमार्फत् पछिसम्म पनि असुर (अहुर) लाई मज्दा-मस्त अर्थात् शीर मानेर पूजा गर्नमा तल्लीन रहे (पोखरेल २०७५ : २३६) यहाँबाटै असुर अथवा मस्ट/ मष्टो पूजाको परम्परा सुरु भएको हो भन्ने अनुमान छ ।

प्राग्वैदिक कालदेखि प्रचलनमा आएको मरुत (वायु) वा महा + इष्टबाट मष्टो बनेको वा मरुत गणका स्वामी शिवको मस्तकबाट नै मष्टो बनेको हो भन्ने तर्क युक्तिसंगत छ । शैव मार्गीहरूले शिव र शिवका गणलाई मान्ने परम्परा अन्तर्गत नै मष्टो परम्पराको थालनी भएको हो भन्न सकिन्छ । शिवसँगै शिवका गण भूतप्रेत, नन्दी, भृंगी

र चतुषष्टि योगिनी आदिको उल्लेख विभिन्न पुराणमा चर्चा गरिएकै छ । संस्कृतको मरुत्तसबाट मरुत बनेपनि कश वा खसजातिले कुलदेवतासँगै हिमाली देवताका रूपमा पूजा गर्ने वायुदेवता जसको शाब्दिक अर्थ अक्कासको देवता, दशदिशा मध्ये वायव्यकोणको अधिदेवता वायुदेवता जसलाई पुराणहरूले ४९ वायुको संख्यामा रहेको र तिनलाई दैत्य (असुरसँग) तुलना गरेकोले दुष्टात्मा वा प्रेतात्मालाई विधिपूर्वक पुजेर निश्चित स्थानमा राखी पूजा गर्ने परम्परा नै मष्टो हो भन्न सकिन्छ । तेत्तीसकोटी देवतामध्ये एकादश रूद्र (११), अष्ट वसु (८), द्वादशादित्य (१२), र अश्विनी कुमार(२) मानेर ३३ गनिएको छ । जसलाई यहाँ प्रस्तुत गरिएको छ :

एकादश रुद्रको नाम

(१) अजैकपाद (२) अर्हिब्रुध्न (३) पिनाकी (४) विश्वरूपहर (५) बहुरूप (६) त्र्यम्बक (७) अपराजित (८) बृषाकपि (९) शम्भु (१०) हवन (११) रैवत हुन् ।

अष्टवसुको नाम

१. सावित्र २. ध्रुव, ३. सोम, ४. धर ५. अनिल, ६. अनल, ७. प्रत्यूष र ८. प्रभास (विष्णुपुराण)

द्वादश आदित्यको नाम

१. धाता २. मित्र, ३. जयन्त ४. पूषा, ५. अर्पण ६. वरुण, ७. भग, ८. त्वष्टा, ९. अंश १०. इन्द्र, ११. भाष्कर र १२. विष्णु र

दुई अश्विनी कुमार १. **नासत्य,** २. **दक्ष** गरी ३३ प्रकार अथवा तेत्तिसकोटी देवता मानिएको छ ।

यिनै द्वादशादित्यमध्येका (कतै इन्द्रपुत्र जयन्त भनिएको कतै मरुत भनी उल्लेख गरिएको) वायुलाई पार्थिव उपासकका रूपमा आकाशका देवताका रूपमा अदृश्य शक्ति मानी मष्टोका रूपमा पुजिन्छ ।

यसरी हेर्दा वंश वा कुलीन परम्परामा अकाल गतिद्वारा मरेका वा मारिएका वंशका सगोत्रीहरूको प्रेतात्मालाई विधिविधानपूर्वक सहीक्रममा ल्याई मानिएको र पूजाआजा गर्दै आएको अवस्था ज्ञात हुन्छ । प्रचलनमा कुलायन पूजा वा देवालीमा मष्टो धामीले देखाउने व्यवहार वा शक्ति प्रदर्शनलाई प्रत्यक्ष हेर्न र उद्धारा गरिने क्रियाकलापमा आसुरी प्रवृतिको प्रचुर प्रभावको मात्रा पाइन्छ : जस्तै कुनै जीवलाई दाह्रा किटेर लुछीलुछी मार्नु, टोक्नु नङ्ग्रा गाड्नु रगत पिउनु जस्ता यावत् क्रियाकलाप आदि । त्यस्तै वायुपूजामा धामीले गर्ने शक्ति प्रदर्शनबाट पनि मष्टोको आदिम रूपको कल्पना गर्न सकिन्छ यो प्रेतात्मा वा वायु देवताकै उग्र रूप हो भन्ने यसले आम मानिसले अन्य समयमा भन्दा फरक चालचलन देखाउँछ भने उसका व्यवहार समेतमा भिन्नता पाइन्छ ।

मष्टोको प्रकार

मष्टो शब्दको पर्यायवाची शब्दका रूपमा मष्ट, मष्टा, मैठा, मैठो, मुइठा, मुस्टो, मुन्ठा, मुन्ठो मोष्ठा आदिको उच्चारण गर्ने गरेको पाइन्छ । मष्टो पुज्ने छुट्टै कुनै प्रचलन वा विधिविधान नभएकाले कुलपूजा वा कुलदेवताकै रूपमा गरिने हुनाले नेपाली संस्कृतिमा बराह वा बाह्र मष्टा र नौ भवानी भनी पुज्ने प्रचलन छ । हाल नेपाली संस्कृतिमा खस आर्य, दशनामी, किरात, तामाङ तथा अन्य जातिले पुज्दै आएका मष्टो वायुदेवताकै रूपमा पुजिएको छ । तान्त्रिक विधिद्वारा मष्टो धामीले शरीर कमाएर मष्टो प्रवेश गरी पूजारी वा धूपौरेले पुज्ने गर्दछ । यसको प्रचलन प्राचिनकालदेखि भएता पनि निश्चित समय भने किटान गर्न सकिएको छैन । तर के चाहिं भन्न सकिन्छ भने मष्टोसँगै कुलपूजा र शिवको आराधना पूजा साथसाथै हुने भएकोले मानवसभ्यतासँगै यसको उत्पत्ति भएको भन्ने आधारहरू प्रशस्तै छन् ।

धर्म संस्कृतिको उत्पत्तिसँगै आत्मा, परमात्मा, ईश्वरको चिन्तन र पूजाआजाको परम्परा जोडिएको हो । त्रिदेवमध्ये ब्रम्हा, विष्णु, भन्दा पनि शिवको पूजालाई सर्वोत्तम मान्दै कुलपूजा गर्ने कुलीनपरम्परा

सबै जातजातिमा पाइन्छ । शिवको पूजासँगै उनका मरुतगण वा वायुदेवता, भूतप्रेत चौसठ्ठी योगिनी, नन्दिभृङ्गी गणका बारेमा केदारखण्डको माघ महात्म्यमा वर्णन गरिएको छ भने मरुतगण र ४९ वायुका बारेमा विभिन्न पुराणहरूमा चर्चा गरिएको पाइन्छ ।

मष्टो पुज्ने संस्कृति र परम्परालाई आधार मान्दा हाल मष्टोको रूपमा मान्दै आएको बाह्र भाइ मष्टोलाई क्रमश : जेठोदेखि कान्छोसम्म मानिन्छ । बाह्र मष्ट यसप्रकार छन्:

१) ढँडार मष्टो

२) खापर,(खप्तड) खप्पर मष्टो

३) तेडी मष्टो

४) कवा मष्टो

५) काल सिल्ला मष्टो

६) रुमाल मष्टो

७) बुडु मष्टो

८) थार्प मष्टो

९) गुरो मष्टो

१०) दाह्रे मष्टो

११) दूधे मष्टो

१२) बाबिरो मष्टो

मष्टोका नौ दिदीबहिनीका रूपमा शक्तिलाई पूजा गरिन्छ ती यसप्रकार रहेका छन् :

१) कालिका

२) मालिका

३) कनकासुन्दरी

४) त्रिपुरासुन्दरी

५) जालपादेवी

६) खेसमालिनी

७) ठिङ्याल्नी

८) हिमालीनी र

९) विन्ध्यावासिनी हुन् । यिनकै विभिन्न दिदीबहीनीका रूपमा अन्य नाम पनि उल्लेख गरेका छन् । कसैले देवी, कसैले दुर्गा वा महाकालीको नामबाट पुज्ने गरेका छन् ।

यसरी शिव र शक्ति उपासनामै केन्द्रित भएर आधारित भएर मष्टो परम्परा पनि अघि बढेको देखिन्छ । प्राचीन रूपमा १२ भेद मानिएका मष्टोकै हाल आएर १०९ मस्टोका प्रकारका देवताका रूपमा मानिदै आर्य खस किरात वा अन्य सम्प्रदायमा १०९ मध्ये कै मष्टोको पूजाआजा गरिन्छ । ती मष्टोहरूमा स्थानीय नामको बढी प्रभाव रहेको छ । जसको नामावली यसप्रकार छ :

१) ढँडार मष्टो	२)खापर(खप्तड) खप्पर मष्टो
३) तेडी मष्टो	४) कवा मष्टो
५) कालशिलो मष्टो	६) विनायक मष्टो
७) बुड्ड मष्टो	८) थार्प मष्टो
९) गुरो मष्टो	१०) दाह्रे मष्टो

११) दूधे मष्टो	१२) बाबिरो मष्टो
१३ सुनार "	१४) लाकुडो "
१५) उखाडी "	१६) रुम "
१७) छल "	१८) राउतकोट्या "
१९) काफल्ना "	२०) पूइक "
२१) बाम (वामन) "	२२) बाँटपाल (वाणपाल) "
२३) रामपाल "	२४) लडीपाल "
२५)·सोलुपाल "	२६) क्षेत्रपाल "
२७) वनपाल "	२८) लोहासुर "
२९) दूवेशिला "	३०) हगुरो "
३१) सीमताडी "	३२) भीम(भूइन) "
३३) सुम्लेगुरो "	३४) भूइगुरो "
३५) ह्याङ्ग्रा "	३६) रागामालचुला "
३७) दयाशिला "	३८) भुवार "
३९) कैलाश "	४०) लामा विष्णु "
४१) जगन्नाथ "	४२) कुडाता
४३) लट्या "	४४) कालीकोटे "

४५) हिङ्गाल "	४६) लड्या "
४७) भईरो "	४८) सिद्ध "
४९) तेडी/टेढी "	५०) गच्चु "
५१) कालढुङ्गी "	५२) ढुंगीढुस्की "
५३) सार्कीघौ "	५४) उब्ज्या "
५५) बान्ने "	५६) शम्भु "
५७) भूईंफुटो "	५८) धूरगाँ "
५९) ठिंगला "	६०) धूपीरुख्या "
६१) बाजकोट "	६२) धौतुपुऱ्या "
६३) भात्याखोला "	६४) पन्त्या "
६५) महाबै "	६६) कुलघौ "
६७) महाद्रियो "	६८) रहघौ "
६९) शिखर	७०) लाटोघौ "
७१) चुनघौ "	७२) कुलसैनी "
७३) लाटोबाउन "	७४) सुपारीपण्डित "
७५) मशालो "	७६) ध्याल्यानी "
७७) रुमाला "	७८) टढी "

७९) मण्डली ” ८०) सड्या ”

८१) मुण्डा ” ८२) रुद्र ”

८३) कैली ” ८४) काला ”

८५) विष्णो मष्टो ८६) गन्याय ”

८७) लोखाली ” ८८) लिउड ”

८९) काफल ” ९०) सीमा ”

९१) ढुसापानी ” ९२) डढी/शीतल ”

९३) कुर्मी ” ९४) रमाल ”

९५) बाइफालो ” ९६) रमाफाल ”

९७) महारुद्र द्यौता ” ९८) बाँसकोट्या ”

९९) पुआँल्या/पुवौला ” १००) कुँडा ”

१०१) साइन ” १०२) धुरापनी ”

१०३) बडाबडा ” १०४) तलिकोट्या ”

१०५) श्वेता ” १०६) पँचालो ”

१०७) रूपा ” १०८) काला ”

१०९) स्थुना/स्थाना

(कार्की , २०७५: २३१)

के. एन शर्माले *खस जातिको परिचय र लोकसंस्कृति*मा ८४ मष्टोको उल्लेख गरेका छन् । जे होस् मष्टोको स्थापना, स्थानगत भेद र पुज्ने परम्पराअनुसार विभिन्न स्थानबाट मष्टो वा मरुत देवताको स्थापना र त्यसको पूजाआजा परम्परा विकसित भएको हो । खस आर्य संस्कारमा कुलपूजासँगै स्थापित शिव, शक्ति, गैडुसँगै राखेर पुज्ने भएकोले मष्टोलाई पनि कुलदेवता कै रूप मान्ने गरिन्छ । विभिन्न थर, गोत्रका प्रवरअनुसार आ-आफ्नो मष्टोको उच्चारण तथा स्थापना गरी पुज्ने प्रचलन छ । मष्टो पुज्ने खस आर्यमा मात्र नभएर किरात, तामाङ तथा जो जसले कूल वा पितृपूजा गर्दछन् । तिनले अन्य नामनामेसी उच्चारणबाट मष्टो पूजा नै गरिआएका छन् । अन्य देवी देवताका पुज्नेजस्तै मष्टो पुज्ने समाजमा पनि उत्तिकै प्रचलित छ ।

नेपालको प्राचीन सभ्यता र संस्कृतिका अन्वेषकहरू तथा मूल धर्मग्रन्थ संस्कार र पद्धतिलाई हेर्दा आफ्ना कुलवंशपरम्परामा पितृ पुज्नेका साथमा पुजिँदै आएका माथि उल्लिखित मष्टोको भेद मध्ये एक कुनै जाति वा थरले मान्दै आएको छ । शिवको मस्तक/ मस्त/ मष्ट वा मरुत मष्ट हुँदै मष्टोको प्रारूप मानिए पनि यो अदृश्य आस्थाको केन्द्रविन्दु मरुत गण वा वायुदेवताका रूपमा मानिएको तथा पुजिएको मान्न सकिन्छ । महाइष्ट वा मरुत वा मष्टो जुन नामले चिनिए पनि यो पुज्ने परम्परा तान्त्रिक परम्परा नै हो । धामीझाँक्रीद्वारा तन्त्र र मन्त्रको मिश्रणले मष्टो पुज्ने गरिन्छ भन्नेमा दुईमत छैन । मष्टोको उपासना विधि र शब्द सङ्केतले तन्त्र वा तान्त्रिक विधिलाई अवलम्बन गरेकाले अथर्ववेदको निकट

मान्न सकिन्छ किनकी मष्टो उपासना मष्टो धामीबाटै गरिने प्रचलन छ । मस्त र मस्तक संस्कृत शब्द मरुत गण वा मरुत, शिव र वायुसँग निकटता वायुकै गणका रूपमा रहेका र तन्त्रद्वारा मष्टोधारीको शरीरमा वायु प्रवेश गर्दा मस्त वा मन्दोन्मत्त नशाले चुर भएको जस्तो हुने हुनाले वीर, मसान, वायु टाउको वा खप्परसँग निकटता पाइन्छ । फेरि एक मष्टोको नाम नै खप्पर (खप्तड) भएकोले मस्त /मस्तक वा डरलाग्दो शीर वा खप्पर भएको अदृश्य शक्ति ४९ वायुका समूह मरुत गण (असुर) मानिएकोले पुज्ने पद्धति र परम्परामा यिनले देखाउने विभिन्न अस्वाभाविक चालचलन र क्रियाकलापसँग जोड्दा अतृप्त आत्मा र प्रेतात्माका स्वरूपका रूपमा मानी पूजाआजाद्वारा निश्चित स्थानमा राखिएका पितृस्वरूप हुन् भन्न सकिने आधार स्पष्ट हुन्छ । मष्टो पितापूर्खाकै अतृप्त रूप हो, जसलाई विधिविधानद्वारा निश्चित स्थानमा राखी मनाएर पूजाआजा गरिन्छ र गरिंदै आएको छ ।

मष्टो संस्कृति

प्राचीनकालदेखि नै मष्टो एक संस्कृतिका रूपमा मानिंदै आएको छ । कुलसँगै मष्टो पूजा प्राकृतिक शक्ति वा आद्यशक्तिद्वारा कुल वंश वा सगोत्रहरूको सुख, समृद्धि, शान्ति र ऐश्वर्यका लागि पूजिंदै आएका छन् । मष्टोपूजा उपासना वैदिक वा अवैदिक तन्त्रमन्त्रका साथसाथै धामीझाँक्री परम्परामा जोडिंदै आएको छ । प्राचीनकालमा धामी नै अनिवार्य भएता पनि हाल आएर सामान्य वैदिक वा तान्त्रिक विधिबाट मष्टो पूजा सम्पन्न गरिन्छ । मानवसभ्यताको विकाससँगै प्रकृतिसँगको सहचार्यमा मानव धर्म र परम्परा अघि बढेको छ । जसको उदाहरण मानवले पुज्ने प्रकृति, देवीदेवता तथा पितृ पुज्ने परम्पराले स्पष्ट बताउँछ । नेपालमा बसोबास गरेका विभिन्न जातजाति धर्मावलम्बीहरूले पृथ्वी, जल, वायु, आकाश, अग्निका रूपमा प्रकृति तथा देवीदेवताका पूजा गर्ने गरेका छन् । केवल पद्धति र प्रचलन भने भिन्न रहेता पनि पञ्चतत्त्व र पञ्चमहाभूतको पूजाआजा गरेकै छन् । त्यो मध्ये मरुत (वायु) जसलाई अक्कासका देवता पनि भनिन्छ । मरुतलाई इष्ट मानिएको हुनाले *मरुत* + इष्ट नै मष्टो हो ती वायुदेवता हुन् भन्ने आधार पाइन्छ । अथर्ववेदको

तन्त्रमन्त्रद्वारा पूजा गरिने पद्धति र तन्त्रमन्त्रद्वारा गरिने धामीझाँक्री प्रथासँग मष्टोको अत्यन्त निकट सम्बन्ध छ ।

मष्टो पूजनको इतिहास हेर्ने हो भने ऋग्वैदिककालीन समाजमा इन्द्र, मित्र, वरुण, अग्नि, मरुत, उषा, सूर्य आदि देवताका पूजाआजा गरिन्थ्यो । महाभारतकालीन समयमा यदुवंशीहरूले स्वर्गका देवता इन्द्रलाई मान्ने गरेको र कृष्णले इन्द्रको पूजा नगरी प्रकृति अथवा गोवर्द्धन पर्वतलाई कुलदेवताका रूपमा पूजा गर्दै प्रकृति पुज्ने कुलपूजाको प्रचलन सुरु गरेको प्रसङ्ग आएको छ । उत्तरवैदिककालमा मरुत गणलाई रुद्रका पुत्र वा सहयोगीका रूपमा भनिएको शिवकै गणमध्ये भूतप्रेत, चतुषष्ठी, योगीनी आदि रहेकोले पनि मरुत गणलाई समष्टिवोधक रूपमा मष्टो मानेरै यो संस्कृति अघि बढेको हो ।

मष्टो संस्कृति नेपाली समाजमा खस आर्य, दशनामी, किरात, तामाङ (जसले कुलपूजा गर्दछन्) लगायत अन्य जातजातिमा पनि रहेको पाइन्छ । मष्टो धामीले पुकार गरी शरीरमा मष्टो चढाएर बक्दा वा बोलाउँदा अभिव्यक्त भएका तन्त्रमन्त्रद्वारा धामीको शरीरमा मष्टो प्रवेश गर्छ र विभिन्न हाउभाउद्वारा वायुदेवताकै रूपमा क्रियाकलाप देखाउँछ । मरुत वा वायुकै अदृश्य शक्ति, पितृ तथा आत्माहरूको अवस्थाको जानकारी गराउँदै आकारधर्मी वा अदृश्य देवताका रूपमा पूजा खाने गर्दछ । मानिसहरूले ठाउँ र चलनअनुसार विभिन्न स्थानमा भएका मठमन्दिर दोबाटो, वरपिपल, रुखको फेद, र गोठमा स्थापना गरी यसको नामकरण गरी पूजा गर्ने गरेका छन् । नामअनुसार मष्टोको बिम्ब वा प्रतीकको आकार भिन्नभिन्न हुने

गर्दछ जसमा घण्ट, घैंटो, त्रिशुल, दियो, मूर्ति तथा अन्य कलावस्तु हुने गर्दछ ।

नेपालमा प्रवेश गरेका खस जातिका पृथक संस्कृति र पहिचान रहेको पाइन्छ । यसैगरी कर्णाली र महाकाली नदी क्षेत्रमा रहेका खस जातिको संस्कृति र धर्मले अन्य भारतीय जातिसँग अलगै संस्कृति र पराम्परा अवलम्बन गरेको देखिन्छ । महाकाली नदी प्राचीन नेपालको सीमा थियो भन्ने कुरा महाभारतको वनपर्वमा कर्णले यसै क्षेत्रबाट प्रवेश गरी लिम्बूवान् क्षेत्रमाथि विजय प्राप्त गरेको कथनबाट समेत अनुमान लगाउन सकिन्छ ।

विशेष गरेर खसहरूका कुलदेवता, गोष्ठदेवता, इष्टदेवताको पूजाआजा वा दिवाली भनी वैशाख पूर्णिमा र मंसिरे पूर्णिमामा गरिने प्रचलन छ । बाहुन, क्षत्री, ठकुरीहरूको कुलदेवताको पूजा, गोठको धूप, कर्णाली अञ्चलमा रहेको गाईगोठको महत्त्वलाई हेर्दा यो अन्य क्षेत्रको संस्कृतिभन्दा पूर्णतः अलग देखिन्छ ।

आदिभूमि नेपाल तथा नेपाल बाहिरबाट अन्य क्षेत्रमा फैलिएका उपाध्याय, ब्राह्मण, क्षत्रीका समेत कुलदेवताका विशिष्ट स्थान रहेको पाइन्छ । कुलदेवताका आधारमा अध्ययन गर्दा कुन जाति कहाँबाट आए र कसरी विकसित भएका हुन भन्ने कुराको पत्तो लाग्ने हुँदा यो कुलदेवतासम्बन्धी संस्कृतिको विकास खस जातिमा भएको कुरामा विमति राख्न सकिंदैन । आफ्ना कुल गोत्रका बारेमा जान्न कुलायनको अध्ययनबाट बुझ्न सकिन्छ । यसरी नेपाली खसहरूको आफ्नै पृथक् संस्कृतिले अन्य संस्कृतिसँग अलग गराएर आफ्नो पहिचान कायम गरेको पाइन्छ तथापि नेपालका अन्य ब्राह्मण, क्षत्रीहरू वैदिककालदेखि नै नेपालमा रहँदै आएका हुन् वा खसको

संस्कृतिको प्रभावले उनीहरूमा परिवर्तन आएको भन्ने चाहिँ खोजको विषय भएको छ । आर्यहरूको उद्गमस्थल पश्चिम एसियामा करिब ६ हजार वर्ष अगाडि भएको मानिन्छ । यो भूमि चीनको पश्चिम, रुसको दक्षिण, इरान र अफगानिस्तानको उत्तर-पूर्वमा रहेको थियो । यद्यपि भारतका बाल गङ्गाधर तिलकले आर्यहरूको उद्गम भूमि उत्तरी ध्रुव भन्ने ठम्याई पौराणिक आख्यानबाट गरे पनि यो मत अवैज्ञानिक छ । यी आर्यहरू पनि भारतमा उत्तरतिरबाट गढवाल, कुमाउँतिर आएका हुन् र दक्षिणतिर गंगाको समथर भूमिमा आएको भन्ने कुरामा चर्चा भइसकेको छ । यिनीहरूको संस्कृति उत्तरवैदिककालको वर्णाश्रमपछिका विभिन्न स्मृति तथा कर्मकाण्ड पद्धतिबाट विकसित भएको पाइन्छ । यसका विविधत रूप भए पनि वर्णाश्रममा आधारित ब्राह्मणवादी तथा कर्मकाण्डहरूलाई नै आर्य संस्कृतिका रूपमा मानिन्छ । तर यो खस संस्कृतिभन्दा अलग भए पनि वर्तमानमा खस जाति र आर्य संस्कृतिबिचको सम्मिश्रणले गर्दा यसलाई छुट्याउन भने कठिन भएको छ ।

खस आर्यहरूले मष्टो पुज्ने संस्कार र संस्कृतिलाई नेपाल भित्र्याएका विभिन्न प्रमाणहरू छन् । खस आर्यहरूले कुलदेवताकै रूपमा मष्टो पुज्ने गर्दछन् । मष्टो देवतालाई कुलायन वा कुलदेवता वा पितृदेवताका रूपमा क्षेत्रपालका रूपमा समेत पुज्ने गर्दछन् । हाम्रो सनातन धर्म तथा संस्कृतिमा पहिले पितृ त्यसपछि देवता पुज्नु पर्दछ भन्ने मान्यता अद्यपि छदैछ । पितृ रिसाएमा सबै हानी हुन्छ भन्दै कुलदेवता वा पितृदेवतालाई सन्तुष्ट पार्न कुनै शुभकार्य गर्नुपूर्व कुल वा पितृका लागि भनेर बनाइएका वस्तु चोखोनितोसँग अर्पण गरिन्छ । कुल वा पितृदेवता सन्तुष्ट भएमा सधै राम्रो, शुभ , सुख,

शान्ति, ऐश्वर्य, समृद्धि प्राप्त हुन्छ भन्ने मान्यता छ, त्यसैअनुसार पितृ वा कुलको पूजा गर्दा मष्टोको पूजा हुने गरेको छ ।

खस आर्य, किरात तथा अन्य जातिहरूमा पनि वायु वा मरुत वा मष्टोलाई कुलदेवता मान्ने गरिन्छ । मष्टोको कुरा गर्दा वायु, वायुको कुरा गर्दा पितृ वा वंशजको प्रसङ्ग आउँछ । अकाल मृत्यु भएका वा प्रेतात्मा भएका स्वर्ग जान नपाएका आत्माहरू आसपासमा मडारिइरहेका हुन्छन् भन्ने जनविश्वास छ । त्यसैले धामीझाक्रीद्वारा कुल बोलाउने वा वायु उतार्ने प्रचलन यहाँ पाइन्छ । अतृप्त वा प्रेतात्माहरू धामी वा झाँक्रीको शरीरमा प्रवेश गरेर आफू मर्नाको कारण तथा दुर्घटनाका इतिवृत्तान्त सुनाउँदै मोक्षका उपायसमेत बताएपछि तान्त्रिक विधिद्वारा पूजाआजा तथा वायु उतार्ने कार्यबाट देवताका स्थानमा राखिन्छ र वर्षको एकदिन वायुपूजामै वा कुलपूजाका दिन तिनको पूजा गरिन्छ । यसरी वायुदेवताका रूपमा पुजिएका नै मष्टो वा पितृ हुन् भन्न सकिने आधार बन्दछ । मोक्ष भएपछि दैवीशक्तिमा परिणत भएका पितृलाई नियमित प्रक्रिया नै मष्टो संस्कृतिको प्राचीन रूप मान्न सकिन्छ । प्राचीनकालदेखि खस आर्यहरूले पूजा गर्दै आएका मष्टोपुज्ने नै पितृपुज्ने प्रचलनको प्राचीन रूप हो । पितृपुज्ने वा कुलपूजा गर्ने प्रचलन सबै जाति र धर्मावलम्बीहरूमा रहेको छ ।

मष्टोको प्राचीन रूप पितृसँग जोडिने भएकाले पितृपुज्ने वा कुल पुज्ने संस्कृति सबै जातजातिमा रहेको छ । केवल मान्ने र पुज्ने पद्धति मात्र भिन्न रहेको छ मान्न सकिन्छ । खस आर्यहरूले कुलदेवता वा पितृदेवतालाई मष्टो माने पनि अन्य जातजातिले पितृपूजा वा कुलपूजा का रूपमा मष्टो पुज्ने कार्य गर्दछन् ।

विभिन्न जातजातिमा प्रचलित मष्टो अथवा पितृपुज्ने प्रक्रियामा धामी हुन्छ । त्यसबाहेक एक डाङ्ग्रे पनि हुन्छ र अन्य सहयोगी पनि हुन्छन् । कुलपूजा पितृपूजा वा मष्टोपूजामा बाजागाजासहित धामीमा मष्टोको अवतरण हुन्छ त्यसलाई नै मष्टो चढेको वा देउता आएको मानिन्छ र त्यसपछि धामीले दैवी शक्तिको चमत्कार देखाउँछ । आफ्ना पितृ कुलकुटुम्बमा देखिएका समस्या व्यावधान धामीलाई भन्दछन् र त्यसरी काँपिरहेको वा देउता चढिरहेको धामीले मष्टोको रूपमा सबै समाधानका उपाय बताउँछ (यसलाई धामी पतुरने पनि भनिन्छ) । खस आर्य जातिमा मात्र नभई यो संस्कृति किरात, तामाङ; थारु तथा अन्य कुलपूजा गर्ने सगोत्रहरूमा पनि देखिन्छ ।

इष्टदेव वा मष्टोदेवताको पूजाआजा गर्ने संस्कृति स्थान र परिवेशका आधारमा विभिन्न जातिमा भिन्नभिन्न प्रक्रियामा रहेको छ । इष्टदेव, कुलदेव, मष्टो वा पितृ पुज्ने एकै पद्धतिमा हुने भएकोले नेपाली समाजमा धामीझाँक्री परम्परा अझै जीवित र पुस्तान्तरित हुँदै आएको छ । अदृश्य वायु देवता वा दैवीशक्तिको एक चामत्कारिक रूप धामीझाँक्री परम्परा कुलवंशपरम्परासँग जोडिएको छ । कुलपूजा वा पितृपूजा खस, ब्राम्हण, क्षेत्री, किरात, तामाङ तथा नेवारहरूले गर्दछन् । विभिन्न तिथि वा समयलाई आधार मानेर गरिने कुलपूजा वा देवालीमा विभिन्न जातजातिले पितृलाई सम्झन्छन् । तिनीहरूले पितृलाई अदृश्य शक्तिमा रूपमा पूजाकोठामा स्थापना गरेका हुन्छन् । कुनै व्यवधान, समस्या वा अवरोध भएमा कुललाई सम्झाउने, बुझाउने वा मनाउने संस्कार मष्टो संस्कृतिको अभिन्न रूप हो । केही जातिमा त अझ इष्टदेवका रूपमा कुलपूजा, पितृपूजा शिव र शक्तिको उपासनासँगै

प्रकृतिपूजाका साथमा मष्टोपूजा वा वायुदेवता, वीरबेताल, वायुका रूपमा रहेका आत्मालाई भिन्न स्थान र परिवेशअनुसार पूजा गरेर मनाउने गर्दछन् । किरात धर्मसंस्कृतिमा इष्टदेवलाई चुल्हो, वा मूलथाममा राखिन्छ र कुलका जेठा थकालीबाट पूजाआजा गरिन्छ । प्रेतात्मा, वायुदेवता वा मष्टोका लागि धामीद्वारा घर बाहिर वा गोठमा वा करेसामा राखेर मनाउने गरिन्छ । अझ किरात संस्कारमा त प्रेतात्माका पनि भिन्न प्रकारअनुसार विभाजन गरी भिन्नभिन्न विधिले पूजा गर्ने प्रचलन छ । केही जातिहरूमा कुलपूजा वा पितृपूजाको सट्टामा गोठधूप गर्ने र क्षेत्रपालका रूपमा अन्य पूजा गर्ने गरिन्छ । गोठधूपमा पनि शिव र शक्तिको पूजा हुन्छ । मष्टोको रूपमा मानिएका देवीदेवतालाई गोठ बाहिर करेसा वा कान्लामा स्थापित गरेर बलि दिने गरेको पाइन्छ । ती मानिएका वा पूजिदै आएका वायु वा वीरका रूपमा मष्टो नै हुन् जसलाई कुनै निश्चित स्थानमा फकाएर, फुल्याएर राखेर उसले मागेअनुसार धामीले मष्टो चढ्दा डाङ्ग्रेले के गरे खुशी हुने हो भनेर सोधेअनुसार त्यस्तै कार्य गरी वार्षिक, द्विवार्षिक वा अन्य निश्चित समयमा पूजाआजा गर्ने भाखामा स्थापित गरिएको हुन्छ ।

वर्तमान समयमा मष्टो संस्कृति र परम्पराको अध्ययन गर्दा मष्टोलाई ग्रामीणदेउता वा पितृदेवता पनि मानिएको छ । प्राचीन समयमा मष्टो शब्द खस आर्यहरूले प्रयोग गरे तापनि कुल वा पितृका रूपमा अन्य जातजातिले मानी आएको वायुदेवता वा पितृदेवता नै मष्टोका आदि रूप हुन्, जुन परम्परा अहिले पनि चलिआएकै छ । खस आर्य आदिदेव, आराध्यदेव, देवाधिदेव, इष्टदेव, कुलायन अथवा प्राचीन देवताका रूपमा चिनिएको मष्टो पुज्ने धार्मिक तथा सांस्कृतिक सहिष्णुता र प्रचलनका आधारमा नेपालको पहाडी भाग, हिमालयका

फेदीमा रहेका बस्ती र जातजाति, उपत्यका र आर्य खसलगायत किरात, तामाङ नेवार समुदाय विभिन्न देवताका रूपमा प्रचलनमा छ । भाषिक विविधताले प्रेतात्मा वा पितृलाई भिन्न नामले पुकार गरिए पनि गरिने कार्यमा समानता पाइएको र त्यसको समग्र उद्देश्य समान भएकोले नेपालभर वा नेपालबाहिर मष्टो वा कुलपूजा वा पितृपूजाको संस्कार, संस्कृति रूपमा रहिआएको छ । मष्टो, मरुत, महाइष्ट, कुल वा पितृका अनेकन् नामका रूपमा रहेकाले विभिन्न जातजाति धर्मावलम्बीले गर्ने पितृ पुज्ने परम्परामा आधारित रहेकाले कुनै निश्चित खस आर्य जाति र वंशजमा मात्र नभई अन्य जातजातिमा समेत यसको गहिरो सांस्कृतिक प्रभाव देखिन्छ ।

नेवार संस्कृतिमा आफ्नो घरभित्रको कुल पितृ आत्मालाई (खाक) भन्दछन् । प्रत्येक वर्ष प्रेत, पितृ, कुल आत्मालाई मानमान्यताका साथ परम्परागत रूपमा पूजा गरिन्छ । नेवार संस्कृतिमा पनि धामीझाँक्री तथा झारफुक परम्परा अद्यपि जीवितै छ । नेवार जातिमा महिला धामी हुन्छन्, जसलाई हारती माँ, कुमारी माँ, अजिमा माँ तथा काली माँ भनिन्छ । यी माँहरूमा तान्त्रिक शक्ति रहेको हुन्छ भन्ने विश्वास रहेको छ । नेवार संस्कृतिमा पुरोहित अथवा गुभाजुले सिद्ध मष्टोको पूजा गर्दछन् । यसका अलावा भूइँयार मष्टो, महादेव, कालशिला मष्टोको पूजाआजा गर्दछन् । नेवारका विभिन्न जातजातिभित्र कुलपूजा गर्ने पद्धति पनि भिन्नभिन्न छ तर सबैले कुलपूजा भने सबैले गर्ने गरेका छन् । नेवार संस्कृति र परम्परामा सिठी नखः, जेष्ठ पूर्णिमा (मष्टो पुन्ही) र मंसिर पूर्णिमा (योमरी पुन्ही) मा कुलपूजा गरिन्छ ।

तामाङ जातजातिमा पनि कुलपूजा गर्ने संस्कार र परम्परा छ । कतिपयले आफ्ना पूर्खाले स्थापना गरेका अमूर्त देवीदेवताको घरभित्रै बुइँगल तथा कतिले घरबाहिर कान्ला वा करेसामा राखेर पूजा गर्दछन् ।

निष्कर्षमा मष्टो कुनैपनि जातजातिको कुलवंशले मानेका देवता हुन् । यस शब्दको प्रयोग आर्य खसले गरेपनि मष्टो अथवा पितृ पुज्ने सबै जातजाति र धर्मावलम्बीहरूले गरेका छन्, गर्दछन् । केवल संस्कारजन्य पद्धति र प्रचलनमा अनेक रूप देख्न सकिन्छ । कुलवंशपरम्परामा सगोत्र परिवार छ, जसले रक्तसम्बन्धका आधारमा नजिक र टाढाको रक्तसम्बन्ध हेर्दछ । त्यसलाई सगोत्र वा सगोत्री मानिन्छ । वैवाहिक संस्कारजन्य कुरा धर्म आस्थाका वैचारिक पक्ष र प्राचीन सनातन पद्धतिलाई हेर्ने यो संस्कृतिले विभिन्न रूपमा आफ्ना कुलवंश, पितृ, शिव तथा प्रकृति पुज्ने गर्दछन् । इष्टदेवका रूपमा मानिने कुलदेवता वा पितृदेवताको रूपमा नै मष्टो अथवा महाइष्ट, मरुतदेवता (वायु) का रूपमा अदृश्य शक्ति भएकाले मन्त्रतन्त्रद्वारा पुजिने पद्धति नै मष्टो परम्परा र संस्कृतिका रूपमा प्रचलित छ ।

५. प्रकृति पूजन/स्थानीय देवीदेवता

मानिस र प्रकृति एक अर्काका परिपूरक साधक र साधन हुन् । पञ्चभौतिक शरीरमा प्रकृतिकै पाँचतत्त्वको समिश्रण पाइन्छ । प्रकृति, जीवजन्तु र वनस्पति मानिसका बाँच्ने आधार भएकाले मानिस प्रकृतिको पूजक पनि हो । मानिस प्रकृतिप्रेमी जीव हो । प्रकृतिको त्यही स्वरूपलाई पुज्ने पद्धति सबै जातजातिमा पाइन्छ । ऐरावत हात्ती, देउराली थुम्का, गोवर्द्धन पर्वत, गंगा नदि, नागदह

आदिलाई कुल वा स्थानिक देवीका रूपमा पुज्ने परम्परा छ भने तिनले प्रकृति पुज्नेको महत्त्वलाई स्पष्ट पारेको छ । प्रकृति अन्य जीवजन्तु गाई, गरूड, हात्ती, घोडालगायत जीवजन्तुका साथसाथै वराह, नृसिंहजस्ता मानव र जीवका समिश्रणलाई देवताका रूपमा पुजिन्छ । यसका साथसाथै ब्रह्माका सृष्टिकर्ता रूप, विष्णु वंशगोपाल वा कृष्णका पालक र लीलाजन्य रूप, भैरव वा क्षेत्रपालका अलौकिक रूप रौद्ररूप आदिको पूजन गरिन्छ । यसरी प्रकृतिसँग निकट भएर प्रकृतिकै पूजा गर्ने प्रवृत्ति मानवसभ्यताको विकासक्रमसँगै अगाडि बढेको छ । कुलका रूपमा देउरालीको पूजा पनि प्रकृतिकै पूजा हो भने पिपल, वर, अमला, बेल, शमीजस्ता बोटविरुवासँग धार्मिक महत्त्व रहेको छ ।

कुलपूजा गर्ने सबै जातजातिले प्रकृतिको पूजा गर्दछन् । प्रकृतिलाई पूजा गर्ने यो संसारको सबैभन्दा पुरानो संस्कार र संस्कृति हो । जुन दिन यस पृथ्वीतलमा मानव जातिको जन्म र विकास भयो, त्यसै दिनदेखि प्रकृति-पुज्ने परम्पराको सुरुआत भएको थियो भन्नेमा दुईमत हुन छैन् । मानव चेतनाले पञ्चतत्त्वको अवस्था र प्रकृतिको गुणधर्मको अनुभव गर्नुलाई नै प्रकृति-पुज्नेको सुरुआत मान्न सकिन्छ । नेपालमा बसोबास गर्ने प्रायः जातजाति, धर्म र संस्कार मान्दछन् । तिनले कुलपूजा गर्दा प्रकृतिको पूजा गर्दछन् । कुलपूजा नगर्नेहरूले पनि प्रायः सबै जातजातिहरूले प्रत्यक्ष वा परोक्ष रूपमा प्रकृतिको पूजा-आराधना गर्दै आएका छन् । प्रकृतिको पूजा कसैले व्यक्तिगत रूपमा त कसैकसैले स-साना समूहमा गर्दै आएका छन् । जस्तैः- ब्राह्मणहरूले बिहान नुहाइ-धुवाइ गरेपश्चात् ॐ भू भुर्व स्व तत्सवि.......।" भन्दै गायत्री मन्त्र उच्चारण गरी जनै जप्ने क्रममा अञ्जुलीले पानी अर्पण गर्दै आफ्ना औंलाहरूको छिद्रबाट सूर्यको

दर्शन तथा उपासना गर्दछन् । यो व्यक्तिगत रूपमा एक व्यक्तिद्वारा गरिने प्रकृतिप्रति गरिने भक्तिभावका प्रस्तुति हो । त्यसैगरी पहाडमा बस्ने जनजातिले उधौली र उभौली पर्वका अवसरमा आगो, पानी, वायु, पृथ्वी, चन्द्र र सूर्यको विशेष पूजा-आराधना गर्ने गरेको देखिन्छ भने तराईमा बस्ने जनजातिले वर्षैपिच्छे छठपर्वको अवसरमा नदी, तलाउ र सूर्यको विशेष पूजा-आराधना गर्ने गरेको देखिन्छ । त्यसकारण यो प्रकृति पूजालाई नेपालका सबैजातिले सामूहिक रूपमा र ब्राह्मण तथा क्षेत्री जातिका मानिसहरू व्यक्तिगत रूपमा उपासना गरिरहेका देखिन्छन् । मानिसले प्रकृतिको पूजा-आराधना गर्नुको कारण प्रकृतिको शक्ति, उपयोगिता र महत्त्व दर्शाउन खोजिएको हुन सक्छ प्रकृति वा निर्जीव वस्तुहरूमा पनि आत्मा वा प्राण रहन्छ वा आत्मिकताको अनुभूति हुन सक्छ भन्ने बुझिन्छ । त्यसकारण प्रकृतिपूजा धर्मका विश्वासअनुसार कुनै पनि मानिसको मृत्यु भएपछि पनि उसको आत्माले निरन्तरता पाउँछ अर्थात् कुनै मानिस मरेर गए पनि उसको आत्मा प्रकृतिकै पञ्चतत्त्वमा गएर मिल्दछ । मानिसको आत्मा कुनै न कुनै प्राकृतिक वस्तुमा बास गरेर बसेको हुन्छ भन्ने कुरा प्रकृति पूजकहरूले विश्वास गर्छन् । अतः यसकारण कुनै मानिस मरेर गएपछि पनि उनीहरूको आत्माले पहाडहरूमा चट्टानहरूमा, ढुंगाहरूमा, रुखहरूमा, नदी वा तलाउहरूमा, मानिसका वरिपरि हावामा र आकाशमा घुमिरहेको हुन्छ भन्ने विश्वास गर्छन् । तिनै मृतात्माले प्राप्त गरून् भन्ने हेतुले उसलाई मनपर्ने खानेकुरा पकाउने वा पिण्ड पानी अर्पण गर्ने गर्दछन् ।

विश्वमा मानव सभ्यताको विकास भएसँगै प्रकृतिलाई पूजा गर्ने परम्पराको विकास भएको हो । विश्वका आदिवासीको जनजीवनलाई हेर्ने हो भने प्रकृति पूजालाई उत्सवका रूपमा लिने

गरेको पाइन्छ । अस्ट्रेलियाका आदिवासीहरूमा पाइने *टोटेमवाद* गोत्रका आधारमा सामूहिक रूपमा मान्ने गरिएको प्रकृति-पूजालाई धर्मका रूपमा मानेका छन् । जहाँ विभिन्न पशुपछीहरूलाई सहगोत्री एवं विशेष प्रकारको शक्तिको स्रोत मानेर तिनीहरूको उपासना गर्ने गर्दछन् । मध्य अस्ट्रेलियाका अरन्डा जनजातिमा पाइने टोटेमहरू केही फरक छन् । उनीहरू वर्षा, बादल, सूर्य र हावा आदि प्राकृतिक शक्तिहरूको उपासना गर्छन् । अरन्डा जातिका मानिस यी प्राकृतिक वस्तुहरूमा देवत्व वा दैवी शक्ति विद्यमान रहेको अनुभूति गर्छन् । अस्ट्रेलियन टोटेमवाद व्यक्तिगत रूपमा पनि रहेको विश्वास गरिन्छ, जसलाई धामी, झाँकी, जादुगर र शक्तिका उपासकहरूले निर्धारण गर्ने गर्छन् । जस्तै- कुनै एक व्यक्तिको टोटेम (गोत्र) कंगारु भयो भने अर्को व्यक्तिको माछा हुन सक्छ । यी दुई व्यक्तिहरू सहगोत्री नभएका कारण उनीहरूबिच कुटुम्ब वा बिहावारी चल्न सक्छ । धामी, झाँक्री र जादुगरहरूलाई विशेष प्रकारका तान्त्रिक प्रक्रियाबाट शक्ति प्राप्त गरेका समाजका विशिष्ट व्यक्तिका रूपमा मान्यता गरिन्छ अर्थात् उनीहरूलाई टोटेमसम्बन्धी विशेषज्ञका रूपमा पहिचान गरिन्छ । टोटेमवादी अवधारणा अस्ट्रेलियामा मात्र सीमित नभए यो अन्य महादेशका जनजातिमा पनि फैलिएको देखिन्छ ।

अफ्रिकाको इजिप्टमा पनि गोत्रको टोटमवादी अवधारणा रहेको पाइन्छ र सहगोत्री टोटेम जीवहरूको मासु खानु हुँदैन भन्ने मान्यता राखिन्छ । उनीहरू चितुवालाई राजाको टोटेम मान्छन् भने मन्दिरमा सर्प र गोहीलाई विशिष्ट टोटेमका रूपमा पूजा-आराधना गर्छन् ।

उत्तर एसियाको साइबेरियामा धामी-झाँक्रीमा आधारित सामानवादी धर्मको अतिरिक्त टोटेमवादका अवशेषहरू पाउन सकिन्छ । त्यहाँ भालुलाई प्रमुख टोटेम मानेर पूजा गर्ने गरिन्छ र भालुको सिकार गर्न निषेध गरिएको पाइन्छ । उनीहरू वन, जंगल, नदी र समुन्द्रका स्वामीका रूपमा प्रेतात्माहरू हुन्छन् भन्ने कुरामा विश्वास गर्छन् र सिकार गर्न वा माछा मार्नु अगाडि त्यहाँका प्रेतात्माको विशेष पूजा-आराधना गर्छन् ।

इन्डोनेसियाको भित्री इलाकामा बसोबास गर्ने जनजातिले पनि देवी-देवता वा प्रेतात्मालाई त्यहाँको वन, जंगल, नदी र पर्वतको स्वामीका रूपमा पूजा गर्दछन् ।

मिश्रमा निर्माण गरिएका पिरामिडहरू एकातिर भौतिक दृष्टिकोणबाट मृत शरीरलाई लामो समयसम्म सुरक्षित राख्ने हेतुले निर्माण गरिएका हुन् भने अर्कोतिर धार्मिक रूपमा मृतात्माले शान्ति प्राप्त गर्न सकोस् भन्ने हेतुले धेरै श्रम लगाएर निर्माण गरिएका हुन् । तिब्बत र मंगोलियामा पर्वतको प्रेतात्मालाई चढाइएको ढुङ्गाको थुप्रो अझैसम्म देख्न सकिन्छ ।

भारतका आदिवासी तथा दक्षिणी भारतमा प्रकृति पूजालाई उत्सवका रूपमा लिन्छन् भने नेपालका विभिन्न जातजातिमा प्रकृति पूजालाई विभिन्न ठूला उत्सवका रूपमा मान्ने गर्दछन् । ब्राह्मण, क्षेत्री गुरुङ, राइ लिम्बुहरूले कुलपूजा गर्दा देउराली, कुण्ड, नदी, पोखरी, पर्वत ढुङ्गा वा गुफाको पूजा गर्दछन् ।

प्रकृतिको पूजा आफ्ना पूर्वज कुल गोत्रसँग पनि जोडिएर आएको हुन्छ । कतिपय धार्मिक विश्वासअनुसार मृतात्माहरूलाई खुसी

पार्नका लागि मठ, मन्दिर, धारा, पाटी, चौताराहरू र सत्तलहरू निर्माण गरी पाठ, पूजा र होमयज्ञादि गर्ने गरेका पाइन्छन् । यसप्रकारले पुर्खाहरूका नाममा निर्मित पाटी, पौवा, सतल र चौताराहरूमा मृतात्माहरू आएर बस्छन् र उनीहरूको नाममा चढाइएका पूजापाठका प्रसादहरू वा सामग्रीहरू उनीहरूले प्राप्त गर्छन् भन्ने विश्वास गरिन्छ । विश्वका धेरै मुलुकहरूमा प्रकृतिको पूजा परम्परा रहेको छ ।

प्रकृति पूजा गर्दा मानिसहरूमा प्रकृतिमा अदृश्य शक्तिको अस्तित्वलाई स्वीकारेको पाइन्छ । हाम्रो लोकविश्वास तथा पुराण मिथकले वा किंवदन्ती र प्रकृतिको पूजा गर्ने परम्परा निर्माण गरेको छ । तुलसी, पिपल, कुश, आँक, अमला, शमी जस्ता झार, बोट, रुख तथा आयुर्वेद विज्ञानले ओखतीका रूपमा मानेका वनस्पतिलाई पूजा गरिन्छ भने आकाश, आकाशीय पिण्ड, हिमाल, पहाड, बादल र समुन्द्रजस्ता देवताका रूपमा मन्त्रद्वारा पुज्ने गरिएको छ । मानवको स्वभाव नै प्रकृतिलाई जोगाउने हुन्छ । त्यसैले प्रकृति-पुज्ने गर्दछन् ।

एउटा ढुङ्गा चढाउने प्रकारका देउरालीहरू विशष गरिएका देखिन्छन् । भनिन्छ र जहाँ हरेक बटुवाले अनिवार्य रूपमा फूल, पाती र ढुङ्गा चढाउने प्रथाका रूपमा अझसम्म देख्न सकिन्छ । यस देउरालीहरू विशेष गरेर उच्च पहाडको भन्ज्याङहरूमा स्थापना गरिन्छ ।

नेपालमा बसोबास गर्ने राईले याक्खा र सुनुवार जातिका मानिसले आँधीबेहरी, हुरी-वतास, असिना पानी, बाढी-पहिरो र भूकम्प जस्ता दैवी प्रकोप वा प्रकृति प्रकोप नहोस् भनी वार्षिक याक्खा/याक्वा

पूजा गर्ने गरेका छन् । याक्वा पूजाको उद्देश्य कृषकहरूले लगाएको अन्नबालीमा राम्रो अनाज होओस् र यथोचित समयमा उपयुक्त वर्षा होओस् भनी प्रकृतिसँग प्रार्थना गर्नु पनि हो ।

प्रकृतिको पूजकहरूले डर र त्रासका कारण वा अज्ञानताको कारण पनि भूकम्प, आँधीबेहेरी, हुरीबतास, बाढी, पहिरो र चट्याङजस्ता प्रकतिका भयानक रूपलाई मत्थर गर्नका लागि पूजा आराधना गर्ने गरेका छन् । विशेषगरी नेपालमा बस्ने लिम्बू जातिका फेदाङ्माहरू (पुजारीहरू) "अकवानामा" (वास्तुकी देवी) रिसाएका कारण भूकम्प आउँछ भन्ने विश्वास गर्छन् भने ब्राह्मण जातिका धामीझाँक्रीहरू शक्तिपीठहरूमा वा देवीदेवताका मन्दिरहरूमा जथाभावी फोहोरमैला भएमा आँधीबेहरी आउँछ भन्ने विश्वास गर्छन् ।

विश्वका धेरै धर्महरू प्रकृति-पूजा गर्ने संस्कार संस्कृतिबाटै विकसित भएका देखिन्छन् अर्थात् धेरै धर्महरूको जननीका रूपमा प्रकृति-पूजालाई पहिचान गर्न सकिन्छ । देउरालीमा शिवलिङ्ग अथवा ढुङ्गाको थुप्रो बनाएर पुज्ने गरिन्छ ।

क) वीर/बेताल

ठूला देवी देवताका मन्दिर आसपास राखिएका सुरक्षाका निम्ति स्थापित दैवीशक्तिलाई वीर-बेताल भनिन्छ । देव देवीका मन्दिरभित्र अनावश्यक शक्ति पस्न नदिन सुरक्षाका निम्ति स्थापित यी गणहरूले देवीदेवताका अगाडि पछाडिका अवरोध हटाउन वरिपरि स्थापित शक्तिका रूपमा कार्य गर्छन् र देवीदेवताका पूजाआजासँगै यिनको भागसमेत छुट्याइन्छ । अपारशक्ति सम्पन्न यी दल वा समूहको नाम नै वीर-बेताल हो । जसलाई परापूर्वकालदेखि नै मानिंदै र पूजिंदै

आएको छ । देवी देवताको मन्दिर वरिपरि राखेर पूजिने यी मूर्ति वा खाँवो वा अन्य अमूर्त मूर्ति वा वस्तुका रूपमा रहेका हुन्छन् ।

आजसम्म पनि शक्ति पीठ वा देवी देवताका मन्दिरमा बलि वा भोग दिंदा यी रक्षक दल वा वीर-बेतालहरूलाई नै दिने गरिएको पाइन्छ । त्यसैले मूल मन्दिर वा मूर्तिमा पूजाआजा मात्र गरिन्छ, भोग दिइँदैन् । वीर-बेताल भनेका साहसी र कठिन कार्य सम्पन्न गर्न सक्ने सामर्थ्ययुक्त हुन्छन् । वीरले अति कठिन कार्य सम्पन्न गरेको कथन वा किंवदन्ती पाइन्छ भने स्वस्थानीमा सतिदेवीले दक्ष प्रजापतिको यज्ञमा प्राण त्यागेपछि शिवद्वारा प्रयोग गरिएको वीरभद्र र महाकालीले यज्ञ विध्वंस गरेको कथा छ । यस्ता वीर-बेतालहरू अनेक नामले पुकारिन्छ जसलाई नरसिंह, हनुमान, गोरखनाथ, काल्या, कैल्या, धौल्या, चड्के, लम्का, चनीमुन्ट्या, धुनीमत्या, अर्जुनवाण र उवा गरी बाह्र नाम दिइएको छ ।

ख) सिमे /भूमे

सिमे र भूमेलाई सिमसार र जमीनका देवताहरू हुन । पानीका स्रोतहरूमा फोहोर-मैला गर्नु हुंदैन नत्र सिमे देवताले पिर्छ भन्ने जनविश्वास छ । त्यसैले पानीको मुहानमा सिमेभूमे तथा नागदेवता थापेर पूजाआजा गरिन्छ । विशेषगरी धान रोप्ने रोपाँइको बेलामा सिमे पूजा गरिन्छ भने धानको फसल दाइँ गरेर अन्न भर्ने बेलामा पहिलो भरेर उठाएको अन्न भूमे देवताको भाग भनी अलग्गै राखी धुप हालेर भूमे देउताको प्रार्थना गरिन्छ अनि मात्र अन्न भर्ने वा दाइँ गरेका ठाउँबाट उठाउन थालिन्छ । यसरी सिमभूमे देउतालाई भनेर चडाएको अन्नलाई भूमेपाथी भन्दछन् । यसरी खेत र पानीका

संरक्षकका रूपमा मानिएका सिमेभूमेलाई कुलपूजामा सम्झेर पूजा गर्ने प्रचलन रहि आएको छ ।

ग) नाग-नागीनी

जलका देवताका रूपमा नाग नागिनीको स्थापना गरी पूजाआजा गर्ने प्रचलन छ । खेतबारीका नागनागीनी स्थापना गरी तिनको विशेष पूजा पनि गरिने गरिन्छ । नाग नागीनीहरूलाई पानीका स्रोत वा मुहानका रक्षक मानिन्छ । उनीहरू रिसाएर भने पानी नपर्ने, खेतीबाली राम्रो नहुने अनेक समस्या अतिवृष्टि, भल-पैह्रो जान्छ भन्ने जनविश्वास छ ।

नेपाल राज्यको स्थापनासंग नाग वंशको इतिहास जोडिएको छ भने त्यसकै प्राचीन ऐतिहासिक स्थल वा पोखरीका रूपमा नागदह, टौदह, नागपोखरी अद्यपि छदैछन् । हरेक वर्ष नागपञ्चमीका दिन घरघरमा नाग टाँसेर नाग पूजा गर्ने गरिन्छ । खस समुदायमा प्राचीन समयका नागवंशका नागकै एक नाम छ । यसैले नागपूजाको भने कश्मीरमा पनि (कर्कोटक) नागकै एक राजाहरूको उल्लेख पाइन्छ भने वंशका राजाहरू भएको उल्लेख पाइन्छ । खेतबारीका रखवाला भनेर नाग नागीनीको पूजाआजा गरिन्छ भन्ने नागपूजाले सधैं राम्रो हुन्छ भनी नागदह, नागपोखरीको साथ साथै घरघरमा नाग टाँसेर पूजा गर्ने परम्परा पनि छ । कुलपूजामा नाग खेतबारीका, घरगोठका नागिनीलाई सम्झेर पूजाआजा र धूपधूवाँर गर्ने गरिन्छ ।

कुलपूजाकै अर्को रूप गोठधूप

गोठधूप भनेको मूलतः गोठ देवताको पूजा अर्थात् गैंडु देवताको पूजा उपासना हो । यो परम्परा पनि कुलदेवताको पूजाआजाकै अर्को एक रूप हो । सामान्यतया गोठधूप भन्ने बित्तिकै पशुधनको सुरक्षाका निमित्त गैडुदेवतालाई पूजाआजा र धूप-धूँवार गरी खीरप्रसाद चढाउने गरिन्छ । गोठपूजा कुलपूजाकै पद्धति र प्रक्रियालाई सम्झन पुग्छौं । गोठधूप गर्दा अथवा गोठका देवता वा गोष्ठ देवताको पूजा आराधना गर्दा र दशैंका अवसरमा अर्थात् नौरथाका बेलामा विशेष गरेर कुलदेवता र कुलदेवीको पूजा आराधना विधि विधानपूर्वक गर्नु अनिवार्य मानिन्छ तर यो पूजा नियमित रूपमा पनि गरिन्छ । त्यसो त अरु विशेष चाडपर्व र यज्ञ अनुष्ठानका शुभकार्यहरूमा कुलदेवताको स्मरण एवम् उपासना हुन्छ ।

त्यसो त प्रत्येक खस आर्यका घरमा मही पारेर घ्यू निकाल्दा अग्निमा धूप-धूँवार गरेर कुलदेवता, देवी तथा मानि आएका देवीदेवतालाई स्मरण गरिन्छ । अन्य कुनै शुभकार्य गर्दा कुलदेवताको पूजा स्मरणोपासना नगरी पूजाआजा सफल हुँदैन् । गोठधूप गर्दा र

नौरथाका अवसरमा भने नियमित रूपले पूजा उपासना गर्ने पर्दछ, यो प्रचलन भने अझै छर्दैछ ।

गोठधूप गर्दा शुक्लयजुर्वेदीय माध्यन्दिनी शाखाका उपमन्यु वंश तथा गोत्रका ढकालहरूले महादेवलाई सिद्ध देवाधिदेव मानेर मष्टाको प्रतीकस्वरूप दूधे र मण्डली कुलदेवताका रूपमा पूजा गर्छन् अनि कुलदेवी चाहिँ देवी देउरालीलाई मान्दछन् । अन्य गोत्र तथा प्रवरकाहरूले पनि गोठपूजा गर्दछन् । पशुधनको रक्षा र उन्नतिका लागि गोठधूप गरिन्छ । गोठधूपका अवसरमा मुख्यतयाः मष्ट तथा अन्य देवताका रूपमा यी देवीदेवताको विशेषरूपले पूजा आराधना गर्ने परम्परा रहेको देखिन्छ।

१. महारुद्र

२. काँणब्रह्म अथवा काँडब्रह्म

३. ऐरा वा ऐरी अथवा अहीर देवता

४. गैडु

५. गोसाइँ

६. गैया (गाई)

७. मष्ट देवता

कतैकतै गोठमा देवता भनेर गोठको पूजा गर्ने प्रचलन रहेको पाइन्छ । यिनमा एकादश रुद्रकै प्रतीकस्वरूप गणपति, महारुद्र, विष्णु, महालक्ष्मी काँण/काँड ब्रह्मा, ऐरी देवता, लक्ष्मी/शिकारी गैंडु

गोसाइँ, गोष्ठाधिदेव मष्ट, मण्डलिनी र कुलदेव/देवीहरू विशेष उल्लेखनीय छन् । यी सबैको पूजा उपासना तान्त्रिक प्रक्रियामा वैदिक/अवैदिक दुवै विधिविधानद्वारा गर्ने चलन छ । कसैकसैको प्रचलनमा अलिक परतिर छुट्टै प्रतिमा राखी अन्य पूजासमेत गर्ने गरेको देखिन्छ । गाई भैंसी ब्याउँदा सातपोके बनाएर मष्टोलगायत अन्य देउतालाई चढाउने र गोठपूजा गरी चोख्याउने गरिन्छ ।

गोठधूपको पूजा विधि

गोठधूप गर्दा मुख्यतः महारुद्र वा महादेव पूजा उपासना गर्ने परम्परा छ । पूजाको दिन जुराएर मात्र यो कार्य सम्पन्न गर्ने गरिन्छ । महादेवको पूजा आराधना गर्नलाई ग्रह, नक्षत्र आदि जुरेकै हुनुपर्दछ । पूर्णिमाकै दिन पूजा गर्ने साइत नजुरे औंसीपछिको द्वितीयादेखि पूर्णिमा बितेपछिका पञ्चमीसम्ममा जुन दिन गरे पनि शुभमुहूर्त निकालेर गर्नुपर्छ । यो परम्परा कृषि युग र कृषिकर्मकै निरन्तरता हो । गोठधूप परम्परा प्राचीनकालदेखि चलिआएको हो र आज पनि यो अनुसरण गरिदैछ । सामान्यतयाः कृषिलाई मुख्य पेसा गर्नेहरूले वर्षको दुईपटक गोठधूप गर्ने चलन छ । उभौली-उधौली, वैशाख शुक्ल पूर्णिमा र मार्गशुक्ल पूर्णिमा यसका अनुशासन सीमा हुन्, यिनै दुई पूर्णिमाका छेउ पारेर अथवा पूर्णिमाका दिन गोठधूप गर्ने परम्परा छ । परापूर्वकालदेखि चलिआएको यो परम्परा अझसम्म पनि जीवितै रहेको छ ।

प्रक्रियागत विधि

सामान्यत गोठका देवताहरुको पूजा आराधना गर्दा परम्परागत वैदिक विधिविधानका अतिरिक्त तान्त्रिक प्रक्रियालाई पनि अनुसरण गरिन्छ । गोठधूप गर्दा कुन देवता कहाँ राख्नुपर्छ ? कसरी राखिन्छ ? भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु जरुरी हुन्छ । गोठधूप लगायत कुलपूजाको विधान एउटा निश्चित र नियमित प्रक्रिया एवम् मर्यादाद्वारा अनुशासनबद्ध र निर्दिष्ट पनि हुन्छ । देवीदेवताको स्थापना गर्दा मान मर्यादाअनुसार यथाक्रम आ-आफ्नो ठाउँमा राखेर गर्नुपर्छ । मण्डपको निर्माण एवं पूजा पनि शास्त्रीय र तान्त्रिक दुवै प्रकारको विधि पुऱ्याएर गर्नुपर्छ । उपमन्यु गोत्रका ढकालको गोष्ठदेवताको पूजा गर्दा वैदिक विधिपूर्वक मण्डप बनाइ दियो, कलश र गणेशको स्तुति र पूजा उपासना गर्दछन् एवम् अग्निको स्थापना विधि विधानपूर्वक गर्छन् । मण्डपमा रेखी हाल्दा ठाडा ११ वटा र तेर्सा ९ वटाका २ र ९ वटा तेर्सा ७ वटाका २ गरी तलमाथि हाल्ने चलन देखिन्छ। यसको कारण भने रहस्यपूर्ण नै छ । यसलाई तान्त्रिक विधि मानिन्छ ।

गोठधूपका दिन कुलको दियो अगाडि लगाएर गोठधूप गर्ने स्थानमा जाने चलन छ । गोठधूपमा प्रत्येक घरबाट गाईको दूध, पूजाको सामान, चामल, पीठो, कपडा, जनै सुपारी, फूलपाती दक्षिणा आदि आवश्यक पर्ने वस्तु ल्याइन्छ । सबैका घरबाट आएका सामानहरू एकै ठाउँमा राखिन्छ र मूल पूजारीबाहेक कुल दियो वा कुलदीप अरुले नछुने प्रचलन छ । कुलवृद्ध वा कुलमूलीले अथवा प्रमुख पूजारीले यत्नसाथ सुरक्षित गरेको दियो गोठधूपका दिन मात्र निकालिन्छ ।

अघिअघि गोठधूप गर्दा अघिल्लै दिन सबै बन्धुबान्धवमा घरआँगन लिपपोत गर्ने कपडा धोएर सफा गर्ने, मूली वा पूजारी लगायतका सहभागीले नियमपूर्वक स्नान गरी शुद्ध सात्विक भोजन वा उपवास (एक छाकी) बस्ने गर्दथे हालसम्म पनि यो परम्परा रहेको छ । कुलपूजा वा गोठधूप गर्ने ठाउँमा सबै दाजुभाइ बन्धुहरूले सफासुग्धर गर्ने, घेराबारा लगाउने गर्दछन् । हाल धेरै स्थानमा कुल तथा गोठधुपको लागि मन्दिर निर्माण भैसकेकोले सबै बन्धुवान्धव जम्मा भई मूल मन्दिरमै पूजाआजा गर्दछन् । पूजाका दिन दोस्रो प्रहरभित्रैमा कलश, दियो, घण्ट, चमर, आशागुर्जासहित, पूजासामग्री जम्मा पारी र देवतालाई चढाउने जोरजोर जनै सुपारीसमेत राखी ढाकेर सुरक्षासाथ घण्ट, डमरू बजाउँदै कुलवृद्धका घरबाट लावालस्कर निकाली गोठधूप गर्ने गर्दथे । वैदिकमन्त्रद्वारा स्वस्तिवाचन गर्दै लिपपोत गरी चारैतिर चित्रा मान्द्रा आदिले घेराबारा गरी बिचमा यज्ञमण्डप तयार गर्ने वैदिक विधिपूर्वक अग्निस्थापना गर्दथे अहिले कुलमन्दिर निर्माण गरिसकेकाले कुलमन्दिरकै प्राङ्गणमा यज्ञशाला निर्माण गरेका छन् । गोठधूप गर्ने स्थानमा बसी रुद्री पाठका साथै र रुद्राभिषेकका साथै फूलप्रसाद ग्रहण

गरिन्छ । ब्रतवन्ध संस्कार भएकाले मात्र मूलपूजामा भाग लिने र महाप्रसाद बाँडिन्थ्यो अहिले कूलका सबै बन्धुवान्धव पुरुष महिला र उही गोत्रका छोरीहरूसमेतलाई बाँडिन्छ ।

गोठधूपका दिनमा मूल पुजारीका सहयोगी वा मूल पुजारीले नुहाईधुवाइ गरी चोखोपानीले मण्डप बनाउन जति जमिन लिपेको हुनुपर्छ । मण्डप बनाउँन पाँच सुरमा पाँचवटा सिमली या पैयूँका लिंगा गाडिन्छन् । ध्वजापताका लगाइन्छ । धागो वा डोरीले फेरा लगाएर विधिपूर्वक घेरिन्छ । मूल मण्डपलाई चारैतिरबाट छेकेर बाहिर कतैबाट पनि नदेखिने गरी घेरेको हुन्छ । घेराबाराभित्र मूलमण्डप बनाएको पाइन्छ । वस्तुतः गोठधूप गर्दा घेरा बाहिर मण्डपको ठीक पश्चिम आसनमा बसी पाठ पारायण गर्नेको र पूर्वतर्फ कर्म गर्ने पूजारीको आसन हुन्छ । मण्डपका बिचमा कुलदेवता, गोष्ठ देवताको पूजा मण्डप हुन्छ, यो मण्डप ठूलाठूला दुईवटा च्याप्टा ढुङ्गा वा काठको फल्याक राखेर बनाइन्छ अनि त्यसमाथि रेखी हालिन्छ । रेखीहाल्दा दुईतर्फ तलमाथि विपरीत बराबर कोठा पारेर हालिन्छ । ती कोठालाई सिमाली वा पैंयुका पातले छपक्कै छोपिन्छ र त्यसमाथि क्रमशः सबै कोठामा खीर, बाबर, नौनी र नैवेद्य चढाइन्छ ।

मूल मण्डपको अगाडि कुल देवताको मूर्ति स्थापना गरी गोवरकै मुर्ति (कुण्ड) बनाएर कुलदेवीको स्थापना आह्वान र पूजा उपासना गर्ने गरिन्छ । दायाँपट्टि देवताहरू र देब्रपट्टि देवीहरूको स्थापना गरिन्छ र पूजिन्छ । गोठ देवताहरूमा मुख्यतः माथि उल्लेख गरिएका सात वटा देवदेवीहरू नै उल्लेखनीय छन् । यिनमा पनि क्रमैले आफ्नो कुलवंशानुसार मष्टो देवता थापेर सात वटा पुऱ्याउँछन् भने कसैले

चाहिँ कुलपरम्परादेखि पूजाआजा गरी ल्याएकी कुलदेवी थापेर सात पुऱ्याउँछन् । प्रायः सबैले मान्ने कुलदेवीहरूमा काली, भवानी, तारा, ढाकादेवी, चण्डी, दुर्गा, विन्ध्यवासिनी, देवी, देउराली जस्तै स्थानीय देवीहरू आदि मान्ने गरेको पाइन्छ भने कसैले बागेश्वरी, कंकाली देउती बज्यै पनि मान्दछन् । काँड ब्रह्मालाई पनि पुज्दछन् । कसैले गैडुगोसाइँ एउटै देवता मानेको पाइन्छ भने कतै दुई भिन्नाभिन्नै देवता मानेको पाइन्छ । त्यस्तै कतै ऐरी देवता र शिकारी देवता मानेको पाइन्छ कतै ऐरी देवतालाई नै शिकारका देवता मानेर एउटै मानेको पनि पाइन्छ । यसरी गोष्ठदेवताहरू पनि कतै ७ कतै ११ र कतैकतै त १३/१४ वटाको पनि अस्तित्व रहेको देखिन्छ । यसबाहेक मष्टोसँग आउने गणनायकहरू र महारुद्रका गणहरूलाई पनि यथायोग्य स्थानमा मान दिएर पूजा आराधना गर्ने गरेको पाइन्छ ।

गोठधूपका विशेषता

गोठधूपको मुख्य विशेषता होः वैदिक विधिविधानसाथ तान्त्रिक अनुष्ठान प्रक्रियाको अपूर्व संगम । वैदिक विधिअनुसार चाहिने पूजा अनुष्ठानका सबै सामग्रीबाहेक तान्त्रिक प्रक्रियामा निमित्त चाहिने सामानहरू पनि उपभोगमा ल्याइन्छन् । मण्डपमा रेखी हाल्दा नबिराई हाल्नुपर्दछ । दूधे मष्टोको विशेष सम्मानपूर्वक पूजा उपासना गर्ने प्रक्रिया पनि एउटा उल्लेखनीय विशेषता हो । गोठधूपमा मुख्य प्रसादका रूपमा खीर, चामलको पिठोबाट बनाइएको बाबर, पञ्चामृत फूलपाती अमला आवश्यक मानिन्छन् । वास्तवमा गोठपूजाका अवसरमा घ्यूका धूपले सारा वातावरण मगमग पार्नु, दूधको छेलोखेलो हुनु अनि फूलपातीमा नानाजातका हुनु र प्रसादीमा खीर बाबर हुनु नै विशेष उल्लेखनीय मानिन्छन् ।

गोष्ठ देवताहरूका पूजा आराधनासहित सबै देवीदेवता सिमे, भूमे, बेताल आदि सबैलाई फूलपाती, नैवेद्य इत्यादि अक्षता चढाइ सकेपछि आरती गरेर यज्ञानुष्ठानको समाप्ति गरिन्छ । प्रसादका रूपमा फूलपाती, तिलक, अक्षताको टीकासहित पञ्चामृत र महाप्रसाद (मण्डपभित्र तान्त्रिक पूजा गरी चढाइएको खीर, बाबर र नौनीसमेत)

तथा सबैप्रकारका नैवेद्य (प्रसादहरू वितरण गर्ने र ग्रहण गर्ने गरिन्छ । पूजाका सन्दर्भमा कुलदेवता, गैडु, दियो, कलश र गणेशमा अनिवार्य रूपमा नैवेद्य र भेटी चढाएको हुनुपर्छ । भेटीमा अनिवार्य रूपमा जनै सुपारी चाहिन्छ साधारणतया हिजोआज गच्छेअनुसार भेटी राख्ने चलन बढ्दै आएको पाइन्छ । यस पूजाकर्मको मूल जजमान/यजमान कुलकै मूली हुने हुंदा पैसाको त्यति महत्त्व नभएको अनुभव हुन्छ । यसको अर्को विशेषता के छ भने घिउ, कुण्डमाथि र अन्य स्थापित देवताहरूका स्थानमा धूपदीप नैवेद्य आदि चढाउँदा वैदिक मन्त्रका साथमा तन्त्रमन्त्रसमेत पढी शंख, घण्ट र डमरु बजाउदै श्रद्धापूर्वक उपासना गरिन्छ । यो कार्य सम्पन्न गर्न वैदिक विधि र तान्त्रिक विधि पनि जान्ने हुनु आवश्यक पर्छ ।

गोठधूप गर्दा एकाथर वा एकागोत्रका सबै बन्धुवान्धव एकै ठाउँमा भेला भएर सामूहिक रूपमा सम्पन्न गर्ने प्रचलन छ । प्रत्येक सामग्रीमा सबै घरधुरिसहित संरचनाका विषयमा निकै मत मतान्तरहरू देखिन्छन् । तापनि नियमअनुसार मण्डप निर्माण भएको प्रायशः गोठधूप कार्यमा देखिने ६६ भन्दा बढी देवीदेवताको पूजा उपासना गरेको पाइन्छ ।

मण्डपमा महादेवलाई देवादिदेव तथा सिद्धदेव मानेर सबै देवदेवीहरूका बिचमा राखेको पाइन्छ । त्यसो ठीक दक्षिणमा काँड ब्रह्मा र त्यसको पनि दक्षिणमा ऐरी देवताको स्थापना गरिन्छ । दुवैको पूजा तान्त्रिक विधिद्वारा गरिन्छ । मूल मण्डपमा ऐरी देवताका प्रतिमाहरू नामकरण राखी स्थापना गरिन्छ । सिद्धको प्रतिमा गाईमा गोबरको अमूर्त रूप कुण्ड बनाइन्छ । छेउमा अलि ठूलो प्रतिमा बनाइन्छ, यसलाई महारुद्रको प्रतीक मानिन्छ । अनि उनलाई नै

सिद्ध मानेर वैदिक मन्त्रोच्चारणसहित आह्वानादि गरेर पूजा उपासना गरिन्छ । त्यस मूर्तिकुण्डका शिरमा भने नौनी घीउको चिटिक्क परेको एउटा गतिलो कुण्ड बनाइन्छ । जसलाई घिउ कुण्ड भन्छन् र त्यसमा गाईको दूध भरिभराउ पारेर राखिन्छ । यसको पूजा षोड्स मन्त्रहरूद्वारा अथवा रुद्रीका मन्त्रद्वारा पढेर पूजा गर्ने परम्परा प्रचलित छ । यसरी महारुद्रका स्तुति प्रार्थनासम्बन्धी वैदिक मन्त्रहरू पढ्दै पञ्चामृतको अखण्ड जलधारासित गरिन्छ । वस्तुतः सहभागिता अनिवार्य छ तर नहुँदा बाध्यता भने छैन् । पहिलेको समयमा बन्धुबान्धव र भेला हुने यो एउटा उत्तम अवसर थियो तर कामधन्दा र दुरीका हिसाबले टाढा भएका कारण पनि हिजोआज कठिन हुँदै गएको अनुभव हुन्छ । यस्तो कार्य अनुष्ठान सम्पन्न गर्न भरसक जेठो बाठो, थकाली, कुलको मूली अथवा सबैले मान्ने वृद्ध, व्यक्तिको अथवा सबैको सहमतिले निर्धारण गरेको स्थानमा गरिन्छ । अन्तिममा सबै कर्म गरिसकेपछि सेलाउने समयमा घीउ कुण्ड आदि देवतालाई चढाएको नैवेद्य आदि प्रसाद आफ्नै कुलकाले मात्र प्रसादका रुपमा खाने चलन छ । कुलदेवताका प्रसादको रुपमा भएकाले यस परम्पराको पालना गर्नु अनिवार्य ठानिन्छ ।

पहिले महिलाहरूलाई कुलदेवताको पूजामा सहभागी हुन र बस्न पनि निषेध थियो विस्तारै देवी देवताको पूजामा सहभागी बनाउने कार्यको सुरुवात भएको छ । कुलदेवताको पूजा अनुष्ठान गर्दा स्थानीय देवदेवीहरूलाई पनि ग्रामदेवताका रूपमा पूजा गर्ने परम्परा पनि परापूर्वकालदेखि नै कायम रहेको छ । यसरी नैं न्वागी खाँदा र गाईभैसी ब्याउँदा पनि धुपधुँवार गरी लक्ष्मी गैडु तथा कुलदेवताको पूजा उपासना गर्ने परम्परा छ ।

वायुपूजा

आफ्ना कुल वंश वा परिवारका बन्धुवान्धवको अकाल वा असामयिक निधनपछि प्रेतात्माको मोक्षका निमित्त वायु उतारिन्छ । वायु उतारेरे खोजेको पूजाआजा पछि निश्चित स्थानमा राखेर देवताका रूपमा वर्षको एकदिन वा कुलपूजाकै दिन वायुपूजा गरिन्छ । कसैकसैले छुट्टै दिन पूजा गर्दछन् भने त्यसलाई वायुपूजा नै मानिन्छ विशेष गरी श्रीपञ्चमी वा वसन्त पञ्चमीका दिन वायुपूजा गर्ने प्रचलन छ ।

कूल पुज्ने प्रक्रिया र पद्धति

कूलपूजाका अघिल्लो दिन एकछाक शुद्ध भोजन गरी बसेका समस्त बन्धुवान्धवहरू कूलपूजाका दिन कुल स्थानमा सामूहिक भेला हुन्छन् । आ-आफ्नो श्रद्धाले अर्पण गरेका पूजा सामग्रीसहित उनीहरू कूलपूजामा सहभागी हुन्छन् ।

पञ्चगव्यको निर्माणसँगै कूलपूजा आरम्भ हुन्छ । शरीर र मन शुद्धिलाई ध्यानमा राखेर पञ्चगव्यप्राशन पछि चामलको पीठो र अविरद्वारा यज्ञमण्डप र यज्ञवेदीमा रेखी हालिन्छ । वैदिक र तान्त्रिक पूजाका निमित्त छुट्टै पूजासामग्री तयार पारिन्छ । यज्ञ वेदीमा र मूल पूजा चौकीमा दियो स्थापनासँगै यज्ञ आरम्भ हुन्छ । वैदिक ऋचा वाचन गर्दै एकातिर यज्ञ, अर्कोतिर तान्त्रिक पूजा जलधारासहितको रुद्री पाठ गरिन्छ । स्थापित कूलदेवताका विभिन्न मूर्तिमा सबै बन्धुवान्धवले निरन्तर पूजा गर्दै यज्ञको मध्यमा प्रत्येक सहभागीको नामबाट घरगन्ती पूजाआजा र यज्ञमा आहुति दिइन्छ ।

तान्त्रिक पूजा र वैदिक पूजाको अन्त्यमा पुष्पाञ्जली गर्दै पूजा समापन गरी प्रसाद वितरण गरिन्छ । यसरी कुलपूजा अग्निस्थापना, रुद्राअभिषेकद्वारा सम्पन्न हुन्छ ।

निष्कर्ष

वैदिककालमा परिवारलाई कुल भनिन्थ्यो र ठूला एकाइका रूपमा अभिवृद्धि हुँदै जाँदा वर्ण र सजातिमा परिवर्तन हुन्थ्यो । यसरी एउटा कुल र सजातिहरूले मान्यता दिएका देवताहरूको उपासना परम्पराले कुलदेवताको रूप लिएको हो । खस आर्यका कूलदेवता मष्ट वा मस्तगण हुन् । उत्तरवैदिककालदेखि रुद्रका पुत्रको रूपमा मान्यता पाउँदै आएका मरुतगण वर्तमान समयसम्ममा आइपुग्दा महादेवकै प्रतीक भएका छन् । 'मष्ट' को उपादेयता र कुलदेवताको पूजा उपासनादि कार्य गर्वमात्र होइन, वंश वा कुलको द्योतक हो । परन्तु वंशाणुगत परम्परालाई कुनै पनि सिद्धान्तले उल्लङ्घन गर्न सक्दैन भन्ने कुरा निश्चित छ । कुलपूजा 'मष्ट' उपासनाको महत्त्व एकता र बन्धुत्वको अभिवृद्धिमा रहेको छ । नेपाली समाजमा आर्य खस मात्र होइनन्, अरु जातजातिलाई समेत एकताको सूत्रमा आवद्ध गने परम्पराका नाममा कुलपूजा निकै महत्त्वपूर्ण छ । कुलपूजालाई जीवन्त गरिमा दिने तथा सबैभन्दा भरपर्दो निजत्व दिने माध्यम नै कुलायन वा कुलदेवता हुन् । नेपालीमा वंश गौरवको ऐतिहासिक बोधलाई युगान्तकारी चेतनाको उद्घोष गर्ने सांस्कृतिक आधारका रूपमा कुलायन पूजालाई मान्नुपर्दछ । यही नै यसको सर्वोत्तम उपलब्धि हो भन्न सकिन्छ ।

जय कुल । जय कुलदेवता ।

सन्दर्भ सूची

अधिकारी नारायण र अन्य (२०७०) **आर्य खसका १५००० वर्ष**, काठमाडौंः मधुवन प्रकाशन ।

अधिकारी, सूर्यमणि (२०६७) **खश साम्राज्यको इतिहास, काठमाडौं** : भुँडीपुराण प्रकाशन ।

कार्की, तेजबहादुर (२०७५) **मष्टो संस्कृति**, काठमाडौंः शिखा बुक्स ।

खड्का, श्यामबहादुर(२०७५) **मष्टो संस्कृति र परम्परा**, दो.सं. काठमाडौंः एकता बुक्स प्रा.लि ।

देवकोटा, रत्नाकर(२०६४) **बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना**, काठमाडौं, कुमार खड्ग प्राइभेट स्टडिज ।

दीक्षित, सुन्दरमणि (२०६२) **कीर्तिस्वरूपरावत पुनर्जन्म** भूमिका ।

पोखरेल, बालकृष्ण (२०५५) **खस जातिको इतिहास**, विराटनगरः उदात्त अनुसन्धान ।

प्रभात, विष्णु (२०७४) **प्रज्ञा संस्कृति कोश**, काठमाडौंः ने.प्र.प्र. ।

रुपाखेती, श्रीहरि (२०६८) **नेपाली थरगोत्र प्रवर कोश**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

शर्मा, जनकलाल (२०५६) **हाम्रो समाज एक अध्ययन**, ललितपुरः साझा प्रकाशन ।

शर्मा माधवप्रसाद (२०६३) **गरुडपुराणम्**, वाराणसीः स्वयम ।

शर्मा ढकाल शिवराज (२०७३) **कुलायन पूजा**, काठमाडौं : साम्बराज ढकाल ।

दहचोकको नालीबेली

भौगोलिक अवस्था

दहचोक चन्द्रागिरि नगरपालिकामा अवस्थित रहेको प्राचीन ऐतिहासिक बस्ती हो । समुन्द्री सतहबाट २५५१ मिटर उचाईमा रहेको चन्द्रागिरि पर्वत शृङ्खलाबाट ठिक उत्तरपट्टि अवस्थित दहचोक लगभग २००० मिटरको उचाईमा रहेको छ । इन्द्रदह, काली दह तथा अन्य दहहरूकै चोकबाट नामकरण गरिएको प्राचीनस्थल हो । दहचोकको पूर्वमा नैकाप, पश्चिममा धादिङको छत्रदेउराली र धुनीबेंसी, उत्तरमा भीमढुङ्गा र नागार्जुन दरबार तथा दक्षिणमा मातातीर्थ र चन्द्रागिरि पर्वतमाला रहेका छन् । दहचोकको माथिल्लो स्थान इन्द्रदह/इन्द्रस्थानबाट काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ; नुवाकोट, रसुवा, मकवानपुर र गोरखा जिल्लाका केही स्थान समेतको अवलोकन गर्न सकिन्छ । नेपालको बागमती प्रदेशअन्तर्गत काठमाडौंको पश्चिममा अवस्थित दहचोक प्राकृतिक दृष्टिले अत्यन्तै मनोरम स्थल हो । काठमाडौं जिल्लाको दक्षिण-पश्चिम भेगमा रहेको दहचोकको वरपर थानकोट, नैकाप, बाडभञ्ज्याङ; बलम्बु, महादेवस्थान, तीनथाना, सतुंगल, मातातीर्थ, मच्छेगाउँ आदि बस्ती

रहेका छन् । माथिल्लो भागमा समथल भू भाग र भिरालो जमिन रहेको दहचोकको पहाड पूर्वमा पुरानो नैकाप र पश्चिममा बाडभञ्ज्याङ हुँदै पातलेवनसम्म फैलिएको छ । नेपाल एकीकरणको सिलसिलामा पृथ्वीनारायण शाहले सेनाको व्यारेक राखेको यस क्षेत्रमा कोट वा किल्लाका रूपमा अझै केही भग्नावशेषहरू रहेका छन् भने स्थानकोट, निशानकोट र कानाकोटहरू प्रचलित नाममा रहेका छन् ।

दहचोक वरपर अवस्थित मठमन्दिर

ऐतिहासिक तथा धार्मिक स्थलका रूपमा परिचित दहचोकमा ईन्द्रदह रहेको छ । यस दहमा ईन्द्रजात्राको दिन अर्थात् भाद्रशुक्ल पूर्णिमाका दिन विशेष मेला लाग्दछ । काठमाडौंमा अघिल्लो दिन जात्रा लाग्दछ । ईन्द्रदह भएको स्थानमा हाल कालु पाँडे स्मृति पार्क, मनकामना मन्दिर, ईन्द्रायणी मन्दिर तथा नजिकै पर्यटकीय स्थान स्वीजरल्याण्ड पार्क रहेको छ । यसै स्थानका वरपर यक्षेश्वर, सहस्रशिखर महादेव, वाग-वत्सलादेवी, (प्रचलित नाम-बाघबच्छलादेवी), चण्डीभैरव, भीमसेन स्थान, चुनदेवी, वनदेवी, चण्डिकादेवी, चम्पादेवी, सेतीदेवी, सरस्वती मन्दिर, महालक्ष्मी, पञ्चकन्या तथा मनकामना मन्दिर रहेका छन् ।

जातजाति

दहचोक वरपर विभिन्न जातजाति तथा विभिन्न थर गोत्रका मानिसको वसोवास रहेको छ । यहाँका आदिवासीका रूपमा भारद्वाज गोत्रका सुवेदी, पोखरेल र वाग्ले, आत्रेय गोत्रका सिग्देल र थापा, उपमन्यु गोत्रीय ढकाल, धनञ्जय गोत्रीय बस्नेत, थापा र

बुढाथोकी, गर्ग गोत्रीय भुर्तेल, कौडिन्य गोत्रीय भण्डारी, धिताल र खडका, मौदगल्य गोत्रीय तिमिल्सिना, मुडुला कार्की र कोइराला, घृतकौशिक गोत्रीय नेपाल र खनाल, वत्स गोत्रीय कुँवर, वशिष्ठ गोत्रीय भट्टराई, कौशिक गोत्रीय बोहरा, भृगु गोत्रीय गिरी, भविष्य गोत्रीय पुरी, भारती आदि बसोबास गर्दछन् भने ब्राह्मण क्षेत्री, तामाङ मगर, नेवार, दमाई, कामी, सार्कीको बसोबास देखिन्छ ।

यिनै मध्ये उपमन्यु गोत्रीय ढकालहरूको बसोबास दहचोक पर्वतमालाको पश्चिमपट्टि रहेको छ । काठमाडौं जिल्लाको सीमानाको रूपमा रहेको बाडभञ्ज्याड-पिपलमोड क्षेत्र भौगोलिक हिसाबले सानो पहाडी भूधरातलमा फैलिएको छ । पातालेवन तथा सुब्बावन क्षेत्रको वरपर रहेको यस वस्तीबाट दक्षिणतिर खत्रीपौवा, मसिने तथा कानाकोट रहेका छन् भने उत्तरपट्टि धादिङ जिल्लाको सिरान्चौर, छत्रेदेउराली महेशखोला पर्दछन् । नेपालको अत्याधुनिक पहिलो सुरुङ मार्ग सिस्नेखोला-दहचोक यसै बस्तीको सामुन्नेमा पर्दछ ।

ढकालको पृष्ठभूमि

आधुनिक नेपालको इतिहासमा सिङ्गो मुलुकको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी राष्ट्रभक्तिका कार्यमा सामेल नेपाली आर्य-खसको एक जाति ब्राह्मणभित्र ढकालको विशिष्ट पहिचान छ ।

ब्राह्मणका बारेमा पृथ्वी मल्लको कनकपत्रमा यस्तो लेखिएको छः

गां पंकाद् ब्राह्मणी दास्यात् वृत्तिलोपाद् द्विजंवधात्
मोचयन्मुच्यते पापादाजन्म मरणांतिकात ।।

गाईलाई धापमा भासिनबाट, ब्राह्मणीलाई दासत्वबाट विर्ता लोप हुनबाट र ब्राह्मणलाई हत्या हुनबाट जोगाउने व्यक्ति जन्मेदेखि मृत्युपर्यन्त पापबाट मुक्त हुन्छ ।

शिक्षादीक्षा, पुरोहित कर्म र खेतीपातीका अतिरिक्त प्रभावशाली ब्राह्मणहरू राजाका सल्लाहकार, राजदूत, धर्माधिकारी, न्यायाधिकारी, प्रशासनिक कर्मचारी आदि भएर पनि कार्य गर्दथे ।

राजदरबामा पहुँच भएका ब्राह्मणहरूले राजाबाट विशेष सुविधा प्राप्त गरेका थिए । उनीहरूलाई कुनै कर नलाग्ने गरी ठूल्ठूला विर्ता

जग्गा दिइन्थ्यो । ब्राह्मणलाई प्राप्त विर्तालाई ब्रह्मविर्ता वा कुशविर्ता भनिन्थ्यो । यस्ता विर्तामा कुनै कर लाग्दैनथ्यो ।

पृथ्वीनारायण शाहका राजगुरू ज्योतिषी कुलानन्द ढकाल (जैसी उर्फ ज्योतिषी) का वंशजका रूपमा वि.सं. १८१७ मा काठमाडौं प्रवेश गरेका ढकालहरूले राजाबाट कुशविर्ताका रूपमा अन्दाजी ३०० रोपनी धादिङ धुनीबेंसीतर्फ रोपनी र ३०० रोपनी काठमाडौंतर्फ पाएको इतिहास छ । यसै क्षेत्रमा ढकालथोकको नामबाट प्रचलित (चन्द्रागिरि पर्वत शृङ्खलाको उत्तर पश्चिमपट्टि दहचोक-बाडभञ्ज्याङ) आसपासको क्षेत्रमा ढकालहरूको बसोबास रहेको छ । नेपाल एकिकरणको अभियानमा आफ्नो सिप, दक्षता र जीउज्यानको योगदान दिएका ढकालवंशको सहायतामा पूर्वतर्फको भूभाग विजय गर्दै राज्यको गुरू पुरोहित ज्योतिषीका रूपमा गोरखा, नुवाकोट, धादिङ हुँदै काठमाडौं प्रवेश गरेको इतिहास जीवितै छ । गोरखाबाट काठमाडौं जाने पैदलमार्ग हाल पनि प्रचलनमा रहेको तथा फूलपाती लैजाने कार्यसमेत यसको साक्षी रहेको छ । त्यसैक्रममा काठमाडौंको दहचोक, इमाखेल कोटेश्वर मूलपानी, भक्तपुरको नगरकोट, नुवाकोटको तारूका, चैनपुर, रसुवाको कालिकास्थान, काभ्रेको मण्डनदेउपुर, सिन्धुपाल्चोक, सिन्धुली हुँदै नेपाल एकीकरणसंगै खोटाङ, भोजपुर, सङ्खुवासभा, मोरङ, झापा हुँदै दार्जिलिङ सिक्किमसम्म पुगेका ढकालहरूको वसोवासको यद्यपि बस्तीका रूपमा बाक्लै रहेको छ ।

यसबाट पनि के स्पष्ट हुन्छ भने गोरखाबाट पूर्वतर्फ नेपालको विजय यात्राको क्रममा ढकालहरू विस्तारै अघि बढ्दै निश्चित

स्थानमा बसोबास गर्दै राज्यको शासन प्रशासनमा मूल भूमिका निर्वाहमा सरीक भएका देखिन्छन् ।

नेपाल एकीकरणको क्रममा नुवाकोट विजयपछि कीर्तिपुर र काठमाडौंको एकीकरणमा कीर्तिपुर युद्धमा सेना राखिएको तालिम दिइएको स्थान निसानकोट पछि निसाकोट भन्ने स्थान दहचोक इन्द्रस्थानबाट पश्चिमपट्टि ३ कि.मि.को दुरीमा रहेको छ । कीर्तिपुर युद्धमा सैनिक शिविर खडा गरिएको दहचोकको माथिल्लो थुम्को हाल कालु पाँडे स्मृतिस्थल तथा पार्कको रूपमा विकसित भएको लगभग २०० रोपनी क्षेत्रफलको जग्गामा केही सैनिक आवासका भग्नावशेष पाइन्छन् । यसबाट के प्रमाणित हुन्छ भने नेपाल प्रवेश गरेका ढकाललगायत अन्य जातजातिको प्रवेशविन्दु नै यही हो किटानका साथ प्रमाणित हुन्छ।

उत्तर भारतको विभिन्न क्षेत्र हुँदै पश्चिम नेपालबाट नेपाल प्रवेश गरेका ढकालहरूको मूलभूमि अछामको ढाकु हुँदै सिञ्जा कर्णाली थलोको रूपमा रहेको दहचोकमा अद्यपि त्यही कुशविर्तामै बसोबास गरेका लगभग ३०/३२ घरधुरी रहेका छन् । १५ औं पुस्तासम्म आइपुग्दा विस्तारित क्रम निकै बढेको देखिन्छ । कुलानन्द ढकालबाट ५ औं पुस्तामा आइपुग्दा ८ भाइ खलकबाट वंश विस्तारका साथसाथै विकेन्द्रित भइ विभिन्न स्थानमा गएको इतिहासमा उल्लेख भएको छ । जसमध्ये केही भाइ मकवानपुरको पालुङ, काठमाडौंको इमाखेल, भैमालपछि मूलपानी र कोटेश्वर हुँदै दधिकोट, धादिङको रानीबारी, जीवनपुर हुँदै सिमरा, ढकालखोलापछि चितवन, जनकपुरको गौशाला, पर्साको वीरगंज आसपासको क्षेत्रमा समेत पुगेका देखिन्छन् ।

हामी ढकालहरू उपमन्यु ऋषिका सन्तति हौं र वहाँको स्मरणीय नामको गोत्रबाट विभूषित भएका हौं । हामीहरूको बसोबास नेपाल राज्यभर तथा विदेशका विभिन्न भूमिमा समेत यत्रतत्र छरिएर रहेको छ । तर पनि हामीबीच पुस्तौनी क्रम, बन्धुत्त्वको सहयोग, बन्धुबान्धवबाट पाएका योगदानका बारेमा अभिलेखको प्रभावमा अन्यौल र अनविज्ञता छ । यस्तै क्रमको निरन्तरता रहिरह्यो भने कालान्तरमा वंशरूपी मूल थलोको अस्तित्व र स्वरूप नै समाप्त हुने देखिन्छ । अर्कातर्फ वंशरूपी लहराको अनविज्ञता हुँदा रगतको नातासमेत लोप भई राक्षसी चरित्रको सामाजिक संरचनाले प्रश्रय पाउँछ भन्ने कुरामा दुई मत छैन । संस्कारगत गाथा भावी पिंढीका लागि अनुसन्धेय विषय हुन सक्तछ तसर्थ संस्कारगत प्रचलनको सानो उदाहरण ढकाल ब्राह्मणका गोडामा शिर राखी ढोग गर्दा पैताला सुमसुम्याएर आफ्नो निधारमा लगाउने चलन अद्यपि छ ।

शुरुमा हाम्रा पूर्वजहरू भारतखण्डका कान्यकुब्ज कन्नौजमा कुनै शक्ति पीठमा पूजारीको कार्य गर्ने भएबाट 'भट्ट' बाजेका नामले परिचित रहेछन् । धेरै पुस्तापछि उपमन्युका वंशज देवदत्तले नेपाल प्रवेश गरी नेपाल अधिराज्यको सुदूर पश्चिमी भूभाग अछामको **'ढाकु'** (सुरुमा डोको वा ढाकर बिसाएको ठाउँ) भन्ने स्थानलाई खनजोत गरी आधिपत्य जमाई ब्राह्मण मर्यादा भित्र यजमानी कार्य गरी बसेका हुनाले पुनः उनी ढकाल बाजे भन्ने नामबाट प्रचलित भए । पश्चिम नेपालमा अझै पनि कामअनुसार पाएको नामले पुकारिने चलन छ । त्यहाँ उपाध्याय, पण्डित तथा जोशी उपमन्यु गोत्रीय ढकालहरू बसोबास गरिआएका छन् । ढकालहरू आएका र बसेको मूल थलो-थलबाटै थर बनेकोले) नै कालान्तरमा सो स्थान (ढाकु+आलय) बाट नै ढकालथरमा परिणत भएको हो भन्ने तथ्य

पाइन्छ अद्यपि त्यो स्थान ढकालहरूको नासोको रूपमा विष्टहरूले संरक्षण गरी आएका छन् । कसैकसैले त हामा पुर्खाहरू हिन्दू भएकाले मुसलमानको आक्रमणबाट बच्न बंगलादेशको ढाकाबाट पश्चिमतर्फ लागि भारत भूमि हुँदै पुनः नेपाल प्रवेश गरेका हुन र मूल थलो ढाकाबाट आएका हुनाले ढकाल भनिएको हुनसक्छ भन्ने अनुमान पनि गरेका छन् तर यो युक्तिसंगत देखिंदैन् । भारतको पञ्जाबमा त ढकाल नामको स्थान नै रहेको र त्यहाँ लगभग ३०० घरधुरी रहेका छन् । शिवभक्तउपमन्यु व्रह्मका पूत्रका रुपमा रहेका ऋषिगणमध्ये एक उनकै सन्ततिका रहेका गोत्रका प्रवर्तक ऋषिहरूलाई यसरी प्रस्तुत गरिएको छ ।

त्रिदेव

व्रह्मा विष्णु महेश्वर

मानसपुत्र

१.महर्षि (व्यासादि)

२. व्रह्मर्षि (वशिष्ठादि)

३.देवर्षि (नारद र कण्वादि)

४. राजर्षि (जनक र ऋतृपर्णादि)

५.परमर्षि (मेलादि)

६.सुतर्षि (सुश्रुतादि)

७. काण्डर्षि (जैमिन्यादि)

ऋषिगण

मरिचि अत्रि अङ्गिरा पुलत्स्य पुलह क्रतु अरुन्धति सप्तऋषि

सप्तऋषि

कश्यप जमदग्नि गौतम भारद्वाज विश्वामित्र वशिष्ठ अत्रि

ब्रह्माजीका अन्य पुत्रहरू

सनक
सनन्दन
चित्रकेतु
सुरिचि
रिज
मित्र
उत्वर्ण
वुसुभृधान
द्युमान
शक्ति
सनत्कुमार
नारद
भृगु
अथर्वण
दक्षलगायत अन्य प्रजापति

इन्द्रप्रमति, वसु, उपमन्यव

त्रिप्रवर–**उपमन्यु , कपिल, विरुज**

उपमन्यु गोत्रका सगोत्रीहरूमा भट्ट, दुवाल, मैनाली, वली, दुवे र वाजपेयी मानिन्छन् ।

संस्कृत साहित्यका व्याकरणकार पाणिनि उपमन्यु गोत्रकै हुन भनिन्छ । भरत वर्षको भारत खण्डअन्तर्गत रहेको कान्यकुब्ज ब्राह्मण कन्नौज फारदावाद हुँदै नेपाल प्रवेश गरेको किंवदन्ती रहेको छ । भारतवर्षका प्रसिद्ध विद्वान् गोल्हण पण्डितका वंशजका रूपमा रहेका उपमन्यु गोत्रीय ब्राह्मण भारतको उत्तरप्रदेशस्थित प्राचीन पाञ्चाल राज्य अथवा गङ्गाप्रसवण क्षेत्र (६७० माइल) महाकाली नदीको आसपास मानसरोवर निकट बसोबास गरेका थिए भन्ने कुरा वैदिक साहित्यमा उल्लेख छ ।



उपमन्यु गोत्रका कान्यकुब्ज ब्राह्मणका कुरा गर्दा **सर्वे द्विजा कान्यकुब्जा उत्कलं माथुरं विना** भन्ने श्लोक प्रचलित छ ।

ढकालको मूल थलो वा आदिम थलोका रूपमा चिनिएको अछामको ढाकुबाट विस्तारै सिञ्जा र चिलखा हुँदै पूर्व र पश्चिम दुवैतिर बसाइँ-सराईबाट देश विदेश पुगेका ढकालहरूको वंश विस्तार हुँदै विदेशसम्म पुगिसकेको छ । उपमन्यु गोत्रीय ढकालहरू विभिन्न रुपले राष्ट्र र राष्ट्रियताको उन्नयनका लागि विभिन्न कार्य गरिरहेका छन् । तर यो भनाइको सत्यतथ्य बुझ्न इतिहासको अध्ययन गर्नुपर्दछ । यस वंशका सन्ततिहरूमा आँट, जाँगर, सीप तथा ज्ञान र विद्वत्ता समेत भएकाले कुनै पनि क्षेत्रका राजालाई सहजै असल ज्ञान दिने राज वा कुल गुरुका रूपमा मानिंदै आएको पाइन्छ । राजाहरूबाट विभिन्न जिल्लाका विभिन्न स्थानमा विर्ता पाएर बसोवास गर्दै आफ्ना कलाकौशलका साथै विद्वता प्रदर्शन गरिरहेका छन् । यिनै कलाले गर्दा अधिराज्यका विभिन्न स्थानहरू अछामको ढाकु हुँदै सुर्खेत, दैलेख, पाल्पा, गुल्मी, स्याङजा, गोरखा धादिङ, तनहुं, काठमाडौं, ललितपुर, भक्तपुर, तथा काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, सिन्धुली, खोटाङ, भोजपुर, संखुवासभा, मोरङ, झापा तथा इलाम हुँदै सिक्किम र भुटानसम्म बसोबास गरेका देखिन्छन् । विस्तारको क्रममा एक ठाउँपछि अर्को ठाउँमा पुगेपछि जीवन पद्धति, पेसा र दैनिक जीवनचर्यामा समेत भिन्नता आएको अध्ययनबाट पत्ता लागेको छ ।

दहचोकका ढकालको कुलदेवता र कुलपूजा सम्बन्धमा

कुलपूजाकै सन्दर्भमा कुरा गर्दा विभिन्न स्थानमा बसोबास गरेका ढकालहरूले मान्ने कुलदेवता र मस्टो पनि भिन्न रहेको छ ।

अछामको ढाकुमा कुलदेवताका रूपमा वण्डाली देवता, देउती बज्यै, पञ्चदेवलका देवी देवताको पूजा गरिन्छ । ढाकुमा कुलदेवताको पूजा गर्दा छेकेर रक्षक वा आफ्नोभन्दा बाहिरको गणलाई बलि पनि दिने गरिन्छ भने गुल्मी, अर्घखाँचीमा देवी देउराली, वराह मष्टको दूध, खीर बाबरले पूजाआजा गरिन्छ । तनहुँमा कुलपूजा वर्षको दुईचोटि उभौलि र उधौलि अर्थात वैशाख पूर्णिमा र मंसिरको धान्य पूर्णिमामा गरिन्छ । तनहुँमा कुलपूजामा जलधारासहित रुद्रको पूजा र कुलदेवताको मूर्ति स्थापना गरी बलिपूजा गरिन्छ । धामी वा थकाली अघि लागी बाजागाजासहित कुलदेवताको स्थानमा जाने र कुलमन्दिर सहस्र दिप प्रज्वलन गर्ने परम्परा रहेको पाइन्छ । गोरखा तथा नुवाकोट आइपुग्दा कलंकी देवी र रुमाल मष्टाको पूजा गर्दा दूध, खीर बाबरद्वारा शाकाहारी पूजा गर्ने गरिएको पाइन्छ ।

ढाकुबाट विस्तारै पूर्वतर्फको विस्तारको क्रममा सिञ्जा राज्यको शीतकालीन राजधानीका रूपमा रहेको कर्णाली (सिञ्जा) र ग्रीष्मकालीन राजधानीका रूपमा रहेको कर्णलीको चिलखा र दैलेखको दुल्लुमा अद्यापि ढकालहरूको बाक्लै बस्ती रहेको छ । विभिन्न वंशका राजगुरु तथा राजज्योतिषीका रूपमा आफ्नो सिप, कलाकौशल र ज्ञानबाट पोख्त ढकालले राजकाजमा नजिकबाट प्रत्यक्ष सहयोग गर्दै आएको इतिहास छ ।

नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको राजज्योतिष कुलानन्द ढकालले युद्धका निमित्त सही समय र साइत निकाली गोरखा राज्यमा नुवाकोट लगायतका अन्य राज्य जोड्दै सिङ्गो बनाउँदै लगेको कुरा सबैमा ज्ञात नै छ । पूर्व र पश्चिम दुवैतिर उनकै सल्लाह तथा भाइ

र चेलाका साथबाट आज नेपाल सिङ्गो बनेको हो भन्ने कुराबाट ढकाल वंशले गर्वबोध गरेको छ । त्यसैले यो देशलाई सिङ्गो, स्वतन्त्र राज्य बनाउन ढकालहरूको रगत पसिना मिसिएको छ र नेपालको अखण्डता र सार्वभौमसत्ता जोगाउन ढकाल वंशको निकै महत्त्वपूर्ण योगदान रहेको छ ।

नेपाल एकीकरणको सिलसिलामा किर्तिपुर विजय अभियानमा संगै आएका राजज्योतिष (जैसी) कुलानन्द ढकालका सहोदर भाइ लक्ष्मीनन्दका वंश काठमाडौंको दहचोक आइ कुशविर्तामा वसोवास गरेको ऐतिहासिक प्रमाण पाइएको छ । तिनकै वंश विस्तारका रूपमा दहचोकबाट पालुङ, इमाखेल, भैमाल, कोटेश्वर, धादिङ तथा तराईका विभिन्न स्थानमा पुगेका छन् ।

दहचोकमा रहेका ढकाल वंशले हरेक वर्ष मार्गशुक्ल चतुर्दशीका रूपमा कुलपूजा गर्दछन् । द्यौ, देवीदेउराली, मष्ट मण्डली, महारुद्र र लक्ष्मी गैडु तथा वायुदेवताको पूजाआजा गर्दछन् । गाईको शुद्ध दूध र घिउमा बनेको बाबरले कुलदेवताको पूजा गरिन्छ ।

तनहुँका केही ढकाल वंशीयहरूले वैशाख पूर्णिमाका दिन कुलपूजा गर्ने गरेका छन् । केहीले मंसिर पूर्णिमा अर्थात् धान्य पूर्णिमामा गर्दछन् भने केहीले वैशाख तथा मंसिर दुवै पुर्णिमामा दुई चोटि कुलपूजा गरेको पनि पाइन्छ । धेरै स्थान र ढकालहरूले मंसिर शुक्ल चतुदर्शीका दिनमा कुलपूजा गर्दछन् । प्रायजसोः स्थानमा शाकाहारी पूजा नै हुन्छ तर केही स्थानमा बलिपूजा समेतको प्रचलन पाइएकोले मूल पद्धतिको अवलम्बन गरी कुलपूजामा एकरूपता ल्याउनु पर्ने देखिन्छ ।

शिवभक्त उपमन्यु ऋषिका सन्तति जसले शिवको उपासना गरी क्षीर सागर अथवा दूधको समुन्द्रको वरदान पाएका थिए । उनीहरू मांसाहारी वा बलि पूजा गर्दथे भन्ने एकरति पनि प्रमाण वा विश्वासयोग्य प्रमाण रहेको पाइन्न तथापि बसाइँसराइ अन्य जातिसँगको सामिप्यता वा विभिन्न कारणले बलिपूजा गर्ने गरिए तापनि यसको समयअनुसार परिमार्जन र परिष्कृत गर्दै जानुपर्दछ । कति पुस्तादेखि कसले कसरी बलिपूजाको सुरुवात गऱ्यो त्यसको खोज गरी प्राचीन पद्धतिकै खोज र अनुसरण गर्दै जानुपर्ने आजको आवश्यकता हो ।

कति स्थानमा बसेका ढकालहरूको कुलपूजामा रातो नचल्ने, अलिनो मात्र खाने परम्परा पनि देखिएको छ ।

(ढाकु) अछाम र त्यसका वरपर बसेका ढकालहरूले पुज्ने कुलदेवताका नाम शिव, दुर्गाका विभिन्न रूपका नामसंगै पुज्ने देउती बज्यै, वण्डाली देवता रहेको पत्ता लागेको छ भने विस्तारै पूर्वतिर बढ्दै जाँदा कतै वराह मष्ट, कतै कलंकी मष्ट, कतै मण्डली मष्ट, कतै ढाका मष्ट र गुरो मष्ट लगायतका अन्य मष्टको पूजाआजा गरेको देखिन्छ । पश्चिममा धाँमी प्रथा अझै रहेको छ भने पूर्वतिर बढ्दै जाँदा धामी नभएको र नयाँ पुस्तामा धामी नपाइएका वा पुस्तान्तरण नभएकाले आफूले जाने गरेको प्रक्रिया र पद्धतिबाट मात्रै कुलपूजा गर्ने गरिएको अध्ययनबाट पत्ता लागेको छ । कूलपूजामा एकरूपता नभएकाले धेरै स्थानमा शाकाहारी पूजा र कतै कतै बलिपूजासमेत दिने गरिएको पाइन्छ । यसका साथै कतै वर्षको दुईपटक कुलपूजा र गोठधूप मानेर गरिएको पाइन्छ भने कतै

वर्षको एकैपटकमा कुलपूजा र गोठधूप गरेको समेत अध्ययनबाट पत्ता लागेको छ । यसरी कुलपूजामा पूजिने देवी तथा देवतामा समेत एकरूपता नभएकाले यसको अध्ययन अन्वेषण गरी सबैले मान्ने एकै परिपाटि र एकरूपता गर्नुपर्ने आजको आवश्यकता हो ।

यसबाट के देखिन्छ भने एकै पूर्खाबाट विकसित कुलवंशमा फरकपन वा भिन्न परम्परा कसरी रहन गयो वा रह्यो यसको खोज अनुसन्धान गरी बौद्धिक तथा धार्मिक विद्वान्‌बाट निक्यौल गरी समस्त ढकालवंशको कुलपूजाको निष्कर्ष निकाली एकैदिन र एउटै पद्धतिको अबलम्बन गर्नुपर्ने आजको आवश्यकता हो ।

कुलपूजा गर्ने क्रममा प्राय स्थानमा ढकालहरूले मार्गशुक्ल चतुर्दशीका दिन कुलपूजा गर्ने गर्दछन् भने कतैकतै मार्गशुक्ल पूर्णिमा उर्फ धान्य पूर्णिमाका दिन कुलपूजा गर्ने गरेको पाइन्छ ।

वैदिककालदेखि नै सत्वगुणी ऋषि उपमन्युका वंशजका रूपमा रही शिवको उपासनाबाट सिद्धिप्राप्त (उपमन्यु गोत्रका- त्रिप्रवर उपमन्यु, कपिल, विरूज) ढकालहरूले शिवको पूजा उपासना गर्दै आएका छन् । चतुर्दशी तिथिका स्वामी शिवलाई आराध्यदेव मानेर पूजा गर्ने भएकाले पनि ढकाल वंशजको कुलदेवताको पूजा मार्गशुक्ल चतुर्दशीका दिन गर्ने गरिएको हो भन्ने प्रमाण पाइन्छ । चतुर्दशी तिथिका स्वामी पनि शिव र ढकाल वंशका प्रणेता महर्षि उपमन्यु पनि शिवभक्त भएकाले पनि उपमन्युका कुलदेवताको पूजा मार्गशुक्ल चतुर्दशीका दिन गर्ने परम्परा प्राचीनकाल देखिकै निरन्तर चलिआएको हो र यसलाई आधार लिन सकिन्छ ।

कुल पुज्ने प्रक्रिया र पद्धति

हरेक वर्ष मार्गशुक्ल चतुर्दशीका दिन ढकाल वंशको कुलपूजा गरिन्छ । कूलपूजाका अघिल्लो दिन एकछाक शुद्ध भोजन गरी बसेका समस्त बन्धुवान्धवहरू कूलपूजाका दिन कुल पुज्ने स्थानमा सामूहिक भेला हुन्छन् र पञ्चगव्यप्राशन गरी शुद्ध बन्दछन् ।

आ-आफ्नो श्रद्धाले अर्पण गरेका पूजा सामग्रीसहित उनीहरू कूलपूजामा सहभागी हुन्छन् ।

पञ्चगव्यको निर्माणसंगै कूलपूजाको प्रक्रिया प्रारम्भ हुन्छ । शरीर र मन शुद्धिलाई ध्यानमा राखेर पञ्चगव्यप्राशन पछि चामलको पीठो र अविरद्वारा कुलमण्डप र यज्ञवेदीमा रेखी हालिन्छ । वैदिक र तान्त्रिक पूजाका निमित्त छुट्टै पूजा सामग्री तयार पारिन्छ । यज्ञ वेदीमा र मूल पूजा चौकीमा दियो स्थापनासंगै यज्ञ आरम्भ हुन्छ । वैदिक ऋचा वाचन गर्दै एकातिर यज्ञ, अर्कोतिर तान्त्रिक पूजा जलधारासहितको रुद्री पाठ गरिन्छ । कुल गोत्रका सबै महिला पुरुषद्वारा स्थापित कुलदेवताका (स्थापित शिला) विभिन्न मूर्तिमा सबै बन्धुवान्धवले निरन्तर पूजा गर्दै यज्ञको मध्यमा प्रत्येक सहभागीको नामबाट घरगन्ती पूजाआजा हवन र यज्ञमा आहुति दिइन्छ ।

तान्त्रिक पूजा र वैदिक पूजाको अन्त्यमा पुष्पाञ्जली गर्दै पूजा समापन गरी प्रसाद वितरण गरिन्छ । यसरी कुलपूजा अग्निस्थापना, रुद्राभिषेक र वैदिक पूजाको विधिद्वारा सम्पन्न हुन्छ ।

कुलपूजाकै अर्को रूप गोठधूप

ढकालहरूले कूलपूजासँगै गोठधूप पनि गर्ने गर्दछन् । गोठधूप भनेको मूलतः गोठ देवताको पूजा अर्थात् गैंडु देवताको पूजा उपासना हो । यो परम्परा पनि कुलदेवताको पूजाआजाकै एक रूप हो । सामान्यतया गोठधूप भन्ने वित्तिकै पशुधनको शान्ति सुरक्षाका निमित्त गैडुदेवतालाई धूप-धूँवार गरी खीरप्रसाद चढाउने पूजा पद्धति र प्रक्रियालाई सम्झन पुग्छौं । गोठधूप गर्दा अथवा गोठका देवता वा गोष्ठ देवताको पूजा आराधना गर्दा र दशैंका अवसरमा (अर्थात् नौरथाका बेलामा विशेष गरेर कुलदेवता र कुलदेवीको पूजा आराधना विधि विधानपूर्वक गर्नु अनिवार्य मानिन्छ तर यो पूजा नियमित रूपमा पनि गरिन्छ । त्यसो त अरु विशेष चाडपर्व र यज्ञ अनुष्ठानका शुभकार्यहरूमा कुलदेवताको स्मरण एवम् उपासना हुन्छ ।

त्यसो त प्रत्येक खस आर्यका घरमा मही पारेर घ्यू निकाल्दा अग्निमा धूप-धूँवार गरेर कुलदेवता र कुलदेवीलाई स्मरण गरिन्छ । अन्य कुनै शुभकार्य गर्दा कुलदेवताको पूजा स्मरणोपासना नगरी पूजाआजा सफल हुँदैन् । गोठधूप गर्दा र नौरथाका अवसरमा भने नियमित रूपले पूजा उपासना गर्नै पर्दछ, यो प्रचलन भने अझै छदैंछ ।

गोठधूप गर्दा शुक्लयजुर्वेदीय माध्यन्दिनी शाखाका उपमन्यु गोत्रका ढकालहरूले महादेवलाई सिद्ध देवाधिदेव मानेर मष्टाको प्रतीकस्वरूप दूधे र मण्डली कुलदेवताका रूपमा पूजा गर्छन् अनि कुलदेवी चाहिँ देवी वा देउरालीलाई मान्दछन् । अन्य गोत्रकाले पनि गोठपूजा गर्दछन् । पशुधनको रक्षा र उन्नतिका लागि गोठधूप

गरिन्छ । गोठधूपका अवसरमा मुख्यतयाः मष्ट तथा अन्य देवताका रूपमा यी देवीदेवताको विशेषरूपले पूजा आराधना गर्ने परम्परा रहेको देखिन्छ।

१. महारुद्र

२. काँणब्रह्म अथवा काँडब्रह्म

३. ऐरा वा ऐरी अथवा अहीर देवता

४. गैंडु

५. गोसाइँ

६. गैया (गाई)

७. मष्ट देवता

कतैकतै गोठमा देवता भनेर गोठको पूजा गर्ने प्रचलन रहेको पाइन्छ । यिनमा एकादश रुद्रकै प्रतीक स्वरूप गणपति, महारुद्र, विष्णु, महालक्ष्मी, काँण ब्रह्मा, ऐरी देवता, लक्ष्मी गैंडु गोसाई, गोष्ठाधिदेव मष्टा, मण्डलिनी र कुलदेव/देवीहरू विशेष उल्लेखनीय छन् । यी सबैको पूजा उपासना तान्त्रिक प्रक्रियामा वैदिक/अवैदिक दुवै विधिविधानद्वारा गर्ने चलन छ । कसै कसैको प्रचलनमा अलिक परतिर छुट्टै प्रतिमा राखी अन्य पूजासमेत गर्ने गरेको देखिन्छ । गाई भैंसी ब्याउँदा सातपोके बनाएर मष्टोलगायत अन्य देउतालाई चढाउने र गोठपूजा गरी चोख्याउने गरिन्छ ।

ऋषि उपमन्यु र उनका वंशका कथा

उपमन्यु ऋषिका पिता व्याघ्रपाद हुन् । उपमन्यु सानै उमेरमा छोरा परलोक भएकाले यिनलाई माता यशोवतीले लालनपालन गरी

पालिरहेको अवस्थामा साह्रै कष्ट परेर माइतमा गएर बसेकी थिइन् । धेरै समय माइतीमा बस्दा पनि यिनले ठूलो कष्ट नै सहनु परेको थियो । त्यहाँ मामाका छोरीले गाईको दूध खान्थे, उपमन्यु दूध खान पाउँदैनथे । आफ्नी आमालाई दूध खान पिरोल्दा आमाले पीठोको दूधजस्तो झोल बनाई दिंदा हुँदैन गाईको दूध नै दिनुहोस् भनि उपमन्यु रोएपछि आमाले हाम्रा गाई छैनन् त्यसैले ईश्वरसँग माग्नु पर्ने बताइन् । अनि बालक उपमन्युले ईश्वर कहाँ छन् ? भन्दा आमाले 'ॐ नम शिवाय' भन्ने मन्त्र जप गरेर तपस्या गर्दा शिव भगवान्ले दर्शन दिनुहुन्छ भनेपछि बालक उपमन्युले अन्न जल त्यागी शिवजीको तपस्या गर्न थाले । तपस्या गर्दा भगवान् आशुतोष उमासहित प्रकट हुनुभयो । शिवजीले उपमन्युलाई वरदान माग भन्दा हामीलाई दूध दिनुहोस्, वेद हाम्रो वंशको अधीनमा होस् भन्ने वरदान मागे । शिवजीलाई त्यो बालकको तपस्या, भोलापन र हेर्दा पनि अति सुन्दर देखेर चट्ट दुई हातले समाई -'ल तिमीलाई दूधको समुन्द्र नै वरदान दिएँ, तिमी ठूला ऋषि हुनेछौ, अब उप्रान्त तिम्रा सन्तान (दरसन्तान उपमन्यु गोत्रबाट प्रख्यात हुनेछन् तिमी वेदशास्त्रका ज्ञाता हुने छौ' भनी लेऊ उमा यो तिम्रो छोरा हो भनी आफ्ना काखबाट पार्वतीको काखमा दिनुभयो । यसै घटनापछि क्षीर सागरको उत्पत्ति भएको हो भन्ने भनाइ छ । यिनै उपमन्यु बाल्यकालमा आफ्ना साथी आरुणी, पाञ्चाल र वेदका साथ गुरु जाबालीसँग असल विचार आर्जन गर्दथे । गुरु आश्रममा बस्दा कुश, समिधा फलफूल खोज्नुपर्ने, गुरुको सेवा गर्नुपर्ने र गाईको हेरचाह गर्नुपर्ने हुँदा उपमन्यु बिहानै गाई चराउन जान्थे । ज्यादै भोक लागेकाले वनमा बाच्छाले दूध खाएपछि बाच्छाका मुखको फिंज खाएर भोक टार्दथे । बेलुका घरमा आएपछि गुरुले आज के खायौ ? भन्दा बच्चाका मुखको फिज खाएँ

भन्ने उत्तर दिन्थे । सो सुनेर गुरुले बाच्छाको जुठो खानु हुँदैन यो तिमीले भूल गऱ्यौ भन्नुभयो । भोलिपल्ट फेरि गाईका बाच्छाले दूध खाइसकेपछि पातमा दूध दुहेर खाए, बेलुका गुरुले सोध्दा मैले आज गाईको दूध दुहेर खाएँ भन्ने जवाफ दिए । त्यसमा पनि गुरु खुशी हुनु भएन । भोलिपल्ट गाई चराउने कममा ज्यादै भोक लागि आँकको पात खान लाग्दा आँकको दूध उछिट्टिएर आँखामा पऱ्यो र उनी आँखा देख्न नसक्ने भए र लर्बराउदै हिंड्दै जाँदा उनी इनारमा खस्न पुगे । उनले लगेका गाई घरमा फर्किए, तर उपमन्यु आएनन् । भोलिपल्ट गुरुसहित साथीहरू उपमन्युलाई खोज्दै जाँदा गुरुले बाबु उपमन्यु भनी बोलाए, उपमन्युले म यहाँ इनारमा डुबेको छ गुरु भन्ने जवाफ दिए । मैलै आँकको पात खाँदा आँकको दूध आँखामा परी अन्धो भएको छु देख्न र हिंड्न सक्तिन भन्ने जवाफ दिए । गुरुलाई दया लाग्यो र झट्ट अश्विनीकुमारको सम्झना भयो उपमन्युलाई अश्विनीकुमारको प्रार्थना गर भने र उनले सोहीअनुसार गर्दा अश्विनीकुमारले इनारबाट बाहिर झिकी उपमन्युको आँखाको दृष्टि जस्ताको तस्तै पारी दिए । यसै समयदेखि उपमन्युका वंशभित्र होमादि यज्ञमा अश्विनीकुमारका लागि पनि यज्ञका भाग दिनुपर्ने भएको हो भनिन्छ ।

धार्मिक एवं पौराणिक गाथाहरूका बारेमा मनन गर्दा यस ब्रह्माण्डमा कुनै पनि जीवात्माले ८४ लाख योनि/जुनी भुक्तान गर्नुपर्ने हुन्छ । यस्तो योनि चक्रअन्तर्गत मानवलाई सर्वोत्तम भनिएको छ किनभने मानव भनेको चेतनशील वर्गमा पर्ने जीवात्मा हो । यसभित्र ज्ञानमय तत्त्व अन्तर्निहित छ । मानवभित्रको आनन्दमय तत्त्वले गर्दा मानिसले आफ्नो र अन्य जीवात्माको कल्याण गर्दछ । अरुको भलाई गर्ने कार्य स्वतः कल्याणकारी कार्यमा परिणत हुन्छ जसले लोभ, मोह र

अहङ्कारलाई त्यागेर आत्मा भित्रको तत्त्वज्ञान प्राप्त गर्न सक्तैन उसको जन्म सार्थक छैन् । त्यसैले मानव योनिमा पदार्पण गर्नका लागि पूर्वजन्ममा शुद्ध मनोवृत्ति, शालिन व्यवहार, धैर्यता, सहनशीलता, परोपकारी दृष्टिकोण, न्यायिक मनोभावना, आत्मसन्तुष्टि तथा आत्मज्ञानजस्ता चारित्रिक सुन्दरता रूपी गुणहरूले सुसज्जित हुन सक्नुपर्ने पौराणिक धारणा रहेको छ । उपकारी कार्यको मार्गमा आफ्ना कृत्यहरू असल छन् वा छैनन् यसको आत्ममूल्याङ्कन हुनुपर्दछ भन्ने मान्यता पनि छ । आत्मज्ञानीको सहारा ईश्वर हुन्छन् भनिन्छ । सद्मार्गमा हिंड्ने जीवात्मालाई यस्तो अमूल्य मानव जीवनको चोला प्राप्त हुन्छ । त्यसैकारण मानवरूपी चोलाको सम्मानका लागि जीवनकाल र जीवनपर्यन्तमा समेत स्मरण रहिरहने कृत्य गर्नु मानवीय धर्म र मनुष्यको कर्तव्य पनि हो । आफू र आफ्ना जातिको प्राचीन अस्तित्व कुल, वंश सांस्कृतिक परम्परा एवं प्रचलित धामिक संस्कारका बारेमा खोजबिन गरी भावी सन्ततिका लागि चिनारी दिने अभिलेख तयार गर्ने कार्य पनि सद्मार्गकै परिचायक कर्म हो ।

वंशसम्बन्धी प्राचीन इतिहास, संस्कृति परम्परा रीतिरिवाज जात, जाति धर्म एवं संस्कारयुक्त व्यवहारजस्ता कुरालाई समेटेर वर्णन गरिएको अभिलेखीय ग्रन्थलाई वंशावली भनिन्छ । हरेक जातिले आफ्नो कुलका बारेमा जानकारी राख्न सक्नुपर्दछ र यसैका माध्यमले आफ्नो थरगोत्रका प्राचीन अवस्था, पौराणिक गाथाहरू, आध्यात्मिक सामाजिक र धार्मिक संस्कार आदिका बारेमा समेत जानकारी हासिल गर्न सकिन्छ । वंशावलीका माध्यमबाट पुस्ताको क्रम छुट्टिने हुनाले नीति र धर्मशास्त्रअनुसार भाइहरूबिच पितृतर्पण गर्ने, जुठोसूतक बार्ने र चाडपर्वहरू मनाउनेजस्ता कार्यहरू गर्न

सरल हुने देखिन्छ । वंशको अध्ययन गर्न सजिलो छ तर यसलाई पुस्तकाकारको रूपसम्म ल्याइपुऱ्याउन पाए भने आगामी पुस्तालाई अझ सहज र सरल हुनेछ । यसको सङ्कलनका क्रममा लिखित प्रमाणहरू (शिलालेख, भोजपत्र, ताम्रपत्र, सनद सवाल) र अलिखित प्रमाणहरू (श्रुतिपरम्परा, जनधारणा किंवदन्ती बुढापाकाहरूको भनाईको सहारा लिनुपर्ने हुन्छ । कुलवंशपरम्परामा वंशावलीका महत्त्व, सामाजिक मान्यता र यसको छुट्टै अस्तित्व रहेको पनि देखिन्छ । हामा वंशज उपमन्यु ऋषिको तपोभूमि नेपालको पश्चिमी सन्निकट भूमि भारतको कान्यकुब्ज (कन्नौज) चितौर नै हो भन्ने कुरामा दुईमत छैन । जसको विस्तारसंगै आफ्ना पुरुषार्थले नै आफू र आफ्ना सन्ततिका लागि प्रबन्ध मिलाउने उद्देश्यले शान्त एवं उर्वर भूमिको खोजी गर्ने कममा पूर्वजहरू नेपालभूमि प्रवेश गरी निरन्तर रूपमा पश्चिमबाट पूर्वी क्षेत्र तर्फको बसाई सार्ने क्रम चलाएको देखिन्छ ।

जुठो-सूतकसम्बन्धी जानकारी

वंशपरम्परामा गोत्र, प्रवर र थरका विषयमा पनि विचार गरिन्छ । जुन ऋषिको सन्तति विस्तार को हो, त्यस वंशमा ती ऋषिलाई गोत्र भनिन्छ । एउटै गोत्रका सन्ततिमा विशिष्ट व्यक्ति वा श्रेष्ठ पुरुषलाई प्रवर भनिन्छ । कुनै गोत्रमा ३ र कुनै गोत्रमा ५ प्रवर पाइन्छ । एउटै गोत्रमा पनि स्थल, काम र परिवेश कारणले अनेक थर हुन्छन् ।

सामान्यतया जूठो सूतक बार्नुपर्ने

प्रत्येक वंशमा सपिण्ड, सोदक, सगोत्र र बन्धु हुन्छन् । पुस्ता भनेको पिँढी हो । मूल पुरुषबाट सात पुस्तासम्म सपिण्ड, ८ पुस्तादेखि १४ पुस्तासम्म सोदक र १५ पुस्तादेखि २१ पुस्तासम्म सगोत्र बन्धु हुन्छन् । एउटै ऋषिका टाढाका सन्तान भने सगोत्री हुन्छन् । जस्तै :- उपमन्यु, कपिल, विरुज ढकाल, मैनाली, भट्ट, दुवाल आदि । यिनीहरूलाई सगोत्रीय भाइबन्धु पनि भनिन्छ । सगोत्रीमा विवाह गरिंदैन । धर्मशास्त्रअनुसार सपिण्ड बन्धुको दश दिन, सोदक बन्धुको तीन दिन र सगोत्र बन्धुको एक दिन जूठो र सूतक (सुत्केरी) लाग्छ ।

सपिण्ड ७ पुस्ता हुने कारण

लेपभाजश्चतुर्थाद्याः पित्राद्याः पिण्डभागिन : ।
पिण्डदः सप्तमस्तेषां सापिण्ड्यं साप्तपौरुषम् ।

(निर्णयसिन्धु)

श्राद्धमा पिण्ड दिइने पिता, पितामह, प्रपितामह (पिण्डभागी) र ती भन्दा माथिका वृद्धप्रपितामह, वृद्धतरप्रपितामह र वृद्धतमप्रपितामह गरी ६ पुस्ता र पिण्ड दिने कर्ता एक पुस्ता गरी ७ पुस्तामा सापिण्ड्य हुन्छ । तिनीहरूलाई सपिण्डी भनिन्छ । विवाह गर्न, आशौच बार्न र हकवाला छुट्याउन सपिण्डतालाई आधार मानिन्छ ।

जूठो -सूतकमा ७ पुस्तासम्मका व्यक्तिलाई १० दिन, ८ देखि १० पुस्तासम्मका व्यक्तिलाई ३ दिन र या पुस्तादेखि माथिका व्यक्तिलाई १ दिन लाग्छ र स्नानले शुद्ध हुन्छ । जूठो सूतक परेको दश दिनपछि तीन महिनाभित्र सुनेमा ३ दिन तीन महिनापछि ६ महिनाभित्र सुनेमा १२ प्रहर, ६ महिनापछि नौ महिनापछि सुनेमा १ दिन आशौच बार्नुपर्छ । त्यसपछि सुने स्नानले शुद्ध हुन्छ । सुत्केरीमा भने १० दिन नाघेपछि सोको सूतक लाग्दैन । व्रतबन्ध नभएको पुरुष र विवाह नभएकी कन्याको ३ दिन आशौच लाग्छ । आफ्नो कुलपरम्परामा चलेअनुसार गरिन्छ । विस्तृत जानकारी चाहिएमा सम्बन्धित विषयका विद्वान्सँग सोध्ने वा पुस्तक हेर्ने गर्नु वेश हुन्छ ।

आशौच बार्ने विषयमा पुस्ता शब्दको प्रयोग पुरुष -परम्परामा मात्र लिने गरिन्छ । विवाहमा पुस्ता शब्दका अर्थ स्त्री -परम्परामा पनि गरिन्छ । कन्या र वरका बाबु मूल पुरुषबाट सातौं पुस्तामा सपिण्ड

निवृत्त हुने हुँदा उनीहरूका छोरा छोरीका बीचमा विवाह हुन सक्छ तर कन्या र वरकी आमा मूल पुरुषबाट पाँचौं पुस्तामा सपिण्ड निवृत्त हुने हुँदा त्यसपछिको पुस्तामा विवाह गर्न हुन्छ भन्ने शास्त्रीयवचन छ ।

तीन - मङ्गल

कस्मिन् कुले मङ्गलपञ्चकं वा
कस्मिन् कुले मङ्गलः सप्तकं स्यात्
त्रिमङ्गलं चापि कुले विशुद्धो ।
नो लङ्घनीय : कुल-देश-धर्म :।।

ग्रहशान्ति विधि

कुनै कुलमा पाँच अङ्कलाई शुभ मानिएको हुन्छ भने कुनै कुलमा सात अङ्कलाई (मङ्गल) मानिएको हुन सक्छ । तीन मङ्गल पनि कुनै कुलपरम्परामा शुभ नै मानिएको पनि हो । त्यसैले परम्पराअनुसार देश -धर्म र कुल- धर्मलाई उल्लंघन गर्नु हुँदैन ।

हाम्रो आर्य शास्त्रीय परम्परामा ३ मङ्गल हुनुलाई शुभ मानिएको छैन । तीन मङ्गल पर्न लाग्यो भने संवत्सर भिन्न (अ) वर्ष पार्ने चलन छ । यो चलन उचित नै हो । शास्त्रमा पनि भनिएको छ : **न कुर्यात् मङ्गलत्रयम्** ।

तीन मङ्गल पर्ने कार्य पनि ६ महिना भित्रमा गर्न हुँदैन । मङ्गलकार्य भन्नाले विवाह, व्रतबन्ध कुलदेवताको पूजा आदिलाई लिनुपर्छ । संवत्सर (वर्ष) फरक भएमा ३ मङ्गलको दोष लाग्दैन । छोरीको गरेर ६ महिनाभित्रमा छोराको विवाह गर्न हुन्छ तर ६ महिना भित्रमा नै

पहिले छोराका विवाह गरी छोरीको विवाह गर्नु हुँदैन । हाम्रो कुल-समाजमा पनि यही चलन छ । यस विषयमा नारदको वचन छ :

पुत्रोद्‌वाहात्परं पुत्री न विवाह ऋतत्रये ।

नारदस्मृति तीन मङ्गल भन्ने करा सपिण्डका ३ पुरुषलाई लिइन्छ । चारौं पुस्तामा र हाम्रो समाजमा ३ मङ्गल पर्न लाग्यो भने कनै शुभ कार्य गरी आभ्युदयिक श्राद्ध गरी चार विवाह व्रतबन्ध गर्ने चलन पनि देखिन्छ तर शास्त्रसम्मतबाट विचार गर्दा आभ्युदयिक श्राद्ध त वर्ष र कार्यभेद जति पटक पनि गर्नुपर्ने हुन्छ । तर मङ्गल कार्य भन्नाले विवाह व्रतबन्ध, कुलदेवताको पूजा, सप्ताह आदि यज्ञलाई दिईएको छ त्यसैले एक वर्षभित्रमा वा ६ महिना २ मङ्गल भएपछि (३ पिँढीसम्ममा सपिण्डिमा) ३ मङ्गल पुऱ्याउनु हुँदैन - शास्त्रीय मत यही देखिन्छ ।

व्यक्तिगत विवरण

नाम-नामेसी

नाम : बद्रीप्रसाद ढकाल

उपनाम : विवश अतृप्तयात्री, सोमराज शर्मा, उपमन्यु नागढुंगे

जन्म स्थान : चन्द्रागिरि -२, काठमाडौं

जन्म मिति : २०३४ माघ १७ गते

बाबु /आमा : पं.शम्भुप्रसाद ढकाल /सुशिलादेवी ढकाल

सम्पर्क नं. ९:८५११९६४८६, ९८४१६८८०८६

ईमेल : bbiibash@gmail.com

हालको बसोबास : चन्द्रागिरि-२, चिसापानी, काठमाडौं

राष्ट्रियता : नेपाली

धर्म : हिन्दू

शिक्षा : दर्शनाचार्य (त्रि.वि., कीर्तिपुर)

पेशा : लेखन, भाषा सम्पादन तथा प्राध्यापन

भाषा ज्ञान : नेपाली, हिन्दी, संस्कृत, अङ्ग्रेजी

लेखनारम्भ : वि.सं. २०५५ देखि

प्रकाशनारम्भ : २०५६ को 'गोरखापत्र' दैनिकमा प्रकाशित 'वीरहरू' शीर्षक कविता

प्रकाशित कृति सूची

(क) सिर्जना

१. अतृप्तयात्रा (खण्डकाव्य)

२. यी स्मृतिका छालहरू (उपन्यास)

३. बोर्डिङको मास्टर (हाँस्यव्यङ्ग्य सङ्ग्रह)

४. अस्विकृत कैदी (कविता सङ्ग्रह)

५. आत्महत्या ? (उपन्यास)

६. मभित्रको मेरो देश (कविताकाव्य)

(ख) समालोचना

१. सिद्धान्त र समालोचना (सहलेखन) (२०७३)

२. मिथक सिद्धान्त र प्रयोग (२०७५)

३. साहित्य र समालोचना (२०७५)

४.बुढ्यौली साहित्य (२०७७)

५. बोध, सिर्जना र सम्पादन (२०७८)

६. कुलपूजा संस्कृति र परम्परा- तपाईको हातमा

(ग) प्रकाशित फुटकर समालोचना, कविता, हास्यव्यङ्ग्य, कथा र लेख लगभग ३००

(ग) प्रकाशोन्मुख कृति तथा पाठ्यपुस्तक

पाश्चात्य दर्शन (दर्शन)

आमसञ्चार र पत्रकारिता (सहलेखन-सिद्धान्त)

अनुसन्धान विधि (सहलेखन- अनुसन्धान सिद्धान्त)

जीवन उपयोगी सूक्तहरू(सूक्त)

वी.पी.का उपन्यासमा अनेक दृष्टिकोण(समालोचना)

खुलेको मन (गीत गजल सङ्ग्रह)

नगरबधुसँगको यात्रा (कथासङ्ग्रह)

अस्मिता (उपन्यास)

समय संयोग र यथार्थ (हाँस्यव्यङ्ग्य सङ्ग्रह)

एकहजार एक सय कविता (कवितासङ्ग्रह)

एकहजार मुक्तक (मुक्तकसङ्ग्रह)

एकसय एक गीत (गीतिसङ्ग्रह)

(ग) पाठ्यपुस्तक

१. नेपाली कविता र काव्य (सहलेखन २०७५) ।

२. व्यावहारिक लेखन र सम्पादन (२०७५)

(घ) सम्पादन

१.सम्पादकः शोणितपुर पाक्षिक, (२०६५-२०६७)

२. द वर्ल्ड पोष्ट (२०६८)

३. स्तम्भकार : विश्वदीप साप्ताहिक (२०६०-२०६६)

४. सम्पादक : आकुञ्चन तेस्रो अंक, घण्टाघर साहित्य संगम (२०६६)

५. कार्यकारी सम्पादकः प्राज्ञिक विमर्श (२०७५) देखि निरन्तर

(ङ) प्राध्यापन/अनुभव

- चण्डीभैरव मा.वि, चन्द्रागिरि-२, काठमाडौं
- थानकोट मा.वि, थानकोट
- शुभयुग विद्याश्रम, सीतापाइला
- ऋचा शिक्षा सदन, दहचोक
- इकेदा इन्टरनेशनल स्कुल, रविभवन
- नेस्फिल्ड इन्टरनेशनल कलेज, लगनखेल
- दिव्यभूमि मल्टिपल कलेज, सानेपा
- भाषा सम्पादन : ओरिएन्टल पब्लिकेशन, बागबजार
  भुँडीपुराण पब्लिकेशन, बागबजार

विभिन्न विद्यालय र कलेजमा २० वर्ष लगायत अन्य स्कुल कलेजमा अतिथि प्राध्यापन, भाषा संस्कृति अभियन्ता आदि ।

संस्थागत योगदान

अध्यक्ष : युवा अभियान कृषि फर्म, चनपा -२, काठमाडौं

संस्थापक : काठमाडौं कपि उद्योग, बाफल

संस्थापक सचिव/प्रबन्धक : चण्डीभैरव कृषि सहकारी संस्था लि. काठमाडौं

ओरिएन्टल बुक्स, बागबजार

आजीवन सदस्य : नेपाल रेडक्रस सोसाइटी

सल्लाहकार : क्रियटिभ ग्रुप्स ।

सचिव : घण्टाघर साहित्य संगम, (२०६६) घण्टाघर ।

संस्थापक सचिव - ढकाल बन्धु समाज, चन्द्रागिरि-०२, बाडभञ्ज्याङ

लेखन विभिन्न पत्रपत्रिकामा, पत्रकारिता, टेलिभिजन कार्यक्रम प्रस्तोता आदि एक दर्जन संस्थाको संस्थापक सदस्य र कार्यकारी समितिको अध्यक्ष एवम् सल्लाहकार ।

ACC. 32882 / 32558
NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

ओरिएन्टल पब्लिकेसन हाउस
बागबजार, काठमाडौं, ०१-४२४२०७२

ISBN 978-9937-722-56-8

9 789937 722568

मूल्य : रु.३००/-